# नेपालमा खेलकुद विश्वविद्यालय स्थापनासम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन

बुझाइएको
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौँ

तयार गर्ने
नेपाल र एसियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

२०७८ चैत्र

# कृतज्ञता ज्ञापन

नेपालमा खेलकुद विश्वविद्यालय स्थापनासम्बन्धी सम्भाव्यता अध्ययन कार्य सम्पन्न गर्न विभिन्न व्यक्ति तथा सङ्घसंस्थाको महत्त्वपूर्ण भूमिका रहेको छ ।

सर्वप्रथम हामी यो अध्ययन पूरा गर्न आर्थिक साहयता प्रदान गर्ने युवा तथा खेलकुद मन्त्रालय, नेपाल सरकारमा विशेष आभार प्रकट गर्दछौँ । तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने राष्ट्रिय खेलकुद परिषद्, नेपाल खेलकुद विज्ञान प्रतिष्ठान, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, त्रिभुवन विश्वविद्यालय, गण्डकी विश्वविद्यालयको योगदान अतुलनीय रहेको छ । मुख्य गरी राष्ट्रिय खेलकुद परिषद्का सूचना अधिकारी दुर्गा दुलाल, खेलकुद विज्ञान प्रतिष्ठानका बाबुराम नेपाल र सुलोचना सिगख्वा, नेपाल प्रहरीका भरत शाह, सशस्त्र प्रहरीका कुमार न्यौपाने र प्राध्यापक तथा कवि बिधान आचार्यप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ ।

तथ्याङ्क सङ्कलनका क्रममा व्यक्तिगत तथा समुह अन्तर्वार्तामा सहभागी हुनुहुने प्राध्यापक, प्रशासक, खेलाडी तथा खेलकुद प्रशासक, पत्रकार तथा विद्यार्थीहरू सबैलाई हामी धन्यवाद ज्ञापन गर्दछौँ । त्यस्तै गुगल सर्वेक्षणमा सहभागी हुनुहुने सबैमा पनि हार्दिक आभार व्यक्त गर्दछौँ ।

धन्यवाद ।

नेपाल र एसियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

# प्रतिवदेन सार

नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय र युवा तथा खेलकुद मन्त्रालय, नेपाल सरकारबिच मिति २०७८ भदौ २९ गते भएको सम्झौताबमोजिम यो नेपालमा खेलकुद विश्वविद्यालयको सम्भाव्यता अध्ययन अगाडि बढाइएको थियो । यसको मुलभूत उद्देश्य नेपालमा खेलकुद विश्वविद्यालयको स्थापना सम्भव छ कि छैन भन्ने बारे अध्ययन गर्नु रहेको थियो । यसका अतिरिक्त नेपालमा खेलकुद शिक्षा, तालिम, प्रशिक्षणका बारेमा खोज गर्नु पनि यस अध्ययनको उद्देश्य रहेको थियो । यस अध्ययनमा खेलकुद विश्वविद्यालयको सम्भाव्यता अध्ययन गर्न यसको माग र आपूर्तिको अवस्था विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयत्न गरिएको छ । अध्ययनका उद्देश्य पूरा गर्न गुणात्मक अनुसन्धान पद्धति अपनाएर खोजमुलक विधिद्धारा अध्ययनको खाका तयार गरिएको थियो । प्राथमिक तथ्याङ्क सङ्कलनका लागि मुख्य सूचना अन्तर्वार्ता र सर्वेक्षण विधि अपनाइएको थियो । खेलकुद क्षेत्रसँग सम्बन्धित प्राध्यापक, खेलाडी, विज्ञ तथा प्रशासक गरी जम्मा १४ जनालाई मुख्य सूचनाकारका रूपमा छनौट गरिएको थियो । यसमा सर्वेक्षणका लागि भने अनलाइन सर्वेक्षणका माध्यमबाट अभिभावक, विद्यार्थी, खेलकुदका जानकार र सरोकारवाला गरी जम्मा २७० जनाबाट सूचना सङ्कलन गरी विश्लेषण गरिएको छ । त्यसैगरी सरकारी तथा गैरसरकारी क्षेत्रका प्रकाशित द्वितीयक तथ्याङ्क पनि प्रयोग गरिएको छ ।

यस अध्ययनले नेपालमा खेलकुद शिक्षाको विकास द्रुतगतिमा नभएपनि केही समय यता उल्लेखनीय प्रगति भएको देखिन्छ । खासगरी विद्यालय तहका साथै कक्षा ११ र १२ मा गुणस्तरीय पाठ्यक्रमसहितको खेलकुद शिक्षाले स्थान पाएको छ । स्नातक तहमा गण्डकी विश्वविद्यालयले खेलकुद व्यवस्थापन विषय पठनपाठन गराएको पाइन्छ भने स्नातकोत्तर तहमा त्रिभुवन विश्वविद्यालयले खेलकुद विज्ञान विषय लागु गरेको छ । तर यी दुवै तहमा विद्यार्थीको भर्नादर भने आशातित देखिँदैन । खेलकुद विज्ञानका अतिरिक्त विगत लामो समयदेखि स्वास्थ्य तथा शारीरिक शिक्षा विषय त्रिभुवन विश्वविद्यालयको शिक्षा शास्त्र सङ्कायअन्तर्गत स्नातक तथा स्नातकोत्तर तहमा पठन पाठन भइरहेको देखिन्छ । तर यस विषयको उद्देश्य खेलकुद विज्ञानको अध्ययन अध्यापन तथा अनुसन्धान गरी खेलकुद क्षेत्रको विकास गर्ने भन्दा पनि विद्यालय तहका लागि शिक्षक तयार गर्ने रहेको देखिएको छ ।

प्रस्तुत खेलकुद विश्वविद्यालय स्थापनासम्बन्धी सम्भाव्यता अध्ययनको क्रममा नेपालमा खेलकुद विज्ञान क्षेत्रको प्राज्ञ जनशक्ति अत्यन्तै न्यून रहेको तर प्रशिक्षक जनशक्ति भने यथेष्ट रहेको

विवरण प्राप्त भएको छ । त्यसैगरी खेलकुद क्षेत्रमा तालिम तथा प्रशिक्षण नियमित नहुने अवस्था रहेको देखिन्छ । खेलकुद पूर्वाधारको जग सन्तोषजनक रहेको भएतापनि तिनको संरक्षण र विकास भने समयानुकूल भएको पाइँदैन । नेपाल सरकारले खेलकुद क्षेत्रका लागि छुट्याएको बजेट पनि अत्यन्तै न्यून (०.१६) रहेको देखिन्छ ।

यस अध्ययनले नेपालमा खेलकुद विश्वविद्यालयको माग उल्लेखनीयरूपमा रहेको देखाएको छ । सर्वेक्षणमा संलग्न मध्ये ७२ प्रतिशत सहभागीले नेपालमा छुट्टै खेलकुद विज्ञान विश्वविद्यालय आवश्यक रहेको बताएका छन् । सर्वेक्षणमा सहभागी विद्यार्थी, खेलाडी तथा सरोकारवालाहरूले छुट्टै खेलकुद विश्वविद्यालय आवश्यक छ भनेतापनि अधिकांशले यसको सञ्चालन भने विश्वविद्यालयका लागि आवश्यक पर्ने प्राज्ञ जनशक्ति, पूर्वाधार र बजेट पूरा गरेर मात्र गर्नुपर्ने बताएका छन् ।

प्राप्त तथ्याङ्कका आधारमा यो अध्ययन नेपाल सरकारले खेलकुद क्षेत्रको समुचित विकास गर्न विद्यालय शिक्षा (आधारभूत तहदेखि कक्षा १२ सम्म)मा खेलकुद विज्ञान विषय अनिवार्यरूपमा पठनपाठन गराउनुपर्ने निष्कर्षमा पुगेको छ । खेलकुद क्षेत्रमा विद्यमान अध्ययन, अनुसन्धान र विकासको स्थितिमा रुपान्तरण गर्न खेलकुद विश्वविद्यालयको स्थापना एउटा कोशेढुङ्गा सावित हुने देखिन्छ । विश्वविद्यालयका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, जनशक्ति र वित्तीय स्रोतको व्यबस्थापनपश्चात मात्र नेपाल सरकारले खेलकुद विज्ञान विश्वविद्यालय सञ्चालन गर्नु उपयुक्त हुने निश्कर्षमा यो अध्ययन पुगेको छ । यस प्रयोजनका लागि एक विज्ञ समिति गठन गरी उक्त समितिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण गराई खेलकुद शिक्षाका पूर्वाधारको अध्ययन समेतको आधारमा पाठ्यक्रम निर्माण, विश्वविद्यालयका लागि स्थान चयन, भौतिक पूर्वाधार निर्माणलगायतका कार्य चरणबद्धरूपमा सम्पन्न गरिसकेपछि मात्रै छुट्टै खेलकुद विश्वविद्यालय सञ्चालन गर्नुपर्ने निष्कर्ष तथा सिफारिस यस अध्ययनको रहेको छ ।

# विषयसूची


| शीर्षक | पृष्ठ संख्या |
|---|---|
| कृतज्ञता ज्ञापन | क |
| प्रतिवेदनको सार | ख-ग |
| विषयसूची | घ-च |
| तालिकासूची | छ |
| चित्रसूची | ज |
| सङ्क्षेपीकृत रूप | झ |
| **अध्याय एक : परिचय** | |
| १.१. अध्ययनको पृष्ठभूमि | १ |
| १.१.१ नेपालमा खेलकुदको अवस्था | ४ |
| १.१.२ विभिन्न आवधिक योजनाहरूमा खेलकुद क्षेत्र | ६ |
| १.२. अध्ययनको उद्देश्य | १० |
| १.३. अध्ययनको विधि | १० |
| १.३.१ तथ्याङ्क | १० |
| १.४ अध्ययनको सीमा | १६ |
| १.५ तथ्याङ्क विश्लेषण | १६ |
| **अध्याय दुई : अध्ययनको प्राप्ति र विश्लेषण** | |
| २.१ अन्तर्राष्ट्रिय परिवेशमा खेलकुद शिक्षा र खेलकुद विश्वविद्यालयको अवस्था र नुमना | १७ |
| २.२. नेपालमा खेलकुद विश्वविद्यालयसम्बन्धि भएका बहस | २० |
| २.३ नेपालमा खेलकुदसम्बन्धी कानुनी तथा नीतिगत अवस्था | २१ |
| २.३.१. परिचय | २१ |
| २.३.२. संवैधानिक व्यवस्था | २२ |
| २.३.३. कानुनी एवम् नीतिगत व्यवस्था | २३ |
| २.३.४. आवधिक योजनाको व्यवस्था | २५ |

२.३.५. संस्थागत व्यवस्था २८
२.४. नेपालमा खेलकुद शिक्षाको सैद्धान्तिक र प्रयोगात्मक अवस्था २८
२.४.१. परिचय २८
२.४.२. विद्यालय तह २९
२.४.२.१. प्रारम्भिक बालविकास शिक्षा २९
२.४.२.२. आधारभूत शिक्षा २९
२.४.२.३. माध्यमिक शिक्षा ३१
२.४.३. उच्च शिक्षा ४०
२.४.३.१. चारवर्षे बि.एड. त्रि.वि ४१
२.४.३.२. **स्वास्थ्य** शिक्षामा स्नातकोत्तर (MEd) चार सत्र त्रि.वि. ४२
२.४.३.३. खेलकुद विज्ञानमा स्नातकोत्तर कार्यक्रम चार सत्र त्रि.वि ४८
२.४.३.४. गण्डकी विश्वविद्यालयमा खेलकुद व्यवस्थापनमा स्नातक कार्यक्रम ५५
२.४.४. विद्यालय शिक्षा र उच्च शिक्षामा खेलकुद शिक्षा ५५
२.४.५. खेल विश्वविद्यालयमा समावेश पाठ्यक्रमका सम्भावित विषय क्षेत्रहरू ५९
२.४.६. नेपालमा खेलकुद शिक्षा अध्ययन अध्यापनको अवस्था ५९
२.५. नेपालमा खेलकुद तालिम तथा प्रशिक्षणको अवस्था ६१
२.५.१. परिचय ६२
२.५.२. खेलकुद तालिम तथा प्रशिक्षणमा संलग्न सङ्घ/संस्थाहरू ६२
२.५.३. नेपालमा खेलकुद पूर्वाधारको अवस्था ६४
२.५.४. नेपाल खेलकुद शिक्षामा प्राज्ञ जनशक्तिको अवस्था ६८
२.५.५. खेलकुद तालिम तथा प्रशिक्षणमा संलग्न जनशक्तिको अवस्था ७१
२.५.६. नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी अन्तर्गत रहेका खेलाडीहरूको शैक्षिक अवस्था ७१
२.५.७. खेलकुद तालिम तथा प्रशिक्षणका उपलब्धिहरू ७२
२.५.८. खेलकुद तालिम तथा प्रशिक्षणबाट प्राप्त सिप परीक्षण, प्रमाणीकरण तथा समकक्षताको प्रक्रिया र अवस्था ७३
२.६. नेपालमा खेलकुद क्षेत्रको वित्तीय अवस्था ७५

२.७. खेलकुद विश्वविद्यालयको आवश्यकता र औचित्यको विश्लेषण ७७
२.७.१. खेलकुद विश्वविद्यालयको आवश्यकता र औचित्य छ ? ७७
२.७.२. खेलकुद विश्वविद्यालयको आवश्यकता छ तर तत्कालका लागि औचित्य छैन ८१
**अध्याय तीन : निष्कर्ष, सुझाव तथा सिफारिस**
३.१. निष्कर्ष
३.१.१. नेपालमा खेलकुद शिक्षण तथा प्रशिक्षणका सन्दर्भमा ८५
३.१.२. नेपालमा खेलकुद जनशक्ति, पूर्वाधार तथा आर्थिक लगानीका सन्दर्भमा ८५
३.१.३. नेपालमा खेलकुद विश्वविद्यालय स्थापनाको सन्दर्भमा ८६
३.१.४. खेलकुद विश्वविद्यालयका लागि सम्भावित क्षेत्रका सम्बन्धमा ८७
३.२. सुझाव तथा सिफारिस ८८
सन्दर्भसूची
परिशिष्ट
परिशिष्ट १ : नेपाल भरको भौतिक पूर्वाधार र जग्गाको विवरण तालिका
परिशिष्ट २ : नेपालमा खेलकुद क्षेत्रको प्राज्ञिक तथा प्रशिक्षक जनशक्ति
परिशिष्ट ३ : नेपाली सेनामा रहेको खेलकुद पूर्वाधार तथा जनशक्तिको अवस्था
परिशिष्ट ४ : सशस्त्र प्रहरीबलमा रहेको खेलकुद पूर्वाधार तथा जनशक्तिको अवस्था
परिशिष्ट ५ : नेपाल प्रहरीमा रहेको खेलकुद पूर्वाधार तथा जनशक्तिको अवस्था
परिशिष्ट ६ : नेपालमा राष्ट्रिय खेलकुद विश्वविद्यालय स्थापनार्थ युवा तथा खेलकुद मन्त्रालयमा विधान आचार्यले पेश गरेको प्रस्ताव
परिशिष्ट ७ : विधान आचार्यले लेखेको 'चाहियो खेलकुद विश्वविद्यालय' शिर्षकको मिति २०७२ को गोरखापत्रमा प्रकाशित लेख
परिशिष्ट ८ : मुख्य सुचनादाता अन्तर्वार्तामा सहभागीहरुको सूची
परिशिष्ट ९ : अन्तर्वार्ता निर्देशिका
परिशिष्ट १० : सर्वेक्षण प्रश्नावली

# तालिकासूची


पृष्ठ संख्या

तलिका नं. १.  नेपालमा खेलिने खेलहरू ८

तालिका नं. २ कक्षा ११ का सिकाइ उपलब्धिहरू ३४

तालिका नं. ३. कक्षा १२ का सिकाइ उपलब्धिहरू ३६

तालिका नं. ४. कक्षा ११ र १२ को आन्तरिक मूल्याङ्कनको ढाँचा ४०

तालिका नं. ५. नेपालमा खेलकुद पूर्वाधारको अवस्था ६५

तालिका नं. ६. नेपालमा प्रशिक्षक जनशक्तिको अवस्था ७०

तालिका नं. ७. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा आबद्ध खेलाडीहरूको शैक्षिक अवस्था ७१

तालिका नं. ८. नेपाली खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा प्राप्त गरेका उपलब्धि ७२

तालिका नं. ९. नेपाल सरकारले खेलकुद क्षेत्रमा विनियोजन गरको बजेट ७६

तालिका नं. १०. नेपालमा खेलकुद विश्वविद्यालय सञ्चालन गर्न पूर्वआवश्यकता ८१

तालिका नं. ११. नेपालमा खेलकुद विश्वविद्यालय आवश्यकता नपर्ने कारणहरू ८३

# चित्रसूची


पृष्ठ संख्या

चित्र नं. १. खेलकुदका क्षेत्रहरू २

चत्र नं. २. चित्र उत्तरदाताको प्रदेशगत वितरणको स्तम्भचित्र १२

चित्र नं. ३. समग्र उत्तरदाताहरू प्रतिशतमा वृत्तचित्र १२

चित्र नं. ४. उत्तरदाताको उमेरगत सहभागिताको स्तम्भचित्र १३

चित्र नं. ५. सरोकारका आधार वृत्तचित्रमा १४

चित्र नं. ६ अध्ययन संस्थाका आधारमा उत्तरदाता वृत्तचित्र १४

चित्र नं. ७. अध्ययन संस्थाका आधारमा उत्तरदाता स्तम्भचित्र १५

चित्र नं. ८. नेपालमा खेलकुद शिक्षा अध्ययन अध्यापनको अवस्था वृत्तचित्रमा ६२

चित्र नं. ९. खेलकुद विषय अध्ययन गर्ने चाहना ६१

चित्र नं. १०. खेलकुद तालिम तथा प्रशिक्षणमा संलग्न सङ्घ/संस्थाहरू ६३

चित्र नं. ११ खेलकुदको सुविधा वृत्तचित्रमा ६८

चित्र नं. १२. नेपालमा खेलकुद विद्यालयको आवश्यकता वृत्तचित्रमा ६९

# सङ्क्षेपीकृत रूप

| | |
|---|---|
| ते.सं. | तेस्रो संस्करण |
| पा.सं. | पाँचौँ संस्करण |
| पृ. | पृष्ठ |
| वि.सं. | विक्रम सम्वत् |
| सम्पा. | सम्पादन |
| सा.प्र. | साझा प्रकाशन |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| आ.व. | आर्थिक वर्ष |
| बि.एड | व्याचलर इन एजुकेसन |
| एम.एड. | मास्टर्स इन एजुकेसन |
| एम.ए. | मास्टर्स इन आर्टस् |
| हे. | हेर्नुहोस् |

# अध्याय एक : परिचय


## १.१ अध्ययनको पृष्ठभूमि

सन् २००० को लरियस विश्व खेलकुद सम्मान समारोहको उद्घाटनका अवसरमा विश्वप्रसिद्ध नेता तथा दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मण्डेलाको तल प्रस्तुत भनाइले खेलकुद क्षेत्रको एक बहुआयामिक चित्र स्पष्ट देखाउँदछ । उनी भन्छन् :

> खेलकुदमा संसार बदल्ने शक्ति छ । खेलमा मानिसलाई प्रोत्साहित गर्ने शक्ति छ । कुनै अरु चिजले भन्दा खेलको शक्तिले मानिसलाई एकतावद्ध गर्न सक्दछ । यसले युवाहरूसँग उनीहरूकै भाषामा संवाद गर्छ । खेलले कुनै समय निराशा मात्रै रहेको हाम्रो समाजमा नयाँ आशा जगाउँदछ । जातीय अवरोध भत्काउन खेलकुद सरकारहरूभन्दा प्रभावकारी माध्यम हो । सबै किसिमका विभेद विरुद्ध खेलकुद व्यङ्ग्य स्वरूप हाँस्दछ (Sport has power to change the world, 2021, p. 2) ।

मण्डेलाकै खेलसम्बन्धी धारणा जस्तै भारतका विश्व प्रसिद्ध अहिंसावादी नेता माहात्मा गान्धीले खेलकुदलाई सामाजिक र राजनीतिक परिवर्तनका लागि महत्त्वपूर्ण साधन ठानेका छन् (Sharma, 2016) । खेलकुद बारेका यस्ता अर्थराजनीतिक परिभाषाबाट यसको महत्त्वको दायरा अनुमान गर्न सकिन्छ ।

खेलकुद एउटा अन्तरसम्बद्ध विषय हो । शिक्षा, स्वास्थ, पर्यटन, उद्योग, चिकित्सा, अनुसन्धान र विकास, मर्मत तथा नवनिर्माण, व्यावसाय, विज्ञापन, सञ्चारजस्ता विविध क्षेत्रहरूसँग पनि खेलकुदको सम्बन्ध रहेको छ । सामाजिक तथा सांस्कृतिक क्षेत्र र राष्ट्रिय एकताको सूत्रधार पनि खेलकुदलाई मानिन्छ । नवप्रवर्तन र स्रोत परिचालनका माध्यमबाट खेलकुद क्षेत्रले उल्लेखनीयरूपमा रोजगारीको सिर्जना गर्दछ । खेलाडी, प्रशिक्षक, खेल इन्जिनियर, खेल डक्टर, खेल पत्रकार, खेल उद्घोषक, खेल सामग्री उद्योगका लगानीकर्ता र साना तथा ठुला व्यावसायीजस्ता धेरै क्षेत्रमा खेलकुदले दक्ष जनशक्ति खपत गर्दछ । एक अध्ययनअनुसार युरोपमा खेलकुद क्षेत्रले सिर्जना गर्ने रोजगारीले समग्र रोजगारीको २% भन्दा बढी हिस्सा ओगटेको छ । यसअनुसार विशुद्ध खेलकुद क्षेत्रमा मात्र रोजगारी पाएको श्रमिकको सङ्ख्या करिब ५० लाख छ (EU, 2012) । अर्को तथ्याङ्कअनुसार चीनमा मात्र करिब ४५ लाख नागरिकले घरेलु खेलकुद सम्बद्ध उद्योग तथा व्यावसायमा प्रत्यक्ष रोजगारी पाएका छन् (Rick, 2018) । यस अर्थमा खेलकुद हरेक समाज र राष्ट्रमा अन्तरनिहित र अपरिहार्य अर्थराजनीतिक क्षेत्र हो भन्ने विषय पुष्टि हुन्छ ।




**चित्र नं. १. खेलकुदका क्षेत्रहरू**

खास गरी अर्थतन्त्रको एउटा महत्त्वपूर्ण अङ्गको रूपमा यसको विकास हुन थालेपछि खेलकुद स्वास्थ र एकताको कडी हो भन्ने खेलकुद बारेको परम्परागत बुझाइ तोडिएको छ। हिकिन कानेडी (Heekin-canedy, 2020) का अनुसार खेलकुद एक विश्वव्यापी क्रियाकलाप हो जसले भाषा, राष्ट्रियता र संस्कृतिका सीमा भत्काएर सबैलाई एकताको भावमा बाँध्दछ । यसले विभिन्न संस्कृतिका बिच सामञ्जस्यता कायम राख्न भूमिका खेल्दछ । यस अध्ययनका आधारमा खेलकुद अन्तरदेशीय र अन्तरसांस्कृतिक विषय हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । माम, जाकोब्सन र आइज्याक्सन (Malm, Jakobson & Isaksson, 2019) को अध्ययनले खेलकुदको प्राथमिक प्रभाव शारीरिक विकासमा र द्वितीयक प्रभाव समाजमनोविज्ञान र व्यक्तित्व विकास पर्ने देखाएको छ । उनका अनुसार उक्त प्राथमिक र द्वितीयक प्रभावको समग्र असर सार्वजनिक स्वास्थ्यमा पर्दछ। पधी (Padhi, 2011) का अनुसार खेलकुद आमसञ्चारको प्रभावकारी माध्यम हो । त्यसकारण यसले सार्वजनिक कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्धका क्षेत्रमा महत्त्वपूर्ण अर्थ राख्दछ। यी अध्ययनहरूका आधारमा खेलकुद समाजको सबैभन्दा सानो एकाइ व्यक्तिको शारीरिक तथा मानसिक स्वास्थ्यदेखि राज्य, क्षेत्र र अन्तर्राष्ट्रिय सम्बन्धमा सामञ्जस्यता ल्याउन समेत महत्त्वपूर्ण छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

संयुक्त राष्ट्र सङ्घले खेलकुदलाई अझ व्यापकरूपमा लिएको पाइन्छ । यस सङ्घले खेलकुदलाई राज्यको आर्थिक सामाजिक रूपान्तरण र दिगो विकासको महत्त्वपूर्ण कडीको रूपमा अर्थ्याएको छ । सन् २०१५ मा जारी गरिएको दिगो विकास लक्ष्यका सबै १७ वटा लक्ष्य हासिल गर्न खेलकुदको भूमिका र योगदान हुने सङ्घको ठहर रहेको छ । सङ्घका अनुसार खेलले संयम, सम्मान र सहकार्यको भावना विकास गर्नमा मद्दत पुऱ्याउँछ । महिला, युवा तथा सीमान्तकृत समुदायलाई सशक्तीकरण गरी समाजिक समावेशीकरण र स्वास्थ्य शिक्षाको प्रवर्द्धनमा समेत खेलकुदको भूमिका हुने सङ्घको ठहर रहेको छ । सङ्घले खेलकुदको माध्यमबाट आर्थिक विकासका सूचककाङ्कमा योगदान पुग्न गई गरिबी निवारणमा समेत उल्लेख्य योगदान पुग्नसक्ने व्याख्या गरेको छ । यसअनुसार खेलकुदले रूपान्तरणमुखी रोजगारी (Transferable employment) का लागि आवश्यक सिपहरू निर्माण गर्दछ जसले गर्दा यसमा सहभागी हुने व्यक्तिलाई रोजगारी र आय आर्जनका सम्भावनाको ढोका खोलिन्छ । त्यस्तै गरिबी निवारणका लागि आवश्यक आर्थिक सहयोग सङ्कलन तथा अन्य मानवीय तथा भौतिक स्रोत साधनको परिचालनमा खेलकुदले विश्वव्यापीरूपमा योगदान गरिरहेको संयुक्त राष्ट्रसङ्घको अध्ययनले देखाएको छ (United Nations, 2021) ।

आज खेलकुद क्षेत्र विश्वको एक प्रमुख उद्योगको रूपमा उदाउँदो छ । Plunkett Research Ltd. ले सन् २०१५ मा गरेको अध्ययनअनुसार खेलकुद उद्योगको विश्वबजार १.३ टिलियन अमेरिकी डलर रहेको छ । अध्ययनहरूका अनुसार खेलकुदको विश्वबजारको आकार वार्षिक ६०० अरब अमेरिकी डलरभन्दा माथि छ  (UWI, 20) । यस अर्थ हो विश्वको कुल ग्रार्हस्थ उत्पादनमा खेलकुद उद्योगले वार्षिक १% भन्दा माथि योगदान दिइरहेको छ र यो क्रम बढ्दो छ । अध्ययनहरूले जनाएअनुसार खेलकुद उद्योगले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा दिने योगदान कुनै पनि एउटा मुलुकको कुल ग्रार्हस्थ्य उत्पादनको औसत वृद्धिदरभन्दा बढीले वृद्धि भइरहेको छ । Rick (सन् २०१८) का अनुसार सन् २०१६ मा चीनको समग्र अर्थतन्त्रको वृद्धिभन्दा खेलकुद उद्योगको वृद्धि बढी (११.१%) थियो । यी तथ्याङ्कबाट के पुष्टि हुन्छ भने गतिशील उद्योगका रूपमा खेलकुद क्षेत्रको विकास तीब्र गतिमा भइरहेको छ ।

वर्तमान समयमा अर्थराजनीतिक महत्त्वका साथसाथै खेलकुद क्षेत्र सामाजिक, सांस्कृतिक तथा सम्पन्नताको मापकका रूपमा समेत प्रमाणित हुन थालेको देखिन्छ । संयुक्त राष्ट्रसङ्घ र यस सम्बद्ध विभिन्न निकायहरूले खेलकुदलाई समाज, संस्कृति, खुशीपन, नैतिक शिक्षा र मानव विकासका लागि अपरिहार्य विषयका रूपमा लिएका पाइन्छ । युनेस्कोले सन् ८० को दशकदेखि नै

खेलकुदलाई मानव अधिकारका रूपमा व्याख्या गर्दै आएको देखिन्छ । शिक्षा तथा संस्कृतिका क्षेत्रमा कार्य गर्ने निकाय भएकोले युनेस्कोले मानिसको शारीरिक तथा मानसिक विकासका लागि खेलकुद र खेलकुद शिक्षालाई समेत आवश्यक पर्ने भएकाले राष्ट्रिय शिक्षा प्रणालीले यसलाई अनिवार्यरूपमा समेट्नु पर्ने भनी वकालत गरेको थियो [1]। संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम (युएनडिपी) ले सन् १९९० को दशकदेखि नै दिगो मानव विकासका लागि खेलकुद र शारीरिक शिक्षा महत्त्वपूर्ण साधन हुन् भनेर व्याख्या गरेको पाइन्छ (UNDP, 2017) । अध्ययनहरूले खेलकुद र व्यक्तिगत खुसीबिच महत्त्वपूर्ण अन्तरसम्बन्ध रहेको देखाएका छन् (Collinns, 2020) । खेलकुद आयोजनास्थलमार्फत् हुने भेटघाट, अन्तरक्रिया आदिले मानिसको मानसिक अवस्थामा परिवर्तन ल्याउन भूमिका खेल्ने कुरा यस्ता अध्ययनहरूले देखाएका छन् ।

### १.१.१ नेपालमा खेलकुदको अवस्था

नेपालका लागि खेलकुद पुरानो क्षेत्र हो तर यसको इतिहास भने त्यति पुरानो रहेको पाइँदैन । नेपालको इतिहासमा गोरखा राज्यमा राजा बन्ने परम्परालाई पनि खेलकुदको इतिहासमा समावेश गरेर अध्ययन गर्न सकिन्छ । गोरखाको लिगलिगकोटमा दौड प्रतियोगितामार्फत् प्रथम हुनेलाई राजा चुन्ने गरेको इतिहासबाट पनि खेलकुदको स्थान पनि इतिहासमा समेत सुरक्षित रहेको देखिन्छ । त्यस्तै नेपालमा विभिन्न जाती तथा जनजातीका मौलिक परम्पराका रूपमा समेत लामो समयदेखि खेलकुद रहेको पाइन्छ ।

नेपालमा खेलकुद क्षेत्रको विकास गर्ने उद्देश्य भने राणा शासनकालका प्रधानमन्त्री श्री ३ जुद्ध समशेरले लिएको प्रसङ्ग सरदार भीमबहादुर पाण्डेले उल्लेख गरेका छन् । उनले काठमाडौंको लैनचौरमा आयोजना गरिएको फुटबल प्रतियोगिताको कस्तो राजनीतिक महत्त्व र प्रभाव रह्यो भन्ने विषयलाई व्याख्या गरेका छन् (पाँडे, २०६५) ।

[1] The international Charter of Physical Education and Sports, UNESCO 1978 says, “Every human being has a fundamental right of access to physical education and sport, which are essential for the full development of his personality. The freedom to develop physical, intellectual and moral powers through physical education and sport must be guaranteed both within the educational system and in other aspects of social life.” (https://en.unesco.org/themes/sport-and-anti-doping/sport-charter)

वि.सं. २००७ सालमा राणा शासनको अन्त्य र प्रजातन्त्रको उदय भएपश्चात् मात्र सरकारी स्तरबाट खेलकुद क्षेत्रमा ध्यान दिन थालेको देखिन्छ । सरकारी स्तरमा हेर्ने हो भने नेपाली खेलकुदको विकासमा नेपाल प्रहरी अग्रपङ्क्तिमा रहेको देखिन्छ । वि. सं. २००८ सालमा नेपाल प्रहरीअन्तर्गत नेपाल प्रहरी फुटबल टिमको गठन भएको पाइन्छ (नेपाल प्रहरी, २०७८) । यसरी फुटबल टिमको गठन भएपश्चात् प्रहरीले आन्तरिकरूपमा खेलकुद तालिम तथा प्रतियोगिता आयोजना गर्न आरम्भ गरेको थियो (भरत शाह, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । वि. सं. २०२३ सालमा नेपाल प्रहरीमा श्री ५ महेन्द्र पुलिस क्लबको नामबाट खेलकुदसम्बन्धी तालिम र प्रतियोगिताको लागि क्लब स्थापना भयो । क्लबबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू आयोजना गर्नुका साथै सहभागिता समेत जनाउने काम भयो । खेलकुद क्षेत्रको समग्र विकास गर्ने उद्देश्यले पछि वि.सं. २०३७ सालमा नेपाल प्रहरी केन्द्रीय खेलकुद समिति नै गठन गरियो ।

नेपाल अन्तर्राष्ट्रिय खेलकुदमा वि.सं. २००८ सहभागिता भएको थियो । सन् १९५१ मा नेपाली सेनाका खेलाडीहरूले भारतको नयाँ दिल्लीमा भएको एसियाली खेलमा सहभागिता भएका थिए । संस्थागतरूपमा अन्तर्राष्ट्रिय खेलकुदमा नेपालले पाइला हालको भने सन् १९५४ मा नेपाल एमाचर एथ्लेटिक्स एसोसिएसन (Nepal Amateur Athletics Association) को स्थापना भएपश्चात् मात्र हो (नेपाली सेना, २०२०) । अन्तर्राष्ट्रिय खेलकुदमा सहभागिता जनाउने क्रममा नेपालले सन् १९६४ सालमा जापानको राजधानी टोकियोमा आयोजित १८ औँ टोकियो ओलम्पिकमा भाग लिएको थियो । समर र विन्टर दुवै ओलम्पिक प्रतियोगितामा भाग लिँदै आएको नेपालले पदक भने जित्न सकेको देखिँदैन । त्यस्तै नेपालले सन् १९५१ मा भारतमा आयोजित एसियाली खेलकुदमा नेपालले भाग लिएको थियो । दक्षिण कोरियाको राजधानी सिओलमा भएको एसियाली खेलकुदमा सर्वप्रथम पदक हासिल गरेको नेपालले त्यसयता २ रजत र २२ कास्य पदक जितेको छ । अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमध्ये दक्षिण एसियाली खेलकुद प्रतियोगितामा नेपालको महत्त्वपूर्ण उपस्थिति रहेको पाइन्छ । नेपालले खेलकुदलाई महत्त्व दिई पहिलो दक्षिण एसियाली खेलकुद प्रतियोगिता आयोजना समेत गरेको थियो । त्यसयताका प्रायः सबै आयोजनाहरूमा भाग लिएको नेपालले सन् १९९९ र २०१९ का प्रतियोगिताहरूको सफल आयोजना समेत गरिसकेको छ । दक्षिण एसियाली खेलकुद प्रतियोगितामा पदक जितेको आधारमा यस क्षेत्रका देशहरूमध्ये नेपाल चौथो स्थान ओगट्न सफल भएको देखिन्छ ।

### १.१.२ विभिन्न आवधिक योजनाहरूमा खेलकुद क्षेत्र

नेपालको पहिलो पञ्चवर्षीय योजना (२०१३-१८) मा खेलकुद तथा शारीरिक शिक्षा दुवै विषय क्षेत्रहरूलाई सम्बोधन गरिएको पाइँदैन । दोस्रो योजनामा भने खेलकुद र शारीरिक शिक्षालाई सबल र सक्षम नागरिक उत्पादन गरी राष्ट्रनिर्माण गर्ने उद्देश्यका साथ प्राथमिकतामा राखिएको देखिन्छ । यसका लागि शिक्षा मन्त्रालयमार्फत् खेलकुद र शारीरिक शिक्षाका कार्यक्रमहरू विद्यालय र कलेजहरूमा लागु गरिने उल्लेख भएको छ । यसै योजनामा राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद् स्थापना गर्नेजस्तो महत्त्वपूर्ण नीति लिइएको पाइन्छ । साथै रङ्गशाला, अडिटोरियम, पौडी पोखरी निर्माण गर्ने नीति पनि दोस्रो योजनामा परेको देखिन्छ (नेपाल सरकार, २०२२, तेस्रो योजना, पृ. ८९) । तेस्रो योजनामा भने जनशक्ति व्यवस्थापन र परिचालनलाई उच्च प्राथमिकता दिइएको छ । यस अन्तर्गत खेलकुद जनशक्तिको उत्पादन, तालिम, व्यवस्थापन र परिचालनलाई योजनाले समेटेको देखिन्छ ।

तेस्रो योजनामा भन्दा चौथो योजनामा खेलकुद र शारीरिक शिक्षालाई निकै प्राथमिकतामा राखिएको देखिन्छ । विद्यालय खेलकुदको विकासका लागि शिक्षकहरूलाई प्रशिक्षण तथा तालिम प्रदान गर्ने नीति यस योजनाले लिएको छ । योजनाले शारीरिक शिक्षाका लागि आवश्यक बजेट पनि छुट्याएको छ । पाँचौं, छैठौं र सातौं योजनामा खेलकुद तथा शारीरिक शिक्षालाई मूल शीर्षक सामाजिक सेवाअन्तर्गत राखिएको छ । योजनामा छुट्टै नीति तथा कार्यक्रम नभएतापनि राष्ट्रिय खेलकुद परिषद्को क्षमता विकास, खेलकुद पूर्वाधारको विकास र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने विषयले प्राथमिकता पाएको देखिन्छ ।

वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनरोदय भएपश्चात् बनेको आठौं योजनाले दोस्रो र तेस्रो योजनामा झैं शारीरिक शिक्षाका पाठ्यक्रम निर्माण गरी पूर्वप्राथमिक कक्षा र कक्षा ९ र १० मा लागु गर्ने नीति लिएको देखिन्छ । साथै विद्यालय, जिल्ला र क्षेत्रीय तहमा खेलकुद प्रतियोगिताहरू सञ्चालन गरी युवा परिचालन र उनीहरूको शारीरिक तथा मानसिक क्षमताको विकास गर्ने नीति पनि आठौं योजनाले लिएको पाइन्छ । विद्यालय खेलकुद र शारीरिक शिक्षाको विकास गर्ने शिक्षक र विद्यार्थीहरूलाई तालिम सञ्चालन गर्ने, तालिम निर्देशिका निर्माण गर्ने, पाठ्क्रम र पाठ्यपुस्तक निर्माण गर्ने नीति यस योजनाले लिएको देखिन्छ । यस हिसाबले नेपालमा खेलकुद शिक्षाको विकासमा दोस्रो र तेस्रो योजनापछि आठौं योजना कोसेढुङ्गा बनेको मूल्याङ्कन गर्न सकिन्छ ।

गरिबी निवारण र समावेशी विकासको मूल दीर्घकालीन लक्ष्य लिएको दशौँ योजनादेखि भने खेलकुदलाई युवासँग जोडेर नीति र कार्यनीतिहरू तर्जुमा गरेको देखिन्छ । खेलकुदको विकासले सक्षम, क्षमतावान र अनुशासित युवाको विकास गर्छ भन्ने योजनाको उद्देश्य रहेको छ । यसै योजनामा हरेक माध्यमिक विद्यालयमा एकजना शिक्षकलाई खेलकुद विषयमा तालिम प्रदान गर्ने लक्ष्य पनि लिएको थियो । दशौँ योजनाकै नीतिगत व्यवस्थाबमोजिम नेपालमा शिक्षा तथा खेलकुद मन्त्रालय स्थापना भएको देखिन्छ ।

नेपालको एघारौँ योजनादेखि नेपाल सरकारले खेलकुद विकासका लागि छुट्टै नीतिगत व्यवस्था गरेको पाइन्छ । यसअन्तर्गत खेलकुद र अतिरिक्त क्रियाकलापलाई विद्यालयतहदेखि उच्चतहसम्मै विकास गर्ने नीति रहेको देखिन्छ । यस योजनामा हरेक माध्यमिक विद्यालयमा एक खेलकुद शिक्षकको व्यवस्था गर्ने नीति लिइएको छ । साथै खेलकुद पर्यटनको प्रवर्द्धन गर्ने नीति लिएर सर्वप्रथम नै खेलकुदलाई आर्थिक विकास र आयआर्जनसँग जोडेको देखिन्छ । यसपछिका १२औँ, १३औँ र १४औँ त्रिवर्षीय योजनाहरू र हाल लागु भएको १५औँ योजनामा खेलकुद क्षेत्रलाई नेपाल सरकारले स्वतन्त्र विषय क्षेत्रका रूपमा लिएको र सोहीबमोजिम नीति तथा कार्यनीतिहरू तर्जुमा गरेको देखिन्छ । यसअन्तर्गत खेलकुद पूर्वाधार विकास तथा स्तरोन्नति, तालिम तथा प्रशिक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूको आयोजना लगायताका नीति र सोबमोजिमका कार्यक्रमहरू समेटिएका छन् ।

**तलिका नं. १ नेपालमा खेलिने विभागीय खेलहरू**

| क्र. सं | खेल विधा | नेपाली सेना | नेपाल प्रहरी | सशस्त्र प्रहरी |
|---|---|---|---|---|
| १ | एथलेटिक्स | ✓ | ✓ | ✓ |
| २ | कवड्डी | ✓ | ✓ | ✓ |
| ३ | कुङ्फु | ✓ | - | - |
| ४ | कुस्ती | ✓ | ✓ | - |
| ५ | क्युकेशियन कराँते | ✓ | ✓ | ✓ |
| ६ | क्रिकेट | ✓ | ✓ | ✓ |
| ७ | खोः खो | ✓ | - | ✓ |
| ८ | जुडो | ✓ | ✓ | ✓ |
| ९ | टेबलटेनिस | ✓ | ✓ | ✓ |
| १० | फुटबल | ✓ | ✓ | ✓ |
| ११ | बास्केटबल | ✓ | ✓ | - |
| १२ | भारत्तोलन | ✓ | ✓ | ✓ |
| १३ | सेपाकताको | ✓ | ✓ | - |
| १४ | आइटिएफ तेक्वान्दो | ✓ | - | ✓ |
| १५ | आर्चरी | ✓ | ✓ | ✓ |
| १६ | उसु | ✓ | ✓ | ✓ |
| १७ | कराँते | ✓ | ✓ | ✓ |
| १८ | तेक्वान्दो | ✓ | ✓ | ✓ |
| १९ | अल्ट्रा | ✓ | - | - |
| २० | पौडी | ✓ | ✓ | - |
| २१ | फेन्सिङ्ग | ✓ | - | - |
| २२ | बक्सिङ | ✓ | ✓ | ✓ |
| २३ | भलिबल | ✓ | ✓ | ✓ |
| २४ | मुवाथाई | ✓ | - | ✓ |

| | | | | |
|---|---|---|---|---|
| २५ | र्‍याफ्टिङ | ✓ | - | - |
| २६ | ब्याडमिन्टन | ✓ | ✓ | ✓ |
| २७ | साइक्लिङ | ✓ | ✓ | ✓ |
| २८ | सुटिङ | ✓ | ✓ | - |
| २९ | हक्की | ✓ | ✓ | - |
| ३० | ह्याण्डबल | ✓ | ✓ | ✓ |
| ३१ | जिम्न्यास्टिक | ✓ | ✓ | ✓ |
| ३२ | गल्फ | ✓ | - | - |
| ३३ | लडटेनिस | ✓ | ✓ | ✓ |
| ३४ | पाराग्लाडडिङ | ✓ | - | - |
| ३५ | शारीरिक सुगठन | ✓ | - | - |
| ३६ | फुलकन्ट्याक्ट कराँते | ✓ | ✓ | ✓ |

स्रोतः स्थलगत अध्ययन, २०७८

समग्रतामा नेपालमा खेलकुदको विकासका लागि सन् १९५० कै दशकदेखि राज्यले नीति तथा कार्यक्रमहरू तर्जुमा गरेको पाइन्छ । दोस्रो योजनादेखि खेलकुद र शारीरिक शिक्षा सरकारको प्राथमिकतामा परेको छ । त्यसै समयदेखि शिक्षक तालिम र खेलाडी प्रशिक्षणलाई पनि आवश्यक नीति तर्जुमा गरी विकास गर्ने नीति लिएको देखिन्छ । खेलकुद पूर्वाधार खेलमैदान, कभर्ड हल, रङ्गशाला आदि पनि सरकारको प्राथमिकतामा परेका छन् । आठौँ योजनामा खेलकुदसम्बन्धी पाठ्यसामग्रीको विकास गर्ने र दशौँ योजनामा हरेक माध्यमिक विद्यालयमा एकजना खेलकुद विषयको शिक्षक राख्ने नीति पनि यस क्षेत्रको विकासका लागि सरकारले लिएका उल्लेखनीय कदम हुन् । यसका बाबजुद जारी पन्ध्रौँ योजनासम्म आइपुग्दा पनि नेपाल सरकारले खेलकुदको विकासका लागि खेलकुद शिक्षा (Sports Education) आवश्यक पर्छ भन्ने महसुस गर्न सकेको देखिंदैन । कुनै पनि योजनामा खेलकुद शिक्षासम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा नगरेकोबाट यो निष्कर्ष निकाल्न सकिन्छ ।

## १.२ अध्ययनको उद्देश्य

युवा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार र नेपाल र एसियाली अनुसन्धान केन्द्रबिच मिति २०७८ भाद्र २९ गते भएको सम्झौताबमोजिम नेपालमा खेलकुद विश्वविद्यालय स्थापनासम्बन्धी सम्भाव्यता अध्ययन गर्नु यस प्रतिवेदनको मुख्य उद्देश्य रहेको छ । यस अध्ययन प्रतिवेदनका सहायक उद्देश्यहरू निम्नबमोजिम रहेका छन् :

(क) नेपालमा खेलकुद विषयक अध्ययन, अध्यापन तथा प्रशिक्षणको अवस्था पत्ता लगाउनु,

(ख) खेल पूर्वाधार, जनशक्ति र वित्तको वर्तमान र सम्भावित अवस्था खेल क्षेत्रमा उच्चशिक्षाको विकासका लागि पर्याप्त छ/छैन विश्लेषण गर्नु,

(ग) खेलकुद क्षेत्रमा उच्चशिक्षाको प्रवर्द्धन गर्न विश्वविद्यालय स्थापना या अन्य कस्तो शैक्षिक ढाँचा उपयुक्त हुन्छ भन्ने बारे अध्ययन गरी प्रतिवेदन तयार गर्नु ।

## १.३ अध्ययनको विधि

यस अध्ययनमा गुणात्मक प्रकृतिको ढाँचालाई प्रथमिकता राखिएको छ र सोही आधारमा प्रतिवेदन तयार पारिएको छ । यो अध्ययनमा विषयको विस्तृतीकरण गर्नका निमित्त वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिलाई पनि अपनाइएको छ । यस अध्ययनमा खेलाडी, खेलकुद क्षेत्रमा, प्राध्यापनरत व्यक्ति, खेलकुद पत्रकार, सरोकारवालाहरूलाई अनुसन्धानको जनसङ्ख्याको रूपमा लिइएको छ । सोही जनसङ्ख्याका आधारमा उद्देश्यमूलक नमूना छनौट पद्धतिबाट विस्तृत अन्तर्वार्ताका लागि एकाइहरू छनौट गरिएको छ ।

### १.३.१ तथ्याङ्क सङ्कलन

#### (क) मुख्य सुचनादाता अन्तर्वार्ता

यस अध्ययनमा काठमाडौँ, ललितपुर, भक्तपुर लगायत नेपालका विभिन्न ठाउँमा रहेका खेलकुद शिक्षामा आबद्ध प्राध्यापकहरू, खेलाडीहरू, खेलकुद पत्रकार र अन्य सरोकारवालाहरू समेत गरी जम्मा १४ जनालाई मुख्य उत्तरदाता (Key informatnts) का रूपमा छनौट गरी विस्तृत अन्तर्वार्ताका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । मुख्य उत्तरदाताको विवरण परिशिष्टमा राखिएको छ ।

**(ख) अवलोकन**

यस अध्ययनको उद्देश्य पूरा गर्न त्रिभुवन विश्वविद्यालयले सञ्चालन गरिरहेको खेलकुद विज्ञान, स्नातकोत्तर कार्यक्रम, गण्डकी विश्वविद्यालयले सञ्चालन गरिरहेको खेलकुद व्यवस्थापन, स्नातक कार्यक्रम, राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत रहेको खेलकुद विज्ञान प्रतिष्ठान, सातदोबाटोलगायतका कार्यक्रमहरूको भौतिक तथा शैक्षिक स्थितिको समेत अवलोकन गरिएको छ । तथ्याङ्क सङ्कलन प्रयोजनकै लागि सम्बन्धित क्षेत्रका विषय विज्ञहरूलाई आमन्त्रण गरेर एक कार्यशाला समेत आयोजना गरिएको छ ।


**(ग) सर्वेक्षण**

नेपालमा खेलकुद शिक्षाको स्थिति र खेलकुद विश्वविद्यालयको स्थापना के कति सम्भव छ भन्ने अध्ययन गर्न सर्वेक्षण विधि समेत अपनाइएको छ । यो सर्वेक्षण गुगल डक्समार्फत् देशका विभिन्न जिल्लामा इमेल, फेसबुक मेसेन्जर तथा भाइबरबाट पठाइएको थियो । यसका लागि सुदुरपश्चिम, गण्डकी, वाग्मती र प्रदेश नं १ मा मुख्य उत्तरदाताहरू छनौट गरी उनीहरूमार्फत् सर्वेक्षण फर्म सम्बन्धित र अन्य प्रदेशहरूमा पठाइएको थियो । यसरी गरिएको सर्वेक्षणमा जम्मा २६३ जनाले सहभागिता जनाएका थिए ।

**उत्तरदाताको प्रदेशगत, लैंगिक, उमेरगत र क्षेत्रगत वर्गीकरण**


सर्वेक्षणमा सहभागी कुल २६३ जना मध्ये सबैभन्दा बढी बाग्मती प्रदेशका उत्तरदाताहरू संलग्न थिए । सबैभन्दा कम कर्णाली प्रदेशको प्रतिनिधित्व भएको छ । जनसङ्ख्या, पूर्वाधार, खेलकुद आयोजना हुने स्थानहरू, र शिक्षा, स्वास्थ्यलगायतका अन्य सुविधाहरूको उपलब्धताका आधारमा उत्तरदाताको प्रतिनिधित्व पुष्टि हुने देखिन्छ ।

**चित्र नं. २ उत्तरदाताको प्रदेशगत वितरणको स्तम्भचित्र (N=२६३)**





समग्र उत्तरदाताहरूमध्ये ५६ % पुरुष, ४४ % महिलाको सहभागिता रहेको थियो ।

**चित्र नं. ३ समग्र उत्तरदाताहरू वृत्तचित्र (प्रतिशतमा)(N=२६३)**




उमेरको हिसावले २५ देखि ३५ वर्ष समुहका उत्तरदाता सबैभन्दा बढी थिए भने ५५ वर्षमाथिको उमेर समुहको न्यून सहभागिता रहेको थियो ।

**चित्र नं. ४ उत्तरदाताको उमेरगत सहभागिता स्तम्भचित्रमा (N=२६३)**





स्रोत : सर्वेक्षण २०७८

सर्वेक्षणका क्रममा उमेरगत सहभागीहरूमध्ये शहरी भेगमा बस्ने उत्तरदाता ८७ % थिए भने बाँकी १३% उत्तरदाता गाउँमा बसोबास गर्ने थिए । उक्त सहभागीहरूसँग प्रश्न गरी प्राप्त उत्तरलाई आधार मानी विश्लेषणसहित प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**उत्तरदाताको संलग्नता**


सर्वेक्षणमा सहभागी उत्तरदाताहरूमध्ये ४५% उत्तरदाता विद्यार्थी, ४३% खेलकुद क्षेत्रसँग सरोकार राख्ने र बाँकी १२% ले आफूलाई अभिभावकको रूपमा चिनाएका छन् । खेलकुद क्षेत्रका सरोकारवालाले आफूलाई विद्यार्थी नभनेकाले यस सर्वेक्षणमा करिब ५५% सहभागी रहेका छन् भन्न सकिन्छ ।

**चित्र नं. ५. सरोकारका आधार वृत्तचित्रमा (N=२६३)**





समग्र उत्तरदाताहरू मध्ये ६६% ले सरकारी विद्यालय या क्याम्पसमा अध्ययन गरेका थिए भने निजी विद्यालय या क्यामपसमा अध्ययन गर्ने उत्तरदाताको सङ्ख्या २८% रहेको थियो । बाँकी ६% ले सामुदायिक संस्थाबाट शिक्षा हासिल गरेका थिए ।

**चित्र नं. ६ अध्ययन संस्थाका आधारमा उत्तरदाता (N=२६३)**




सर्वेक्षणमा सहभागी उत्तरदाताहरूमध्ये ८०% भन्दा बढीले एसएलसीभन्दा माथिको अध्ययन पूरा गरेका थिए । ती मध्ये ३९% १२ कक्षासम्म, २९% स्नातक तहसम्म र १७.५% एमए तहसम्मको अध्ययन पूरा गरेका थिए ।

चित्र नं. ७ अध्ययन संस्थाका आधारमा उत्तरदाता स्तम्भचित्र (N=२६३)




विद्यालयतहको अध्ययन पूरा गरेका उत्तरदाताहरूमध्ये ३३% सामाजिक विज्ञान (Social sciences), २२.६% व्यवस्थापन, १५% शिक्षाशास्त्र, १२.८% विज्ञान तथा प्रबिधि, इन्जिनियरिङ् विषय अध्ययन गरेका थिए ।

## तथ्याङ्क र तिनका प्रकार

प्रस्तुत अध्ययनमा अनुसन्धनात्मक उद्देश्य पूरा गर्न प्राथमिक तथा द्वितीयक दुवै प्रकारका तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क स्थलगत सर्वेक्षण, मुख्य सूचनादातासँग विस्तृत अन्तर्वार्ता र उद्देश्यसँग सम्बन्धित प्रत्यक्ष क्रियाकलापको अवलोकनमार्फत् सङ्कलन गरिएको छ । खेलकुद क्षेत्रमा आबद्ध प्राध्यापकहरू, खेलाडीहरू, खेल पत्रकारहरू र विभिन्न सरोकारवालाहरूसँग विस्तृत अन्तर्वार्ता गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ ।

द्वितीयक तथ्याङ्क युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, त्रिभुवन विश्वविद्यालय, शिक्षा विभाग लगायतका संस्थाहरूका प्रकाशन, रेकर्ड, प्रकाशन, प्रतिवेदन र विभिन्न पत्रपत्रिका, लेख आदिबाट सङ्कलन गरिएको छ । साथै नेपालको संविधान, खेलकुद ऐन, पञ्चवर्षिय योजना आदि स्रोतबाट पनि द्वितीयक तथ्याङ्क सङ्कलन गरिएको छ ।

## १.४ अध्ययनको सीमा

यस अध्ययनका निम्नबमोजिम सीमा रहेका छन् :

- अध्ययनले सिनास, त्रि.वि. र युवा तथा खेलकुद मन्त्रालयबिच मिति २०७८/५/२९ मा भएको सम्झौतामा उल्लेखित उद्देश्यहरुसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी विश्लेषणसहित निष्कर्ष निकालिएको छ ।
- यो अध्ययनबाट मुख्य सुचनादाता छनोट, निर्णयात्मक तथा स्नोबल नमुना छनोट विधिद्धारा गरिएको छ ।
- सर्वेक्षणमा सहभागि उत्तरदाताहरुको छनोट स्नोबल नमुना छनोट विधिद्वारा गरिएको छ ।
- यस प्रक्रियामा नेपाल प्रहरी, स्थानीय क्लब र विश्वविद्यालयका एक-एक विद्यार्थीहरुलाई अभिभावक नमुनाको रुपमा सोद्देश्यमूलक विधिबाट छनोट गरिएको छ ।
- यस अध्ययनको निष्कर्ष र सुझाव गुणात्मक विश्लेषण पद्धतिको आधारमा गरिएको छ ।

## १.५ तथ्याङ्क विश्लेषण

प्रस्तुत प्रतिवेदनमा विभिन्न विधिद्वारा सङ्कलित तथ्याङ्कहरुलाई केलाई वर्गीकरण गरिएको छ । त्यसरी वर्गीकृत तथ्याङ्कलाई तालिका, चित्र, चार्ट आदिका माध्यमबाट प्रस्तुत गरिएको छ । यस अध्ययनमा मुलतः सङ्ख्यात्मक तथ्याङ्कहरूको विश्लेषण खोजमूलक तथ्याङ्क विश्लेषण पद्धति अपनाएर गरिएको छ ।

# अध्याय दुई : अध्ययनको प्राप्ति र विश्लेषण

## २.१ अन्तर्राष्ट्रिय परिवेशमा खेलकुद शिक्षा र खेलकुद विश्वविद्यालयको अवस्था र नुमना

खेलकुद शिक्षाको औपचारिक इतिहास युरोपबाट सुरु भएको भन्ने केही अध्ययनहरूले देखाएका छन् । यस्ता अध्ययनहरूमा प्राचीन ग्रिसको जिम्न्यास्टिक केन्द्रलाई खेलकुदको सुरुवाती क्षेत्रको रूपमा व्याख्या गरिएको छ । यस्तै अध्ययनका अनुसार युरोपमा खेलकुद शिक्षाको विकास भएको समय भनेको १६ औँ शताब्दी पछिको पुनर्जागरण कालमा हो । यस समयदेखि नै युरोपका इटाली, जर्मनी, स्वीडेन, डेनमार्क, स्पेनजस्ता देशहरूमा विद्यालय तहमा खेलकुद पाठ्यक्रम समावेश गरिएको थियो (Demirhan & Blues, 2012) । सुरुवाती समयमा यी देशहरूले खेलकुदलाई युवाहरूको आकर्षणको क्षेत्र बनाउने र उनीहरूलाई सैन्य प्रयोजनका लागि प्रयोग गर्ने उद्देश्य लिएको पाइन्छ । अमेरिका तथा चीनजस्ता आजका विकसित देशहरूमा युरोपकै खेल परम्पराको विस्तार भएको ऐतिहासिक अध्ययनहरूमा उल्लेख भएको छ ।

अमेरिका, बेलायतजस्ता विकसित देशहरूमा खेलकुद शिक्षालाई विद्यालय तहदेखि उच्चमाध्यमिक तह (High school level) सम्म बढी नै प्राथमिकता दिएको पाइन्छ (Thurmond, 1976) । अमेरिकामा उच्चमाध्यमिक शिक्षा पढिरहेका विद्यार्थीहरूमध्ये आधाभन्दा बढीले खेलकुद समूहहरूमा सहभागिता जनाइरहेका हुन्छन् । विभिन्न अध्ययनका अनुसार अमेरिकी युवाहरू मध्ये खेलकुद, सङ्गीत, कला, सरकारी कामकारवाही, पत्रपत्रिका वा पुस्तक अध्ययनमध्ये सबैभन्दा बढीले खेलकुदमा भाग लिने गर्छन् । सङ्गीतको रोजाइ दोस्रो प्राथमिकतामा पर्दछ भने पत्रपत्रिका या पुस्तक पढ्ने रुचि उनीहरूको अन्तिम रोजाइ हो । बेलायतको पनि स्थिति उस्तै रहेको पाइन्छ । यी दुवै देशहरूमा उच्च तहमा पुगेपछि भने खेलकुद शिक्षा विशेषज्ञ शिक्षाजस्तो भएर विकास भएको देखिन्छ । यस्तो शिक्षामा आममानिसहरूको नभएर विशेष खेलाडी, प्रशिक्षक या खेल उद्योग व्यावसायमा आबद्ध हुन चाहनेहरूको रुचि रहेको अध्ययनहरूले देखाएका छन् ।

युरोपमा झैं चीनले पनि खेलकुदलाई सैनिक शक्तिको विकास गर्ने विषयका रूपमा लिएको अध्ययनहरूले देखाएका छन् । बिसौँ शताब्दीको सुरुवाती वर्षहरूमा चीनमा जापानको शिक्षा नीतिको प्रभाव पर्यो । त्यसपछि नै चीनमा आधुनिक शिक्षाको बिजारोपण भयो । शिक्षालाई आधुनिकीकरण गर्ने एउटा मूल विषयको रूपमा शारीरिक शिक्षालाई लिइएको थियो जसमा खेलकुदका विषयहरू समावेश थिए । त्यसपछिको समयमा खेलकुद शिक्षा युवायुवतीहरूको शारीरिक सुगठन, स्वास्थ्य, नैतिक शिक्षा र अनुशासनका लागि आवश्यक हुने ठानी विद्यालय तहदेखि क्रमशः विकास गर्दै लगेको पाइन्छ । सन् १९९९ देखि चीनले Education First नीतिअन्तर्गत खेलकुद

शिक्षालाई विद्यालय तथा विश्वविद्यालय तहमा प्राथमिकता दिएको छ । कलेज तहमा भने सन् १९१२ मा Tsinghua University मा खेलकुद विभाग स्थापना गरी पठनपाठन सुरु भएको इतिहास छ (Lucetta Tsai & Jhou, 2016)। यो क्रम बढ्दै जाँदा आज आएर चीनमा ७ वटा स्वतन्त्र खेलकुद विश्वविद्यालय स्थापना भइसकेका छन् ।

नेपालको अर्को छिमेकी राष्ट्र भारतमा पनि खेलकुदको परम्परा प्राचीनकालदेखि नै रहेको विज्ञहरूले तर्क गरेका छन् । पासा, कुस्ती, आर्चरीजस्ता खेलहरू रामायण महाभारतकालदेखि नै प्रचलनमा रहेको देखिन्छ । भारतमा आधुनिक खेलहरूको प्रवेश र विकास भने ब्रिटिस उपनिवेशकालमा भएको हो भन्नेमा अध्ययनहरू एकमत रहेको पाइन्छ । खासगरी हकी, पोलो, स्नुकर र क्रिकेटजस्ता खेलहरू ब्रिटिस उपनिवेशकालको प्रभावमा भारतले ग्रहण गरेका खेलहरू मानिन्छन् । यही समयमा नै भारतले ओलम्पिक प्रतियोगितामा हकी खेलमा पदक समेत जितेको थियो । उपनिवेशबाट भारत स्वतन्त्र भएपछि उसले एसियाली तथा दक्षिण एसियाली खेलकुद प्रतियोगिताहरूमा विशेष उपस्थिति जनाइरहेको पाइन्छ । भारतले सन् १९९० को दशकदेखि विशेष प्राथमिकताका साथ खेलकुदलाई विद्यालय तह र उच्चमाध्यमिक तहमा समावेश गर्दै आएको छ । सन् २०१८ मा प्रधानमन्त्री नरेन्द्र मोदीले 'खेलो इन्डिया' नारा स्थापित गराएका छन् जुन खेलकुद क्षेत्रको विकासका लागि भारतको राष्ट्रिय कार्यक्रम हो । पञ्जाब विश्वविद्यालयअन्तर्गत रहेको पटियाला खेलकुद तालिम तथा प्रशिक्षण केन्द्र नेपाललगायत दक्षिण एसियाकै देशहरूमा लोकप्रिय रहेको छ । यहाँ लामो समयदेखि खेलकुद विज्ञानसम्बन्धी प्रमाणपत्र तह, प्रशिक्षक तालिम, खेलकुद विज्ञानमा डिप्लोमा कक्षाहरू सञ्चालन हुनेगर्दछन् । दक्षिण एसियाली देशहरूमध्ये भारतमा मात्र खेलकुद विश्वविद्यालय रहेको देखिन्छ । यहाँ ५वटा खेलकुद विश्वविद्यालयहरू रहेका छन् । भारतमा मात्र उच्च शिक्षासँग सम्बन्धित ३३ सङ्घसंस्थाहरू (जसमा विश्वविद्यालयहरू समेत समावेश छन् ) ले खेलकुद विषय पठनपाठन तथा खेलकुद तालिम प्रदान गर्दै आएका छन् (Sahu and Panghal, 2020)।

श्रीलंकामा सन् १९७३ मा स्थापना भएको खेलकुद विज्ञान राष्ट्रिय प्रतिष्ठान (National Institute of Sposrts Science) ले खेलकुद शिक्षाको केन्द्रीय संस्थाको रूपमा काम गर्दै आएको छ । यस प्रतिष्ठानले खेलकुद क्षेत्रमा काम गरिरहेका विभिन्न निकाय जस्तै खेलकुद मन्त्रालय, खेलकुद सङ्घहरू, खेलकुद परिषद्, विभागहरू, सेना तथा प्रहरीका विभागका कर्मचारीहरूलाई खेलकुद शिक्षा प्रदान गर्ने गर्दछ । यहाँ खेलकुद विज्ञानमा डिप्लोमा, ६ महिने खेलकुद प्रशिक्षक प्रशिक्षण डिप्लोमा तालिम, खेलकुद व्यवस्थापनमा प्रविणता प्रमाणपत्र तह तथा छोटो समयका खेलकुद

तालिम तथा प्रशिक्षणजस्ता प्राज्ञिक कार्यक्रमहरू सञ्चालन गरिन्छन् (National Institute of Sports Science, Srilanka, 2022) । पाकिस्तान र बंगलादेशलगायतका देशहरू पनि खेलकुद परिषद् र खेलकुद प्रतिष्ठानमार्फत् खेलकुद शिक्षा, तालिम तथा प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन हुने गरेको पाइन्छ । यसरी हेर्दा अन्तर्राष्ट्रिय अभ्यासमा खेलकुद विषयलाई उच्च शिक्षामा तीन किसिमले समावेश गरेको देखिन्छ ।

पहिलो, सम्बन्धित देशका खेलकुद परिषद्ले या खेलकुद प्रतिष्ठानले खेल विज्ञानसम्बन्धी प्रविणता तह र आवधिक डिप्लोमा तहका तालिम तथा प्रशिक्षण कक्षाहरू सञ्चालन गर्ने । यस्ता प्रतिष्ठानहरूले खेलकुद क्षेत्रसँग सम्बन्धित कर्मचारी, व्यावस्थापक, तथा खेलाडीहरूलाई खेलकुद शिक्षा प्रदान गर्ने ।

दोस्रो, भएकै विश्वविद्यालयहरूमा छुट्टै विभाग स्थापना गरी आवश्यक पाठ्यक्रम निर्धारण गर्ने र खेलकुद विषय पठनपाठन गराउने ।

तेस्रो, विशिष्टिकृत ढाँचाको छुट्टै खेलकुद विश्वविद्यालयको स्थापना गरी खेलकुद विषय पठनपाठन, अध्ययन अनुसन्धान आदि गराउने ।

खेलकुद विज्ञ तथा विभिन्न स्रोतका अनुसार आजका दिनसम्म संसारमै लोकप्रिय मोडल भनेको पहिलो मोडल हो । अमेरिका बेलायतजस्ता विकसित मुलुकदेखि बंगलादेश, श्रीलंकाजस्ता विकासोन्मुख मुलुकहरूमा समेत खेलकुद प्रतिष्ठानमार्फत् खेलकुद विज्ञानसम्बन्धी आधारभूत उच्च शिक्षा, डिप्लोमा, प्रशिक्षक तालिम तथा प्रशिक्षण कक्षाहरू सञ्चालन गरेको पाइन्छ (सिद्धार्थ विक्रम पाण्डे, व्यक्तिगत अन्तर्वाता, २०७८) । समयक्रमा खेलकुद शिक्षाको आवश्यकता बोध गरी खेलकुद विज्ञानलाई ऐच्छिक विषयका रूपमा पठनपाठन गराउने दोस्रो मोडेल पनि लोकप्रिय हुँदै आएको पाइन्छ । यसअन्तर्गत खेलकुद शिक्षालाई एउटा छुट्टै विभाग या सङ्कायअन्तर्गत राखी भइरहेकै विश्वविद्यालयहरूमा पठनपाठन गराउने गरिएको पाइन्छ । भारत, नेपाल र युरोप अमेरिकाका धेरै विश्वविद्यालयहरूमा यो मोडल लोकप्रिय बनेको पाइन्छ । पछिल्लो समयमा खेलकुद क्षेत्रको अर्थराजनीतिक महत्त्व बढ्दै जाँदा यसमा सरकार, निजी तथा सामुदाय तीनै निकायको ध्यान जान थालेको देखिन्छ । अर्थराजनीतिक महत्त्व बढे सँगसँगै यसमा लगानी र अनुसन्धानको उल्लेखनीय वातावरण बनेको छ (विधान आचार्य, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । यस सन्दर्भमा तेस्रो मोडल या स्वतन्त्र खेलकुद विश्वविद्यालय स्थापनाको क्रम बढ्न गएको छ ।

## २.२ नेपालमा खेलकुद विश्वविद्यालयसम्बन्धि भएका बहस

अध्ययनको क्रममा नेपालमा खेलकुद विश्वविद्यालय स्थापनाका सम्बन्धमा केही समयअघिदेखि नै बहस पैरवी भइरहेको पाइएको छ । खासगरि प्राध्यापक, खेलाडीहरु र खेलकुद क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुले विभिन्न समयमा नेपालमा खेलकुद विश्वविद्यालय स्थापनाबारे बहस र पैरवी गरेको देखिन्छ । यस्ता बहस र पैरवीले नेपालमा खेलकुद विज्ञान बिषय पठनपाठन तथा अनुसन्धान गर्ने गराइने प्रयोजनका लागि एउटा छुट्टै खेलकुद विश्वविद्यालय आवश्यक छ भन्ने तर्क गरेका छन् ।

त्रिभुवन विश्वविद्यालयमा जनसंख्या विषयका प्राध्यापक तथा सातदोबाटो व्याडमिन्टन क्लबका अध्यक्ष बिधान आचार्यले २०७२ सालमा गोरखापत्र दैनिकमा एउटा लेख नै प्रकाशन गरेर खेलकुद विश्वविद्यालयको पैरवी गरेको देखिन्छ (हे. परिशिष्ट ७) । उनले उक्त लेखमा युवाहरू विद्यालय पढ्दादेखि नै खेलकुदमा रुचि राख्ने तर उनीहरुलाई आफूलाई रुचि भएको खेलकुद बिषय पढ्न नपाएको अवस्था देखाएका छन् । खेलकुद बिषयलाई एउटा छुट्टै विश्वविद्यालय स्थापनागरि विकास गर्न नेपालको हावापानी, भूगोल, समाज तथा संस्कृतिका दृष्टिकोणले समेत उपयुक्त स्थान हो भन्ने आचार्यको तर्क रहेको छ । उनै आचार्यले २०७४ सालमा नेपालमा एउटा वेग्लै खेलकुद विश्वविद्यालयको आवश्यकता र औचित्य छ भन्ने लिखित प्रस्ताव युवा तथा खेलकुद मन्त्रालयमा बुझाएको पनि पाइन्छ (हे. परिशिष्ट ६) । उक्त प्रस्तावमा नेपालमा खेलकुद विश्वविद्यालय चाहिने कारण, विश्वविद्यालयको नमूना र सञ्चालनका क्रममा आइपर्ने कठिनाइका बारेमा समेत व्याख्या गरिएको छ ।

रामकृष्ण महर्जन (व्यक्तिगत अन्तर्वार्ता, २०७८) का अनुसार केही समयअगाडि नेपाल ओलम्पिक कमिटिका पूर्व अध्यक्ष ध्रुवबहादुर प्रधानले समेत नेपालमा खेलकुद विश्वविद्यालयको आवश्यकताबारे बहस चलाएका थिए । त्यस्तै खेलकुद विज्ञानका विज्ञ डा. प्रकाश प्रधान लगायतका व्यक्तिहरुले पनि नेपालमा खेलकुद विश्वविद्यालय स्थापना गर्नु आवश्यक छ भनेर केही समयअगाडिदेखि पैरवी गरेको बुझिएको छ ।

## २.३ नेपालमा खेलकुदसम्बन्धी कानुनी तथा नीतिगत अवस्था

### २.३.१. परिचय

व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लागि खेलकुदको अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ । खेलकुदले स्वास्थ्य, मनोरञ्जनलगायतका विविध क्षेत्रमा योगदान दिएको पाइन्छ । आजको समयमा खेलकुद राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान स्थापित गर्ने प्रमुख माध्यम समेत बन्न पुगेको छ । विश्वमा अमेरिकाली तथा युरोपेली मुलुकको तुलनामा नेपालको खेलकुद कमजोर भए तापनि पछिल्लो समयमा नेपालको खेलकुद विकासले अग्रगति नै लिइरहेको पाइन्छ । संवैधानिक, कानुनी तथा संरचनागतरूपमा नेपालमा खेलकुदको विकासलाई महत्त्वका साथ हेरिएको छ । सरकारी तथा गैरसरकारी तवरबाट नेपालको खेलकुदको विकासका लागि आवश्यक पहल भएकै छ । खेलकुदको आरम्भ र विकास मानव सभ्यतासँगै सुरु भए तापनि खासमा औपचारिक सुरुवात भने इसापूर्व ४०० तिर ग्रीसदेखि भएको मानिन्छ ।

नेपालमा खेलकुदको संस्थागत विकास वि.सं. २०१५ मा खेलकुद परिषद्को स्थापनापछि भएको हो । खेलमार्फत् देशको पहिचान अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न सकिन्छ भन्ने मन्यतामा नेपालले सन् १९५१ देखि एसियाली खेलकुद, सन् १९६४ देखि ओलम्पिक खेलकुद र सन् १९८४ देखि दक्षिण एसियाली खेलकुद प्रतियोगितामा सहभागिता जनाएको छ । मुलुकभित्र निरन्तररूपमा खेलकुदलाई अगाडि बढाउने अभिप्रायले वि.सं. २०३८ सालदेखि प्रत्येक दुई/दुई वर्षमा राष्ट्रिय खेलकुदको प्रतियोगिता सञ्चालन गर्ने लक्ष्य लिएको भएता पनि हालसम्म जम्मा ८ ओटा राष्ट्रिय प्रतियोगिता सम्पन्न भएका छन् । यद्यपि यस लेखमा भने नेपालको खेलकुदको विकासमा राज्यले अवलम्बन गरेको कानुनी एवम् नीतिगत अवस्थालाई मात्र पर्गेल्ने प्रयत्न गरिएको छ ।

स्वस्थ तथा अनुशासित नागरिक र समाजको सृजना गर्न खेलकुदलाई प्रमुख आधारको रूपमा लिइन्छ । राष्ट्रको प्रतिष्ठा वृद्धि गर्ने र विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवम् समुदायबिच एकता कायम गरी राष्ट्रिय विकासको अभियानमा एकजुट बनाउन खेलकुदको योगदान महत्त्वपूर्ण रहेको हुन्छ । नेपालको खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यताअनुसार विकास गर्न साङ्गठनिक ढाँचामा समयसापेक्ष सुधार गर्ने तथा सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रबिच समन्वय, सहकार्य एवम् साझेदारीको वातावरण सिर्जना गरी खेलकुदको विकास र विस्तार गर्दै यसलाई जनजीवनको अभिन्न अङ्ग बनाउने प्रयास गरिएको छ । खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान मानव संशाधनको विकास गरी अनुशासित र मर्यादित

समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा समेत स्थापित गर्न स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकार क्रियाशील छन् । खेलकुदको विकासका लागि विभिन्न खालका प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन् ।

नेपालको खेलकुदको विद्यमान कानुनी अवस्थालाई सङ्क्षिप्तमा निम्नलिखित उपशीर्षकमा चर्चा गर्न सकिन्छ :

### २.३.२ संवैधानिक व्यवस्था

नेपालको संविधानको भाग ५ को धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने कुरा उल्लेख गरिएको छ (नेपालको संविधान, २०७५ : ३१) । सङ्घीयताको कार्यान्वयनसँगै नेपालको खेलकुद विकासमा तीनै तहका सरकारहरू क्रियाशील छन् ।

नेपालको संविधानको धारा ५० मा निर्देशक सिद्धान्तहरू को उपधारा (२) मा उद्यमशीलता, अनुशासन, मर्यादा आदिका माध्यमबाट सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुने कुरा उल्लेख छ ।

नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरूअन्तर्गत (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिलाई समावेश गरिएको छ । यस नीतिमा खेलकुदसम्बन्धी भएका व्यवस्थाहरू निम्न छन् :

(क) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्नै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लगि उपयुक्त अवसर प्रदान गर्ने (बुँदा नं. ७) ।

(ख) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने (बुँदा नं. १३) ।

नेपालको संविधानको अनुसूची ९ अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा खेलकुदलाई समावेश गरिएको छ (बुँदा नं. २) ।

उपर्युक्त संवैधानिक व्यवस्थाले नेपालको खेलकुद विकासमा सङ्घ, प्रदेश र स्थानीयत तह गरी तीनै तहको अधिकार र जिम्मेवारी रहेको कुरा स्पष्ट गरेको छ ।

### २.३.३. कानुनी एवम् नीतिगत व्यवस्था

नेपालमा प्रचलित कानुनहरूमध्ये खेलकुदसँग सम्बन्धित केही प्रतिनिधि कानुनहरू र तिनको मुख्य व्यवस्थालाई मात्र चर्चा गरिन्छ :

(क) राष्ट्रिय खेलकुद विकास ऐन, २०७७

मुलुकको समग्र खेलकुदलाई विकास गर्ने उद्देश्यले २०७७ साल असार ११ राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ जारी भएको हो । यसको प्रस्तावनामा खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, राष्ट्रको एकता प्रवर्द्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्ने तथा खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको छ ।

खेलकुदको विकास, विस्तार, प्रवर्द्धन तथा अध्ययन, अनुसन्धान गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि नेपाल सरकाकार युवा तथा खेलकुद मन्त्री र राज्यमन्त्रीको अध्यक्षतामा समावेशी सिद्धान्तबमोजिम ३१ सदस्यीय राष्ट्रिय खेलकुद परिषद् रहने व्यवस्था ऐनको दफा ३ मा उल्लेख छ । प्रधानमन्त्री परिषद्को संरक्षक हुने र परिषद्को काम कारबाहीलाई सहयोग गर्न नेपाल सरकारबाट नियुक्त एकजना सदस्यसचिव र सदस्यसचिवको संयोजकत्वमा ७ सदस्यीय एक कार्यकारी समिति रहने कानुनी व्यवस्था छ ।

साथै ऐनमा परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुने कुरा उल्लेख छ ।

(ख) राष्ट्रिय युवा परिषद् ऐन, २०७२

युवाहरूको हकहितको संरक्षण र सम्वर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तीकरण गरी युवासम्बन्धी विषयको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म आवश्यकताअनुसार उनीहरूलाई संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने उद्देश्यले राष्ट्रिय युवा परिषद् ऐन २०७२ साल साउन २७ गते जारी भएको पाइन्छ ।

युवाहरूको हकहितको संरक्षण र संवर्द्धन गर्ने काम समेतका लागि युवा तथा खेलकुद मन्त्रीरराज्यमन्त्रीको अध्यक्षतामा ३५ सदस्यीय एक राष्ट्रिय युवा परिषद् रहने कानुनी व्यवस्था छ (ऐन, २०७२) । यस परिषद्को कार्यकारी निकायको रूपमा काम गर्न नेपाल सरकारबाट नियुक्त व्यक्तिको अध्यक्षतामा ७ सदस्यीय एक कार्यकारी समिति गठन हुने व्यवस्था ऐनले गरेको छ ।

(ग) नेपाल स्काउट ऐन, २०५०

नेपालका बालबालिका तथा युवा वर्गलाई विश्व स्काउटको सिद्धान्त र मान्यताअनुरूपको अभियानमा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित स्वावलम्बी र चरित्रवान तुल्याई सेवा भावनाको अभिवृद्धि गर्दै देशविकास कार्यमा सहभागी गराउन नेपाल स्काउटलाई बढी सक्षम र सङ्गठित बनाउने उद्देश्यले २०५० साल मंसिर ७ गते यो ऐन जारी भएको हो ।

नेपाल स्काउटको सर्वोच्च निकायको रूपमा एउटा राष्ट्रिय परिषद् रहने कानुनी व्यवस्था छ । राष्ट्रिय परिषद्को संरक्षक प्रधानमन्त्री हुने र शिक्षा तथा खेलकुद मन्त्री र राज्यमन्त्रीको अध्यक्षता (प्रमुख स्काउट भनिने) मा जम्मा ७६ सदस्य रहने व्यवस्था छ । त्यस्तै राष्ट्रिय परिषद्का अतिरिक्त प्रदेश परिषद्, राष्ट्रिय कार्यकारी समिति र सल्लाहकार सभा पनि रहन्छन् ।

(घ) राष्ट्रिय खेलकुद नीति, २०६७

नेपालको खुलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यताअनुसार विकास तथा विस्तार गर्न खेलकुदको साङ्गठनिक ढाँचामा समय सापेक्ष सुधार गर्न सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रका खेलकुद संस्थाबिच समन्वय, सहकार्य एवम् साझेदारीको वातावरण सिर्जना गरी खेलकुदलाई जनजीवनको अभिन्न अङ्ग बनाउन, शारीरिक, मानसिक, बौद्धिक र नैतिक क्षमतायुक्त मानव संसाधनको विकास गरी खेलकुदलाई रोजगारीमूलक व्यवसायको रूपमा स्थापित गर्न, अनुशासित र मर्यादित समाज बनाउन तथा खेलकुद कार्यक्रमलाई स्थानीय तहदेखि नै सञ्चालन गरी 'सबैको लागि खेलकुद' भन्ने अभियानलाई साकार पार्न वाञ्छनीय भएकोले राष्ट्रिय नीति जारी गरिएको कुरा प्रस्तावनामा उल्लेख गरिएको छ ।

सबैका लागि खेलकुदको माध्यमबाट स्वस्थ र तन्दुरुस्त, अनुशासित जनशक्ति तयार गर्नु तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक हासिल गरेर मुलुकको प्रतिष्ठा अभिवृद्धि गरी खेलकुद

क्षेत्रमा नेपाललाई सशक्त राष्ट्रको रूपमा स्थापित गर्नु नेपाली खेलका लागि दीर्घकालीन सोच निर्माण गरी राज्यले कार्यक्रम अगाडि बढाइरहेको छ ।

(ङ) राष्ट्रिय युवा नीति, २०७२

युवामा राष्ट्र, राष्ट्रियता र जनातप्रतिको बफादारी, युवाका आधारभूत आवश्यकताहरूको परिपूर्ति, समानता एवम् समतामूलक वितरणको सिद्धान्त, संवैधानिक सर्वोच्चता, वैयक्तिक स्वतनत्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्यमान्यता, विश्वशान्ति, सहअस्तित्व, जाति, भाषा, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संवर्द्धन जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय युवा नीति, २०७२ जारी गरिएको हो ।

प्रस्तुत नीतिले १६ वर्षदेखि ४० वर्ष उमेर समूहको जनसङ्ख्यालाई युवाको परिभाषामा समेटेको छ भने युवा जनसङ्ख्या कुल जनसङ्ख्याको ४०.३% रहेको कुरा उल्लेख गरेको छ (पृष्ठ १) । यस नीतिमा जम्मा २४ ओटा नीति र १५ ओटा रणनीति तथा कार्यनीतिलाई समावेश गरिएको छ ।

(च) राष्ट्रिय युवा परिषद् नियमावली, २०७३

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले प्रस्तुत नियमावली बनाएको हो । यो नियमावली २०७३ साल साउन ४ गते जारी भएको पाइन्छ ।

(छ) नेपाल स्काउट नियामावली, २०७७

नेपाल स्काउट ऐन, २०५० को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल स्काउट राष्ट्रिय परिपद्ले यो नियमावली बनाएको हो ।

### २.३.४. आवधिक योजनाको व्यवस्था

नेपालमा वि.सं. २०१३ सालदेखि सुरु भएको योजनाबद्ध विकासका क्रममा हालसम्म ९ ओटा पञ्चवर्षीय र ५ ओटा त्रिवर्षीय योजना कार्यान्वयन भइसकेका छन् । हाल पन्ध्रौं योजना ( आ.व. २०७६/७७-२०८०/८१) कार्यान्वयनका क्रममा छ ।

पन्ध्रौँ योजनाको परिच्छेद ७ को सामाजिक क्षेत्रका खेलकुदलाई समावेश गरिएको छ (पृष्ठ २१५)। यस योजनाको खेलकुदसम्बन्धी व्यवस्थालाई देहायबमोजिम उल्लेख गर्न सकिन्छः

**प्रमुख समस्या**

- खेलकुद विकासका लागि पर्याप्त पूर्वाधार तथा खेल सामग्रीको कमी हुनु,
- विद्यमान पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु,
- नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू नियमितरूपमा आयोजना गर्न नसक्नु,
- खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित तथा गुणस्तरीय प्रशिक्षणको व्यवस्था र उनीहरूको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारका रूपमा खेलकुदलाई स्थापित गर्ने नसक्नु,
- राष्ट्रिय खेलकुद परिषद् र खेलकुद क्षेत्रका विषयगत सङ्घहरूको क्षमता विकास एवम् संस्थागत सुशासन कायम हुन नसक्नु,
- खेलकुदका पूर्वाधार विकास तथा प्रतियोगिता आयोजनामा निजी तथा अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्न नसक्नु,
- पर्वतीय, पर्यटकीय र साहसिक खेलकुद गतिविधि पर्याप्त मात्रामा सञ्चालन गर्न नसक्नु।

**चुनौती**

- सङ्घ, प्रदेश र स्थानीय तहमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलका सुविधा सम्पन्न भौतिक पूर्वाधारहरूको निर्माण गर्नु,
- समयसापेक्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको अध्ययन, अनुसन्धान, प्रशिक्षण तथा प्रतियोगिताको व्यवस्था गरी स्वच्छ खेलाडीको विकास, प्रोत्साहन तथा संवर्द्धन गर्नु,
- खेलकुदको विकासमा लगानी अभिवृद्धि गर्नु,
- गैरसरकारी र निजि क्षेत्रको लगानी आकर्षित गर्नु,
- खेलकुदलाई जीवनको अभिन्न अङ्गको रूपमा स्थापित गर्दै व्यवसाय र रोजगारीको रूपमा विकास गर्नु,
- खेलकुद सम्बद्ध निकायहरूमा व्यवस्थापकीय र संस्थागत क्षमता अभिवृद्धि गर्नु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका मूल्य मान्यता र मापदण्डका आधारमा व्यवस्थापन तथा नियमन गर्नु।

**अवसर**

- खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान गर्ने माध्यमका रूपमा लिनु,
- सङ्घ, प्रदेश र स्थानीय तहलाई खेलकुद क्षेत्रको विकासका लागि जिम्मेवार बनाइनु,
- शारीरिक व्यायम, योग तथा खेलकुद गतिविधिहरूको महत्त्वप्रति जनमानसमा रुचि र जागरुकता बढ्दै जानु,
- उच्च भूभागीय तथा साहसिक खेलकुद विकासका प्रचुर सम्भावना रहनु,
- खेलकुद गतिविधिमा निजी क्षेत्रको सहभागिता क्रमशः वृद्धि हुँदै जानु र खेलकुद पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना रहनु ।

**सोच**

- स्वच्छ, व्यावसायिक र प्रविधिमैत्री खेलकुद अभिवृद्धि ।

**लक्ष्य**

- खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार पार्दै अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रको सम्मान अभिवृद्धि गर्दै पहिचान स्थापित गर्ने ।

**उद्देश्य**

- खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्नु,
- खेलकुद क्षेत्रलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउनु,
- सबै क्षेत्रमा खेलकुदलाई मूलप्रवाहीकरण गर्नु ।

**अपेक्षित उपलब्धि**

- सङ्घमा अन्तर्राष्ट्रिय स्तरको खेलकुद परिसर बनाउने,
- सबै प्रदेशमा एकएक ओटा सुविधा सम्पन्न रङ्गशाला बनाउने
- सबै स्थानीय तहमा खेलग्राम निर्माण भई सञ्चालनमा आउने,
- सबैका लाग राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना गरी सबैलाई सहभागी हुने अवसर सिर्जना हुने,
- २५०० मिटरभन्दा बढी उचाइका ५ स्थानमा उच्च भूभागीय खेलकुद तालिम केन्द्र स्थापना हुने,

- साहसिक खेलकुद प्रतियोगिताको आयोजनामार्फत् पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने,
- खेलकुदको पूर्वाधार निर्माण, स्तरोन्नति र व्यवस्थापनका साथै प्रतियोगिता सञ्चालनमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि हुने,
- विद्यालयमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासमा वृद्धि हुने ।

### २.२.५ संस्थागत व्यवस्था

नेपालमा खेलकुदको विकासका लागि सहकार्य र समन्वयन भइरहको अवस्था रहेको छ । व्यक्तिको शारीरिक विकास तथा मानसिक विकास र सामूहिकरूपमा खेलको क्षेत्रलाई प्रोत्साहन गरी खेलकुदको विकासमा टेवा पुऱ्याउनका लागि विभिन्न सङ्घसंस्थाहरू स्थापना भइरहेका छन् । ती उल्लेखनीय संस्थाहरू निम्न रहेका छन् :

- युवा तथा खेलकुद मन्त्रालय
- राष्ट्रिय खेलकुद परिषद्
- राष्ट्रिय युवा परिषद्
- नेपाल स्काउट
- प्रदेश सामाजिक विकास मन्त्रालय
- स्थानीय तह
- खेलकुदसँग सम्बन्धित विभिन्न सङ्घसंस्थाहरू

## २.४. नेपालमा खेलकुद शिक्षाको सैद्धान्तिक र प्रयोगात्मक अवस्था

### २.४.१. परिचय

नेपालमा खेलकुद शिक्षको अवस्थाका बारेमा अध्ययन अनुसन्धान गर्न शिक्षाको संरचनामा खेलकुद विषयलाई अध्ययन अध्यापनका लागि केकसरी व्यवस्था गरिएको छ भन्ने कुराको विश्लेषण गर्नुपर्ने हुन्छ । नेपालको राष्ट्रिय शिक्षा नीतिका आधारमा नेपालको शिक्षालाई 'विद्यालय शिक्षा नीतिका आधारमा तयार गरिएको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६' मा विद्यालय शिक्षाको तहगत संरचना निर्माण गरिएको छ । यसअनुसार विद्यालय शिक्षालाई प्रारम्भिक बालविकास र शिक्षा आधारभूत तह र माध्यामिकतह गरी तीन तहमा बाँडिएको छ । यसका साथै उच्चशिक्षाभित्र विश्वविद्यालय तहलाई राखिएको छ । शिक्षाका यी तहगत संरचनाभित्र खेलकुद विषयलाई सैद्धान्तिक तथा अध्यासात्मक पक्षलाई कसरी समावेश गरिएको छ भन्ने कुराको

अध्ययनका आधारमा नेपालमा खेलकुद शिक्षाको अवस्थाको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसका लागि तहगतरूपमा खेलकुद शिक्षाको अवस्थाको अध्ययन तल गरिएको छ :

### २.४.२. विद्यालय तह

विद्यालय तहमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तह (१-८) र माध्यमिक तह (९-१२) रहेको छ । यहाँ यी तहहरूलाई निम्नरूपमा उल्लेख गरिएको छ :

#### २.४.२.१. प्रारम्भिक बालविकास शिक्षा

यो विद्यालय शिक्षाको प्रारम्भिक तह हो । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार यो तह ४ वर्ष उमेर पुगेका बालबालिकाका लागि १ वर्षको समयावधि रहेको छ । यस तहमा शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्ने उद्देश्य राखिएको छ । यहाँ खेलकुद क्रियाकलापलाई शारीरिक क्रियाकलापभित्र राखिएको छ । यस तहको पाठ्यक्रमको प्रारूपमा आधारभूत सिप सिकाइक्षेत्रका लागि वार्षिक ३८४ पाठघण्टा छुट्याइएको छ । यहीभित्र शारीरिक सिप हासिल गर्न विभिन्न क्रियाकलाप गराइने व्यवस्था गरिएको छ । यसमा खेलकुदसँग सम्बन्धित हिँड्ने, सिँढी चढ्ने, सिँढी ओर्लने, उफ्रिने, दौडिने, बल फ्याँक्ने, तालअनुसार हिँड्ने, झुन्डिने सामूहिक खेलमा सहभागी हुने, खेलको नियम पालना गर्ने जस्ता विषयवस्तु वा क्रियाकलाप गराइने विषय समावेश गरिएको छ । यस तहमा विद्यार्थीको मूल्याङ्कन निर्णयात्मक पद्धतिमा कम र निर्माणात्मकबाट बढी मात्रामा गर्नुपर्ने कुरामा जोड दिइएको छ ।

#### २.४.२.२. आधारभूत शिक्षा

'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६'अनुसार यस तहमा कक्षा १ देखि कक्षा ८ सम्मका कक्षा रहन्छन् । यस तहमा शारीरिक तन्दुरुस्ती र स्वास्थकर जीवनशैलीको सक्षमता हासिल गर्ने उद्देश्य रहेको छ । यही उद्देश्य प्राप्तिका लागि यसमा खेलकुद विषयलाई समावेश गरिएको छ । यस तहलाई पाठ्यक्रमको एकीकृत स्वरूपअनुसार कक्षा १-३, कक्षा ४-५ र कक्षा ६-८ को तहगत संरचनामा छुट्याइएको छ । यी एकीकृत स्वरूपमा खेलकुदको अवस्थाको बारेमा अध्ययन गर्न यी तहलाई निम्नानुसार छुट्टाछुट्टै व्याख्या गरिएको छ :

**(क) आधारभूत तह (कक्षा १-३)**

यसलाई सिकाइको क्षमतास्तर तह १ मानिएको छ । ५ वर्षदेखि ७ वर्षसम्मका बालबालिकाले यो तहमा अध्ययन गर्ने उमेर समूह तोकिएको छ । यसमा विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा विषयभित्र खेलकुदसम्बन्धी विषयहरू समावेश गरिएका छन् । यस विषयका लागि पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ को समय छुट्याइएको छ । यसमा स्वास्थ्य र शारीरिक शिक्षासँग सम्बन्धित विषयभित्र खेलकुदका विषयलाई राखिएको छ । यसमा सामान्य खेलको परिचय, खेलका नियम, खेलका क्रियाकलापका चरणका बारेमा सैद्धान्तिक ज्ञान दिने लक्ष्य राखिएको छ । ती नियमका आधारमा अभ्यास गराउने लक्ष्य पनि यसमा लिइएको छ । यसका लागि ताल मिलाएर हिँडाइ, साधारण दौड (२० मी.-३० मी. सम्म), सानो हाइजम्प, हपिङ, कवाज, भकुन्डो, खेलहरूका साथै अन्य सिर्जनात्मक अभिनयात्मक र स्थानीय खेलका विषय समावेश गरिएको छ । यी खेलहरू प्रयोगात्मक हुने यसमा उल्लेख गरिएको छ । यस तहमा निरन्तर मूल्याङ्कन पद्धतिमा जोड दिइएको छ । यसै पद्धतिभित्र प्रयोगात्मक मूल्याङ्कनलाई अवलम्बन गरिने उल्लेख छ ।

**(ख) आधारभूत तह (कक्षा ४-५)**

यस तहलाई सिकाइको क्षतास्तर तह २ मानिएको छ । यस तहका बालबालिकाको उमेर समूह ७-९ वर्ष तोकिएको छ । यस तहमा विद्यार्थीहरूले बालबालिकाहरूले शारीरिक तन्दुरुस्ती तथा स्वस्थकर बानीको विकास गर्न सक्षम हुनेछन् भनी खेलकुदसँग सम्बन्धित सक्षमताको तहगत अपेक्षा गरिएको छ । यो सक्षमता हाँसिल गर्न यस तहमा स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला विषयलाई समावेश गरिएको छ । यस विषयका लागि वार्षिक ३ पाठ्यघण्टा र ९६ कार्यघण्टा तोकिएको छ । यसमा कदम मिलाउनेसहितको हिँडाइ, दौड (३० मी.देखि ७५ मी.सम्म), रिले दौड, साधारण लङ्जम्प, साधारण हाइजम्प, क्रस स्किपिङ, समूह स्पिकिङ, पोल र डोरी चढ्ने, लक्क ढाल, डन्डिबियो, कवाजका साथै अन्य स्थानीय सिर्जनात्मक र अभिनयात्मक खेललाई पाठ्यक्रममा समावेश गरिएको छ । यी खेलहरूको सामान्य नियम, खेल्ने तरिकाको सैद्धान्तिक ज्ञान दिनुका साथै यी खेलको प्रयोगात्मक क्रियाकालाप सक्षमताकासाथ सम्पन्न गर्ने उद्देश्य राखिएको छ । यसमा ५०% अङ्कमा अवधिक परीक्षा र ५०% अङ्कभारको निरन्तर मूल्याङ्कन गरिने बनाइएको छ । यही प्रद्धतिका माध्यमले खेलकुदको प्रयोगात्मक परीक्षामा जोड दिइएको छ ।

### (ग) आधारभूत तह (कक्षा ६-८)

यस तहमा शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवन उपयोगी सिपको विकास तथा सक्षमता हासिल गर्ने लक्ष्य राखिएको छ । यो अपेक्षित सक्षमता खेलकुदसँग सम्बन्धित छ । यसलाई सिकाइको क्षमतास्तर तह ३ मानिएको छ । यो सक्षमता पूरा गर्न यस तहमा 'स्वास्थ्य तथा शारीरिक' विषय अध्यापनका लागि समावेश गरिएको छ । यस विषयका लागि वार्षिक पाठ्यघण्टा ३ र वार्षिक कार्यघण्टा ९६ तोकिएको छ । यही विषयभित्र खेलकुद शिक्षालाई समावेश गरिएको छ । यसमा कसरत, कवाज, शारीरिक व्यायाम, योग, भलिबल, फुटबल, बास्केटबल, कबड्डी, खोखो, क्रिकेट, एथलेटिक्समा छोटो दौड, मझौला दौड, लामो दौड, लङ्जम्प, हाइजम्प, सटपुट, रिले दौड आदि खेलको परिचय, खेलको सामान्य नियम, खेल खेल्ने अभ्यास गराउने पाठ्यक्रम तयार गरिएको छ । वर्णन, अवलोकन र अभ्यासजस्ता शिक्षण विधिको प्रयोग गरी माथि उल्लेखित खेलको सैद्धान्तिक ज्ञान दिनुका साथै प्रयोगात्मक सिपको विकास गर्ने लक्ष्य राखिएको छ । यस विषयमा शारीरिक शिक्षाका लागि अङ्कमा ५० छुट्याइएको छ । यसमा सैद्धान्तिक र प्रयोगात्मक दुबै परीक्षाबाट विद्यार्थी मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ । यसमा सैद्धान्तिक ज्ञानका लागि अङ्कभार र प्रयोगात्मक परीक्षाका लागि २० अङ्कभार छुट्याइएको छ ।

### २.४.२.३. माध्यमिक शिक्षा

'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६'का अनुसार विद्यालय शिक्षाअन्तर्गत कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षालाई साधारण प्राविधिक तथा व्यवसायिक र परम्परागत गरी तीन धार/प्रकारमा वर्गीकरण गरिएको छ । यस तहमा खेलकुदसँग सम्बन्धित सक्षमताअन्तर्गत स्वस्थ्य सचेतना जागृत गराउने लक्ष्य राखिएको छ । यस सक्षमतालाई पूरा गर्न यसका दुबै तहमा शारीरिक शिक्षा र खेल विज्ञानलाई छुट्टै विषयका रूपमा राखिने गरी पाठ्यक्रमको प्रारूप तयार गरिएको छ । माध्यमिक शिक्षालाई निम्नलिखित दुई वटा तहमा छुट्याएर प्रस्तुत गरिएको छ :

### (क) माध्यमिक शिक्षा (कक्षा ९ र १०)

'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप'का अनुसार यस तहलाई सिकाइको क्षमतास्तर तह ४ मानिएको छ । यस तहका बालबालिकाको उमेर समूह १३-१४ वर्ष तोकिएको छ । यस तहमा स्वथ्यप्रतिको सचेतता हासिल गर्ने सक्षमता अपेक्षा गरिएको छ । यसमा साधारणतर्फ ऐच्छिक

दोस्रो समूहअन्तर्गत स्वास्थ्य र शारीरिक शिक्षा [Hpe. 203] समावेश गरिएको छ । यसमा खेलकुदको परिचय, आवश्यकता, व्यवस्थापन, इतिहास आदि विविध पक्षको सैद्धान्तिक ज्ञान समावेश गरिएको छ । यसका साथै फुटबल, व्याडमिन्टन, भलिबल, बास्केटबल, टेबलटेनिस, क्रिकेट, खोखो, कबड्डी, तेक्वान्डो, कराते, जुडो, पौडी खेलका सम्बन्धमा संज्ञानात्मक तथा प्राविधिक पक्षको सैद्धान्तिक ज्ञान प्राप्त गर्ने लक्ष्य राखिएको छ । प्रयोगात्मक खण्डमा यी सबै खेलको अभ्यास, प्रदर्शन गर्नुपर्ने व्यवस्था गरिएको छ । यी विषयको नमुना अभ्यास, समूह छलफल र प्रवचन विधि तोकिएको छ । विद्यार्थी मूल्याङ्कन पनि सैद्धान्तिक र प्रयोगात्मक दुबै तरिकाले गर्नुपर्ने त्यसमा पनि ५०% आन्तरिक र ५०% बाह्य मूल्याङ्कनको व्यवस्था गरिएको छ । खेलकुदसम्बन्धी प्रयोगात्मक कार्यका लागि अङ्कभार १४ छुट्याइएको छ । बाह्य विज्ञद्वारा मूल्याङ्कन गरिने प्रयोगात्मक मूल्याङ्कनका लागि अङ्कभार २५ छुट्याइएको छ ।

**(ख) माध्यमिक शिक्षा (कक्षा ११ र १२)**

माध्यमिक शिक्षा कक्षा ११ मा ऐच्छिक विषयको रूपमा खेलकुद विज्ञान राखिएको छ । जसको कोड Sps. 445 राखिएको छ । यसको पठन पाठनका लागि साप्ताहिक पाठ्यघण्टा ५ र वार्षिक कार्यघण्टा १६० (प्रयोगात्मक ८० र सैद्धान्तिक ८०) तोकिएको छ । त्यसै गरी कक्षा १२ मा पनि ऐच्छिक विषयको रूपमा खेलकुद विज्ञान विषय समावेश गरिएको छ । कक्षा १२ मा यसको विषय कोड Sps. 445 राखिएको छ र कक्षा ११ मा जस्तै साप्ताहिक पाठ्यघण्टा ५ र वार्षिक कार्यघण्टा १६० (प्रयोगात्मक ८० र सैद्धान्तिक ८०) तोकिएको छ । खेलकुद विज्ञान माध्यमिक तहमा नयाँ क्षेत्रका रूपमा समावेश गरिएको हो । यसमा सैद्धान्तिक ज्ञान र प्रयोगात्मक सिपको संयोजन गरिएको छ । किशोरावस्थाका विद्यार्थीको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक वृद्धि र विकास तीव्र गतिमा भइरहेको हुन्छ । उनीहरूको यो अवस्थामा शारीरिक तथा मानसिक तन्दुरुस्तीको विकास गरी राष्ट्रको दिगो विकास तथा समृद्धिका विभिन्न पक्षहरूमा प्रभावकारीरूपमा सहभागी हुन सक्ने निरोगी, तन्दुरुस्त र सक्षम नागरिक उत्पादनमा सहयोग गर्नु खेलकुद विज्ञान विषयको पाठ्यक्रमको मूलभूत लक्ष्य हो । यस पाठ्यक्रमले व्यक्तिको सर्वाङ्गीण एवम् समाज र राष्ट्रको समग्र विकासका लागि विद्यालयमा आधारित खेलकुदका क्रियाकलापहरू आयोजना र सञ्चालन गर्न आवश्यक पर्ने आधारभूत तथा व्यवस्थापकीय पक्षहरूसँग विद्यार्थीरूलाई परिचित गराउने उद्देश्य राखेको छ । कक्षा ११ र १२ का विद्यार्थीरूका लागि निर्माण गरिएको यो पाठ्यक्रममा खेल विज्ञानका आधारभूत र आधुनिक सैद्धान्तिक ज्ञान तथा विभिन्न प्रकारका

खेलकदहरूका प्रयोगात्मक गतिविधिहरू समावेश गरिएका छन् । किशोरावस्थाका विद्याथीहरूलाई उनीहरूको शारीरिक, मानसिक र संवेगात्मक स्तरअनुरूप उपलब्ध खेलकुदहरूको प्रयोगात्मक सिप तथा क्रियाकलापहरूको सही ढङ्गले उपयोग गर्ने कार्यमा यस पाठ्यक्रमले मद्दत गर्दछ । यो पाठ्यक्रमले खेल विज्ञानका आधुनिक ज्ञान, अवधारणा र सिद्धान्तहरूको बोध र त्यसलाई खेलकुदका प्रयोगात्मक सिपहरू सिक्ने क्रममा उपयोग गरी आफ्नो खेल कर्तृत्वमा सकारात्मक सुधार ल्याउने र दक्षता प्राप्त गर्ने कार्यमा विशेष जोड दिएको छ । सैद्धान्तिक तथा प्रयोगात्मक दुवै पक्षहरूको एकीकृत संयोजन यो पाठ्यक्रमको नवीनतम सोच र प्रमुख विशेषता हो । यस विषयमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि सैद्धान्तिक र प्रयोगात्मक दुवै विधि प्रयोग गर्ने व्यवस्था गरिएको छ । परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटी यो पाठयक्रम विकास गरिएको हो । यस क्रममा पाठयक्रम विकासको विषयगत औचित्य, पाठयक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेत परिचय, विषयगतरूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मुल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि, सक्षमता, सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

माध्यमिक तह (कक्षा ११ र १२) को अध्ययनपश्चात् विद्यार्थीहरूमा निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. खेलकुद विज्ञानको अवधारणाको बोध र अभिव्यक्ति,

२. खेलकुदमा गति विज्ञानको अवधारणा र सिद्धान्तहरूको बोध तथा उपयोग,

३. जीवयान्त्रिकीको बोध र खेलकुद गतिविधि अभ्यासमा प्रयोग ,

४. खेलकुद समाजशास्त्रका सिद्धान्तहरूको बोध र व्यक्तिगत जीवनमा यसको उपयोग,

५. खेलकुद मनोविज्ञानका पक्षहरूको पहिचान, बोध र प्रयोग,

६. खेलकुदमा पोषण र सन्तुलित भोजनको आवश्यकता र महत्त्व बोध तथा उपयोग,

७. खेलकुद प्रशिक्षण विज्ञानको अर्थ, महत्त्व, उद्देश्य र सिद्धान्तको बोध तथा खेलकुदमा यसको उपयोग,

८. खेलकुद चिकित्साका पक्षहरूको बोध, सजगता र उपयोग,

९. शरीर मापनका तरिकाको बोध र खेलकुदमा यसको उपयोग,

१०. खेलकुद व्यवस्थापनका पक्षहरूसँग परिचित, खेलकुद कार्यक्रमहरूको योजना, संचालन तथा सहभागिता,

११. फरक क्षमता भएकाहरूका लागि खेलकदको महत्त्वबोध बोध र दैनिक जीवनमा उपयोग,

१२. शारीरिक मानसिक तन्दुरुस्तीका लागि खेलहरूका आधारभूत सिप अभ्यास तथा योगअभ्यास प्रदर्शन ।

**कक्षा ११ का सिकाइ उपलब्धिहरू**

तालिका नं. २. कक्षा ११ का सिकाइ उपलब्धिहरू

| एकाइ | क्षेत्र | सिकाइ उपलब्धिहरू |
|---|---|---|
| १. | खेलकुद विज्ञानको अवधारणा (Concept of Sport Science) | १.१. खेलकुद विज्ञानको अवधारणा बताउन<br>१.२. खेलकुद विज्ञानको महत्त्व र उद्देश्य पहिचान गन<br>१.३. खेलकुद विज्ञानको क्षेत्र पहिचान गर्न<br>१.४. शारीरिक शिक्षा र खेलकुद विज्ञानबिचको आधारभूत भिन्नता बताउन |
| २. | गति विज्ञान (Kinesiology) | २.१. विज्ञानको अवधारणा र सिद्धान्तहरू वर्णन गर्न<br>२.२. खेलकुदमा गति विज्ञानका सिद्धान्तहरू प्रयोग गर्न |
| ३. | खेलकुद चिकित्सा (Sport Medicine) | ३.१. खेलकुद चिकित्साको अर्थ तथा परिभाषा बताउन<br>३.२. खेलकुदमा खेल चिकित्साको महत्त्व र आवश्यकता मनन गरी व्यक्त गर्न<br>३.३. खेलकुदमा पोषणको परिचय, महत्त्व र प्रयोगबारे छलफल गर्न<br>३.४. खेलकुदमा फिजीयोथेरापीको परिचय, महत्त्व र आवश्यकता वर्णन गर्न |

| | | |
|---|---|---|
| | | ३.५. खेलकुदमा निषेधित पदार्थको प्रयोग र त्यसबाट हुने असरहरूप्रति सचेत हुन<br>३.६. खेलकुदका क्रममा सिपिआर (Cardiopulmonary resuscitation) राइस (Rest, Ice, Compression, Elevation) विधिको प्रयोगात्मकरूपमा प्रदर्शन गर्न |
| ४. | खेलकुद मनोविज्ञान (Sport Psychology) | ४.१ खेलकुद मनोविज्ञानको अर्थ बताउन<br>४.२ खेलकुदमा खेलकुद मनोविज्ञान महत्त्व स्पष्ट वर्णन गर्न<br>४.३ खेलकुद मनोविज्ञानका उद्देश्यहरू पहिचान गर्न<br>४.४ खेलकुदमा खेलकुद मनोविज्ञानका पक्षहरूको प्रयोग गर्न<br>४.५ खेलकुद प्रतियोगितामा खेलकुद मनोविज्ञानको भूमिका स्पष्ट पार्न<br>४.६ खेलकुदमा खेलकुद मनोविज्ञानका सिद्धान्तहरू प्रयोग गर्न |
| ५. | खेलकुद प्रशिक्षण (Sport Training) | ५.१ खेलकुद प्रशिक्षणको अर्थ, महत्त्व र उद्देश्य पहिचान गर्न<br>५.२ खेलकुद प्रशिक्षणका सिद्धान्तहरू वर्णन गर्न र प्रयोग गर्न<br>५.३ खेलकुदमा कोचिङलाई कला र विज्ञानका रूपमा विश्लेषण गर्न<br>५.४ खेलकुद प्रशिक्षण आधारभूत घटकहरू छलफल गर्न<br>५.५ शारीरिक तन्दुरुतीको महत्त्व र तत्त्वहरू वर्णन गर्न<br>५.६ खेलकुद प्रशिक्षण भारको महत्त्व र प्रकार वर्णन गर्न |
| ६. | खेलकुद व्यवस्थापन ( Sports management) | ६.१ खेलकुद व्यवस्थापनको अर्थ र महत्त्व पत्ता लगाउन<br>६.२ खेलकुद र सञ्चार माध्यमको सम्बन्ध पत्ता लगाउन<br>६.३ खेलकुद प्रशिक्षणको व्यवस्थापन गर्न<br>६.४ खेलकुदमा मानव स्रोत व्यवस्थापनको आवश्यकता र महत्त्व वर्णन गर्न<br>६.५ खेलकुदमा सञ्चारको भूमिका वर्णन गर्न<br>६.६ राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुदसँग परिचित हुन |
| ७. | खेलकुदमा शारीरिक मापन | ७.१ शारीरिक मापनको तरिकाहरू बताउन<br>७.२ शारीरिक मापनको तरिकाहरू प्रयोग गरी शरीरका विभिन्न |

| | | |
|---|---|---|
| | (Anthropometric measurement), परिक्षण र मूल्याङ्कन | अङ्गहरूको मापन लिन<br>७.३ शरीरका विभिन्न अङ्गहरूमा तालिमका असरहरू सूचीकृत गर्न<br>७.४ शारीरिक मापनका सिद्धान्त र नियम उपयोग र शरीरका बाहिरी अङ्गहरूको मापन गर्न<br>७.५ खेलकुदमा परीक्षण, मापन र मूल्याङ्कनको अर्थ, महत्त्व, प्रयोग, विधिहरू बताउन<br>७.६ खेलकुदमा परीक्षण प्रकार र विधिहरू बताउन |
| ८. | एथलेटिक्स (Athletics) | ८.१ एथलेटिक्सका इभेन्टहरू (छोटो दौड, लबजम्प र हाइजम्प) को नियमअनुसार अभ्यास र प्रदर्शन गर्न |
| ९. | योगविज्ञान र शारीरिक तन्दुरुस्ती (Yog Science and physical fitness) | ९.१ शारीरिक र मानसिक तन्दुरुस्ती र योग विज्ञानको अन्तर्सम्बन्ध बताउन र योग अभ्यास गर्न<br>९.२ खेलकुदमा योगासनको प्रयोगबाट हुने मनोक्रियात्मक फाइदा बताउन<br>९.३ स्वस्थ जीवन शैलीका लागि यौगिक जीवनशैली अवलम्बन गर्न<br>९.४ शारीरिक तन्दुरुस्तीका लागि नियमित योगाभ्यास गर्न |
| १०. | खेलहरू (Games) (समूह क) | १.१ फुटबल, भलिबल र बास्केटबल खेलकुदका नियमअनुसार प्रदर्शन, अभ्यास र अफिसियटिब गर्न |
| ११. | खेलहरू (Games) (समूह ख) | ११.१ कवड्डी, तेक्वान्दो र पौडी खेलकुदका नियमअनुसार प्रदर्शन, अभ्यास र अफिसियटिब गर्न |

स्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम, २०७६ ।

**कक्षा १२ का सिकाइ उपलब्धिहरू**

तालिका नं. ३. कक्षा १२ का सिकाइ उपलब्धिहरू

| एकाइ | क्षेत्र | सिकाइ उपलब्धिहरू |
|---|---|---|
| १. | कसरत क्रिया विज्ञान (Exervise physiology) | १.१ कसरत क्रिया विज्ञानको अर्थ पहिचान गर्न<br>१.२ कसरत क्रिया विज्ञानको आवश्यक्ता र महत्त्व वर्णन गर्न |

| | | |
|---|---|---|
| | | १.३ शारीरिक क्रिया र कसरत क्रियाबिचको सम्बन्ध बताउन<br>१.४ शरीरका विभिन्न प्रणालीहरूमा खेलकुद प्रशिक्षणका असरहरूको पहिचान गर्न र अभ्यास गर्न |
| २. | जीव यान्त्रिकी (Biomechanics) | २.१ जीवयान्त्रिकी सिद्धान्तहरू वर्णन गर्न<br>२.२ जीवयान्त्रिकी सिद्धान्तहरूको प्रयोग गरी खेलकुद गतिविधिमा सुधार गर्न |
| ३. | खेलकुद चिकित्सा (Sport Medicine) | ३.१ खेलकुदमा पौष्टिक खानाको योजना तयार पार्न<br>३.२ खेलका क्रममा शक्ति उत्पादन र आपूर्तिको प्रक्रिया वर्णन गर्ने<br>३.३ खेलकुदका क्रममा हुने विभिन्न चोटपटकहरूको प्राथमिक उपचार प्रदान गर्ने<br>तरिकाहरू प्रयोगात्मकरूपमा प्रदर्शन र अभ्यास गर्न |
| ४. | खेलकुद समाजशास्त्र (Sport Sociology) | ४.१ खेलकुद समाजशास्त्रको अर्थ पहिचान गर्न<br>४.२ खेलकुद समाजशास्त्रको महत्त्व र क्षेत्र वर्णन गर्न<br>४.३ खेलकुदलाई सामाजिक संस्थाको रूपमा वर्णन गर्न<br>४.४ खेलकुद संस्कृतिको अर्थ र परिभाषा पहिचान गर्न<br>४.५ खेलकुदमा सामाजिकीकरणको प्रक्रिया वर्णन गर्न<br>४.६ खेलकुदमा नेतृत्वको अर्थ, महत्त्व र आवश्यकता बताउन<br>४.७ खेलकुद, सामाज र आर्थिक अवस्थाबिचको सम्बन्ध वर्णन गर्न<br>४.८ खेलकुदलाई जीविकोपार्जनका माध्यमका रूपमा अपनाउन<br>४.९ खेलकुदमा लैब्गिक सहभागिताको महत्त्व र चुनौतीहरू वर्णन गर्न |
| ५. | खेलकुद प्रशिक्षण (Sport Training) | ५.१ खेलकुद प्रशिक्षण योजनाको अर्थ र परिभाषा बताउन<br>५.२ खेलकुदमा तालिमको योजनाको आवश्यक्ता र महत्त्व बर्णन गर्न<br>५.३ खेलकुद प्रतियोगितालाई परियोजनाका रूपमा आयोजना |

| | | |
|---|---|---|
| | | गर्न<br>५.४ खेलकुद प्रतियोगिताको टाइशीट (नकआउट प्रणाली, लिग प्रणाली, लिग कम नकआउट प्रणाली) तयार पार्न<br>५.५ खेलकुदको क्षेत्रमा प्रतिभा पहिचानको अवधारणा बताउन र प्रयोग गर्न |
| ६. | खेलकुद व्यवस्थापन (Sport Management) | ६.१ खेलकुद प्रतियोगिताको योजना बनाउन र कार्यान्वयन गर्न<br>६.२ खेलकुदमा आर्थिक उपार्जनसम्बन्धी खेलकुद उद्योग र सङ्गठनको परिचय दिन<br>६.३. खेलकुद सुशासनको महत्त्व बताउन<br>६.४.खेलकुदमा व्यवस्थापनका सिद्धान्तअनुरूप खेलकुद प्रतियोगिताहरू आयोजना गर्न<br>६.५ खेलकुद व्यवस्थापनका क्रममा सुरक्षा व्यवस्थापन गर्न<br>६.६ खेलकुदमा मेगा स्पोर्टको आयोजना र यसबाट सामाजिक र आर्थिक प्रभाव बोध गर्न<br>६.७ खेलकुद प्रतियोगिता आयोजनामा प्रशासन र नेतृत्वको कार्य र भूमिका वर्णन गर्न |
| ७. | फरक क्षमता भएकाहरूलाई खेलकुद (Athletes for differently able people) | ७.१ फरक क्षमता भएकाहरूका लागि खेलकुद क्रियाकलापको आवश्यकता बताउन<br>७.२ फरक क्षमता भएकाहरूका लागि खेलकुद क्रियाकलापको संयोजन र अभ्यास गर्न |
| ८. | एथलेटिक्स (Atheletics) | ८.१ एथलेटिक्सका इभेन्टहरू (मध्यम र लामो दुरीको दौड, सटपट र ज्यावलिन थ्रो) का नियमअनुसार प्रदर्शन र अभ्यास गर्न |
| ९. | योगविज्ञान र शारीरिक तन्दुरुस्ती (Yog Science and physical fitness) | ९.१ शारीरिक र मानसिक तन्दुरुस्तीको लागि योग विज्ञानको महत्त्वबोध गर्न र योग अभ्यास गर्न<br>९.१ खेलकुदमा यौगिक पुनःस्थापनाको प्रयोग गर्न |

| | | |
|---|---|---|
| | | ९.२ संवेग तथा तनाव व्यवस्थापनका लागि यौगिक जीवनशैली अवलम्बन गर्न<br>९.३ योग खेलकुदमा शरीर, स्वास र एकाग्रगता अभ्यास गर्न<br>९.४ योग खेलकुद तथा कार्यक्रमको व्यवस्थापन र संयोजन गर्न |
| १०. | खेलहरू (Games)<br>(समूह क ) | १०.१ ब्याटमिन्टन, टेबलटेनिस र क्रिकेट खेलका नियमअनुसार प्रदर्शन, अभ्यास र अफिसियटिब गर्न |
| ११. | खेलहरू (Games)<br>(समूह ख ) | ११.१ खो खो, कराँते र जुडो खेलका नियमअनुसार प्रदर्शन, अभ्यास र अफिसियटिब गर्न |

स्रोत : http://www.neb.gov.np/uploads/photos/fgirq8aAX9160808093252.pdf

माथि उल्लेखित क्षेत्र र सिकाइ उपलब्धिहरू प्राप्त गर्न सैद्धान्तिक र प्रयोगात्मक विषयवस्तुहरू एकिकृत हुने गरी यो पाठ्यक्रम तयार पारिएको छ । यसका अतिरिक्त शिक्षकले स्थानीय परिवेश अनुरूपका स्थानीय खेलकुद कार्यकलाप समेत गराउन सक्ने व्यवस्था गरिएको छ । विद्यार्थीको ज्ञान, अभिवृति र विद्याथीहरूलाई सिकाइ सहजीकरण गर्नका लागि निम्नानुसारका विधिहरू प्रयोग गर्नु पर्ने उल्लेख गरिएको छ :

(क) पुस्तकालय अध्ययन (ख) प्रदर्शन

(ग) परियोजना (घ) नमुना अभ्यास

(ङ) समूह छलफल (च) प्रवचन

यसका अतिरिक्त शिक्षकले विषयवस्तु, खेलमैदान र कक्षाकोठाको अवस्थाअनुसार विभिन्न तौरतरिकाहरू अपनाउन सक्छ । विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारको मूल्याङ्कन गर्नुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि कक्षा शिक्षणकै क्रममा कक्षाकार्य, परियोजना कार्य, प्रस्तुतीकरण, उपलब्धि परीक्षा जस्ता क्रियाकलाप गराई सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सिप हासिल गराउन निर्माणात्मक मूल्याङ्कन गर्नुपर्ने छ । यसमा निर्माणात्मक मूल्याङ्कनको सिकाइ उपलब्धिको निश्चित भारलाई निर्णयात्मक मूल्याङ्कनमा समेत जोडिने व्यवस्था गर्नुपर्ने उल्लेख छ । यस पाठ्यक्रमअनुसार आन्तरिक र बाह्य मूल्याङ्कनमार्फत् यस विषयको मूल्याङ्कन हुनेछ । जसमा ५०% आन्तरिक र ५०% बाह्य मूल्याङ्कन हुने व्यवस्था गरिएको छ । आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूले गरेका

कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ । कक्षा ११ र १२ को आन्तरिक मूल्याङ्कन निम्न ढाँचामा हुने उल्लेख गरिएको छ :

तालिका नं. ४. कक्षा ११ र १२ को आन्तरिक मूल्याङ्कन ढाँचा

| क.सं. | आधार | अङ्क |
|---|---|---|
| १. | कक्षा सहभागिता | ३ |
| २. | त्रैमासिक परीक्षा | ६ |
| ३. | खेलकुदसम्बन्धी प्रयोगात्मक कार्यको मूल्याङ्कन | १४ |
| ३.१. | ट्र्याक, फिल्ड, कोर्टलगायतका खेलकुद स्थलको नक्साङ्कन/लेआउट तयारी (मापन, नक्साङ्कन र निर्माण) | ३ |
| ३.२. | • एथ्लेटिक्स, योग, खेल समूह क र समूह ख का आधारभूत सिपहरूको प्रदर्शन<br>• खेलकुदमा सहभागिता र क्रियाशीलता (१)<br>• खेल सिप प्रस्तुतिको स्तर (६)<br>• नियमको पालना (१)<br>• खेल अनुशासन तथा नैतिकताको पालना (१)<br>• नेतृत्व र सहकार्य (१) | १० |
| ४. | प्रयोगात्मक पुस्तिका अभिलेखन र मौखिक परीक्षा | ३ |
| ५. | बाह्य विज्ञद्वारा प्रयोगात्मक मूल्याङ्कन (प्रयोगात्मक कार्य तथा अन्तरवार्ता) | २५ |
| | जम्मा | ५० |

स्रोत : http://www.neb.gov.np/uploads/photos/fgirq8aAX9160808093252.pdf

यस विषयमा कक्षा ११ र १२ प्रत्येकमा कुल भारमध्ये ५०% भार बाह्य मूल्याङ्कन हुने र पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गरी परीक्षा लिइने व्यवस्था गरिएको छ ।

### २.४.३. उच्च शिक्षा

विश्वविद्यालय तहको शिक्षलाई उच्च शिक्षाभित्र राखिएको छ । स्नातकभन्दा माथिका तहहरू यस तहभित्र पर्दछन् । उच्च शिक्षाका लागि नेपालमा ११ वटा विश्वविद्यालयहरू सञ्चालनमा रहेका छन् । यी विश्वविद्यालयहरूमध्ये खेलकुद विषयको अध्ययनअध्यापन त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त्र सङ्कायअन्तर्गत, स्नातक तहमा स्वास्थ्य तथा शारीरिक शिक्षाभित्र र

स्नातकोत्तर तहमा शारीरिक शिक्षा विभागमा हुँदै आएको छ। त्यसैगरी मानविकी तथा सामाजिक शास्त्र सङ्कायभित्र स्नातकोत्तर तहमा खेलकुद विज्ञान (Sports Science) विषयको अध्ययनअध्यापन हुँदै आएको छ। त्यसै गरी गण्डकी विश्वविद्यालयमा स्नातक तहमा खेलकुद व्यवस्थापन (Sport Management) विषयको पढाइ भर्खरै सञ्चालनमा आएको छ। यी तहमा खेलकुद शिक्षालाई कसरी व्यवस्थापन गरिएको छ भन्ने कुराको लागि यी तहका पाठ्यक्रमको मूल्याङ्कन गर्नुपर्ने हुन्छ जुन यस प्रकार छ :

### २.४.३.१. चारवर्षे बि.एड. त्रि.वि.

त्रिभुवन विश्वविद्यालयअन्तर्गत शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तहमा ऐच्छिक विषयको रूपमा स्वास्थ्य तथा शारीरिक विषयलाई समावेश गरिएको छ। यसलाई निम्नरूपमा उल्लेख गरिन्छः

### (क) पहिलो वर्ष

यस तहको प्रथम वर्षमा खेलकुदसँग सम्बन्धित (Foundation of Physical Edacuation Ed. 417) समावेश गरिएको छ। १०० अङ्कभारको यो विषयको प्रकृति सैद्धान्तिक र प्रयोगात्मक छ। ५० अङ्क सैद्धान्तिक पक्षका लागि र ५० अङ्क प्रयोगात्मक पक्षका लागि छुट्याइएको छ। यसको वार्षिक पाठघण्टा २२५ तोकिएको छ। सैद्धान्तिक खण्डमा शारीरिक शिक्षाको परिचय, परिभाषा, महत्त्व, ऐतिहासिक विकासक्रम खेलकुदको विशेषता, खेलका सिद्धान्त, गति शिक्षा, खेलकुदका सङ्गठनहरू, खेलकुदको राष्ट्रिय कानुन आदि विषय राखिएको छ। प्रयोगात्मक खण्डमा शारीरिक व्यायम, विभिन्न खेलहरू- दौड, हाइजम्प, लङ्जम्प, ज्याबलिन थ्रो, भलिबल, खोखो र कबड्डी खेलको परिचय, खेलका नियम, खेल खेल्ने अभ्यासजस्ता विषय राखिएका छन्। सैद्धान्तिक विषयको मूल्याङ्क लिखित परीक्षा र प्रयोगात्मक पक्षको मूल्याङ्कन अभ्यास र सहभागिताबाट गर्नुपर्ने व्यवस्था गरिएको छ। यसमध्ये विभिन्न खेलमा सहभागिता, अभ्यास र प्रस्तुति साथै सिप मूल्याङ्कनका लागि ३० अङ्क छुट्याइएको छ।

### (ख) दोस्रो वर्ष

यस तहको दोस्रो वर्षमा खेलकुदसँग सम्बन्धित विषयका रूपमा दुईवटा विषयहरू- Management and Supervision of Health and Physical Education (Ed. 423) र Sport Science and Games (422) समावेश गरिएको छ। यी विषयको अङ्कभार क्रमशः १००/१०० र वार्षिक

कार्यघण्टा १५० र २२५ तोकिएको छ । Ed. 423 मा खेलसँग सम्बन्धित समूहको निर्माण, समूहमा नेतृत्व, तालिम आदि विषयहरू समावेश गरिएका छन् । यी विषयको प्रकृति र मूल्याङ्कन प्रणाली सैद्धान्तिक खालको छ । त्यसैगरी Ed.422 मा सैद्धान्तिक खण्ड र प्रयोगात्मक खण्ड छुट्याइएको छ । सैद्धान्तिक खण्डमा खेलकुद मनोविज्ञान, खेलकुद चिकित्सा, क्रियाविज्ञान, जीवयान्त्रिकीजस्ता विषयहरू समावेश गरिएका छन् । यसका लागि ५० अङ्भार छुट्याइएको छ । विद्यार्थी मूल्याङ्कन सैद्धान्तिक ज्ञानमा आधारित रहेको छ । प्रयोगात्मक खण्डमा विभिन्न खेलहरूको प्राविधिक पक्षको ज्ञान र खेल्ने अभ्यास गर्ने उद्देश्य राखी बास्केटबल, ब्याडमेन्टिन र टेबलटेनिसजस्ता खेलहरू समावेश गरिएको छ । यस खण्डका लागि ५० अङ्कभार छुट्याइएको छ र मूल्याङ्न प्रणाली पनि प्रयोगात्मक प्रकृतिको छ । यी खेलमा सहभागिता र प्रस्तुतिका लागि अङ्कभार ३० छुट्याइएको छ ।

**(ग) तेस्रो वर्ष**

यस तहको तेस्रो वर्षमा खेलकुद विषयको शिक्षण र अनुसन्धानसँग सम्बन्धित विषयवस्तु समाविष्ट छन् । यसमा खेलकुदका विषयहरू कक्षामा कसरी शिक्षण गर्ने भन्ने अभ्यास र खेल प्रतियोगिताको तयारी र सञ्चालनसम्बन्धी अनुसन्धान गरी कसरी गर्ने भन्ने विषयवस्तु यसमा राखिएको छ । यसै तहको मूल्याङ्कन प्रणाली पूर्णतः सैद्धान्तिक प्रकृतिको रहेको छ ।

**(घ) चौथो वर्ष**

यस तहको चौथो वर्षमा खेलकुदसँग सम्बन्धित (Sport Training In Phosical Education (HP.Ed. 446) विषय राखिएको छ । यसको वार्षिक कार्यघण्टा २२५ र अङ्भार १०० तोकिएको छ । यसमा खेलकुद तालिम, प्रशिक्षण र अफिसियटिङ्जस्ता विषयको सैद्धान्तिक ज्ञान, यसको सञ्चालन, यसको व्यवस्थापन प्रकारजस्ता विषयहरू राखिएका छन् । यसको विषयगत प्रकृति र मूल्याङ्कन प्रणाली दुवै सैद्धान्तिक ढङ्को छ । यी सबै विषयहरूको अध्यापनका लागि प्रवचन पुस्तकालय अध्ययन, प्रस्तुतीकरण, प्रयोगात्मक, प्रदर्शनजस्ता शिक्षण विधिहरू तोकिएका छन् ।

**२.४.३.२. स्वास्थ्य शिक्षामा स्नातकोत्तर (MEd) चार सत्र त्रि.वि.**

त्रिभुवन विश्वविद्यालयअन्तर्गत शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा हाल शारीरिक शिक्षाको छुट्टै विभाग सञ्चालनमा रहेको छ । यस विभागमा शारीरिक शिक्षाका साथै खेलकुद विज्ञान र व्यवस्थापनका सम्बन्धमा अध्यापन हुँदै आएको छ । यो शैक्षिक कार्यक्रम सैद्धान्तिक र प्रयोगात्मक दुवै प्रकृतिको छ । यो कार्यक्रम त्रिभुवन विश्वविद्यालयको ४ सत्रको

कार्यक्रम हो, जुन २ वर्ष अवधिमा सञ्चालन हुन्छ । यसमा विद्यार्थीलाई पाठ्यक्रम प्रभावकारीरूपमा बुझ्न पाठ्यक्रमलाई मुख्य पाठ्यक्रम, विशेषज्ञता, ऐच्छिक, शिक्षण अभ्यास र शोधपत्रमा विभाजन गरिएको छ । चौथो सत्रबाहेक सबै पाठ्यक्रमहरू १८ पाठ्यघण्टा रहेका छन् । यसमा वार्षिक प्रणालीमा कुल पाठ्यक्रम १००० अङ्कको हुन्छ । प्रत्येक वर्ष विद्यार्थीको अध्ययनका लागि ५०० अङ्क हुने व्यवस्था छ । यसले विद्यार्थीहरूलाई स्वास्थ्य शिक्षा शिक्षण गर्न र सफल शिक्षक बन्न सक्षम बनाउने मुख्य उद्देश्य राखेको छ । यो विषय कक्षाकोठामा मात्र सीमित नभएर परिवार र समाजमा चेतना जगाउने विषयमा पनि भूमिका निर्वाह हुन सक्दछ । यस पाठ्यक्रमले विद्यार्थीहरूलाई स्वास्थ्य शिक्षासँग सम्बन्धित विषयको मूल्याङ्कन गर्न, स्वास्थ्य शिक्षा विषयमा नेतृत्व प्रदान गर्न, सामाजिक र शारीरिक स्वास्थ्य समस्याहरूको बारेमा अनुसन्धान र रचनात्मक भावनको निर्माण गर्न उत्प्ररित गर्ने छ । यसलाई निम्न प्रस्तुत गरिन्छ :

### (क) एम.एड. प्रथम सत्र

यसमा प्रथम सत्र Advance Physical Education (P. Ed. 515) Sports Psychology (P. Ed. 516), Advanced Skills Development in Athletics and Volleyball (P. Ed. 517), Ball Games (P. Ed. 518) र Exercise Physiology and Sports Medicine (P. Ed. 525) राखिएको छ । यीमध्ये Advance Physical Education (P. Ed. 515), Sports Psychology (P. Ed. 516) र Exercise Physiology and Sports Medicine (P. Ed. 525) का विषयहरूको पाठ्यक्रममा साप्ताहिक पाठ्यघण्टा ३ र शिक्षण घण्टा ४८ हुने व्यवस्था छ र यसमा विषयवस्तुको सैद्धान्तिक प्रकृतिको निर्धारण गरिएको छ । यसमा मूल्याङ्कनको प्रक्रियामा आन्तरिक मूल्याङ्कन ४०% रहने व्यवस्था गरिएको छ । जसमा उपस्थिति ५%, शिक्षण सिकाइ क्रियाकलापमा ५%, प्रथम एसिस्मेन्ट १०%, दोस्रो एसिस्मेन्ट १०% र तेस्रो एसिस्मेन्ट १०% अङ्क विभाजन गरिएको छ । त्यसै गरी वाह्य मूल्याङ्कनमा ६०% अङ्कको लिखित परीक्षा लिने व्यवस्था गरिएको छ । त्यस्तै, Advanced Skills Development in Athletics and Volleyball (P. Ed. 517) को पाठ्यक्रममा साप्ताहिक पाठ्यघण्टा ३ र शिक्षण घण्टा ९६ हुने व्यवस्था छ र यसमा विषयवस्तुको प्रयोगात्मक प्रकृतिको निर्धारण गरिएको छ । यसमा मूल्याङ्कनको प्रक्रियामा आन्तरिक मूल्याङ्कन ४०% रहने व्यवस्था गरिएको छ । यसमा मूल्याङ्कनको प्रक्रियामा आन्तरिक मूल्याङ्कन ४०% रहने व्यवस्था गरिएको छ । जसमा उपस्थिति ५%, सिकाइमा सहभागिता ५%, प्रस्तुति १०%, टुर्नामेन्ट आयोजना १० % र नोटबुक राखिएकोमा १०% अङ्क विभाजन गरिएको छ । त्यसै गरी वाह्य मूल्याङ्कनमा ६०%

अङ्क विभाजन गरिएको छ, जुन अन्तिम परीक्षाको रूपमा व्यवस्था गरिएको छ । त्यसै गरी वाह्य मूल्याङ्कनमा ६०% अङ्कको रहेको छ जुन निम्न रहने व्यवस्था गरिएको छ :

| क.सं. | प्रयोगात्मक क्रियाकलाप | अङ्क |
|---|---|---|
| १. | विशेष एथलेटिक्स र भलिबल खेलमा प्रदर्शन<br>एथलेटिक्समा दौड (१०), जम्पिङ (१०), थ्रोइङ (१०), भलिबल (२०) | ५० |
| २. | मौखिक परीक्षा | १० |

त्यसै गरी Ball Games (P. Ed. 518) साप्ताहिक पाठ्यघण्टा ३ र शिक्षण घण्टा ९६ हुने व्यवस्था छ र यसमा विषयवस्तुको प्रयोगात्मक प्रकृतिको निर्धारण गरिएको छ । यसमा मूल्याङ्कनको प्रक्रियामा आन्तरिक मूल्याङ्कन ४०% रहने व्यवस्था गरिएको छ । यसमा मूल्याङ्कनको प्रक्रियामा आन्तरिक मूल्याङ्कन ४०% रहने व्यवस्था गरिएको छ । जसमा उपस्थिति ५%, सिकाइमा सहभागिता ५%, प्रस्तुति १०%, टुर्नामेन्ट आयोजना १०% र नोटबुक राखिएकोमा १०% अङ्क विभाजन गरिएको छ । त्यसै गरी वाह्य मूल्याङ्कनमा ६०% अङ्क विभाजन गरिएको छ, जुन अन्तिम परीक्षाको रूपमा व्यवस्था गरिएको छ ।

त्यसै गरी वाह्य मूल्याङ्कनमा ६० % अङ्कको रहेको छ जुन निम्न रहने व्यवस्था गरिएको छः

| क.सं. | प्रयोगात्मक क्रियाकलाप | अङ्क |
|---|---|---|
| १. | कुनै दुई खेलको प्रदर्शन | ५० |
| २. | मौखिक परीक्षा | १० |

### (ख) एम.एड. दोस्रो सत्र

यसमा Training, Coaching, and Officiating (P. Ed. 256) , Management of Games and Sports (P. Ed. 528) र Racket Games and Field Games (P. Ed. 529) राखिएको छ । यीमध्ये Training, Coaching, and Officiating (P. Ed. 256) र Management of Games and Sports (P. Ed. 528) का विषयहरूको पाठ्यक्रममा साप्ताहिक पाठ्यघण्टा ३ र शिक्षण घण्टा ४८ हुने व्यवस्था छ र यसमा विषयवस्तुको सैद्धान्तिक प्रकृतिको निर्धारण गरिएको छ । यसमा मूल्याङ्कनको प्रक्रियामा आन्तरिक मूल्याङ्कन ४०% रहने व्यवस्था गरिएको छ । जसमा उपस्थिति ५%, शिक्षण सिकाइ

क्रियाकलापमा ५%, प्रथम एसिस्मेन्ट १०%, दोस्रो एसिस्मेन्ट १०% र तेस्रो एसिस्मेन्ट १०% अङ्क विभाजन गरिएको छ । त्यसै गरी वाह्य मूल्याङ्कनमा ६०% अङ्कको लिखित परीक्षा लिने व्यवस्था गरिएको छ । त्यस्तै Racket Games and Field Games (P. Ed. 529) का विषयहरूको पाठ्यक्रममा साप्ताहिक पाठ्यघण्टा ३ र शिक्षण घण्टा ९६ हुने व्यवस्था छ र यसमा विषयवस्तुको प्रयोगात्मक प्रकृतिको निर्धारण गरिएको छ । यसमा मूल्याङ्कनको प्रक्रियामा आन्तरिक मूल्याङ्कन ४०% रहने व्यवस्था गरिएको छ । जसमा उपस्थिति ५%, शिक्षण सिकाइ क्रियाकलापमा ५%, प्रथम एसिस्मेन्ट १०%, दोस्रो एसिस्मेन्ट १०% र तेस्रो एसिस्मेन्ट १०% अङ्क विभाजन गरिएको छ ।

त्यसै गरी वाह्य मूल्याङ्कनमा ६०% अङ्कको रहेको छ जुन निम्न रहने व्यवस्था गरिएको छः

| क.सं. | प्रयोगात्मक क्रियाकलाप | अङ्क |
|---|---|---|
| १. | कुनै दुई खेलको प्रदर्शन र योगा | ५० |
| २. | मौखिक परीक्षा | १० |

### (ग) एम.एड. तेस्रो सत्र

यसमा Project Meet in Physical Education and Games (P. Ed. 535), Kinesiology and Biomechanics (P. Ed. 537) र Research and evaluation in Physical Education (P. Ed. 535) अध्यापन हुने व्यवस्था गरिएको छ । यसमा उल्लेखित Project Meet in Physical Education and Games (P. Ed. 535) विषयको पाठ्यक्रममा साप्ताहिक पाठ्यघण्टा ३ र शिक्षण घण्टा ९६ हुने व्यवस्था छ र यसमा विषयवस्तुको प्रयोगात्मक प्रकृतिको निर्धारण गरिएको छ । यसमा मूल्याङ्कनको प्रक्रियामा आन्तरिक मूल्याङ्कन ४०% रहने व्यवस्था गरिएको छ । जसमा उपस्थिति १०%, प्रदर्शनात्मक सिप ५%, अभ्यास अवधि ५%, कार्यतालिका तयारीमा सहभागिता ५%, टुर्नामेन्ट र भेटघाट कार्यक्रम सञ्चालन गर्दा टोली व्यवस्थापनमा भूमिका ५% र टुर्नामेन्टमा रेफ्री अम्पायर जजको भूमिका १०% अङ्क विभाजन गरिएको छ ।

त्यसै गरी वाह्य मूल्याङ्कनमा ६०% अङ्कको रहेको छ जुन निम्न रहने व्यवस्था गरिएको छ :

| क्र.सं. | अभ्यासात्मक क्रियाकलाप | अङ्क |
|---|---|---|
| १. | परियोजना बैठकमा प्रतिवेदन | २० |
| २. | कन्फ्रेन्स सञ्चालन | २० |
| ३. | अन्तर्वार्ता (भाइवा) | २० |

त्यस्तै Kinesiology and Biomechanics (P. Ed. 537) र Research and evaluation in Physical Education (P. Ed. 538) विषयको पाठ्यक्रममा साप्ताहिक पाठ्यघण्टा ३ र शिक्षण घण्टा ४८ हुने व्यवस्था छ र यसमा विषयवस्तु सैद्धान्तिक प्रकृतिको निर्धारण गरिएको छ । यसमा मूल्याङ्कनको प्रक्रियामा आन्तरिक मूल्याङ्कन ४०% रहने व्यवस्था गरिएको छ। जसमा उपस्थिति ५%, शिक्षण सिकाइ क्रियाकलापमा ५%, प्रथम एसिस्मेन्ट १० %, दोस्रो एसिस्मेन्ट १०% र तेस्रो एसिस्मेन्ट १०% अङ्क विभाजन गरिएको छ । त्यसै गरी वाह्य मूल्याङ्कनमा ६०% अङ्कको लिखित परीक्षा लिने व्यवस्था गरिएको छ।

त्यसै गरी Cricket (P. Ed. 539) को पाठ्यक्रममा साप्ताहिक पाठ्यघण्टा ३ र शिक्षण घण्टा ९६ हुने व्यवस्था छ र यसमा विषयवस्तु प्रयोगात्मक प्रकृतिको निर्धारण गरिएको छ । यसमा मूल्याङ्कनको प्रक्रियामा आन्तरिक मूल्याङ्कन ४०% रहने व्यवस्था गरिएको छ। जसमा उपस्थिति १०%, सिकाइ क्रियाकलापमा सहभागी ५%, प्रस्तुति १०%, टुर्नामेन्ट आयोजना १०% र नोटबुक राख्ने १०% अङ्क विभाजन गरिएको छ।

त्यसै गरी वाह्य मूल्याङ्कनमा ६०% अङ्कको रहेको छ जुन निम्न रहने व्यवस्था गरिएको छ :

| क्र.सं. | प्रयोगात्मक क्रियाकलाप | अङ्क |
|---|---|---|
| १. | कुनै निर्धारित खेलको प्रदर्शन | ५० |
| २. | मौखिक परीक्षा | १० |

**(घ) एम.एड. चौथो सत्र**

यसमा Cricket (P. Ed. 539), History of Physical Education and Games (P. Ed. 546 Elective) , Sociology of Sports (P. Ed. 547 Elective), Teaching Practice ( Ed. 542) र Thesis Writing (Ed. 544) पाठ्यक्रममा राखिएको छ । यी पाठ्यक्रममा समावेश गरिएका विषयहरूको

प्रकृति सैद्धान्तिक र व्यवहारिक तथा प्रयोगात्मक दुवै किसिमका रहेका छन् । जसमध्ये Teaching Practice ( Ed. 542) को पाठ्यक्रमको प्रकृति प्रयोगात्मक किसिमको रहेको छ । यसमा पाठ्यक्रमले तोकेको कार्य पूरा गर्नका लागि ३ हप्ता क्याम्पस र ४ हप्ता विद्यालय वा क्याम्पसमा र १ हप्ता प्रतिवेदन तयारीको समय निर्धारण गरी अभ्यास शिक्षण गर्न तोकिएको छ । यसको साप्ताहिक पाठ्यघण्टा ३ रहेको छ भने विषयवस्तुको प्रकृति प्रयोगात्मक तोकिएको छ । यसको मुख्य उद्देश्य स्वास्थ्य तथा शारीरिक शिक्षाको पठनमा दक्षता हासिल गराउनु रहेको छ । यसको पाठ्यक्रममा उल्लेखित विषयहरूका आधारमा १०० पूर्णाङ्को आधारमा निम्न शीर्षकमा केन्द्रित रही विद्यार्थीहरूको मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ :

| **शीर्षक** | **आन्तरिक पर्यवेक्षक (५०%)** | **सहयोगी विद्यालय वा क्याम्पसका शिक्षक (१०%)** | **बाह्य परीक्षक (४०%)** |
|---|---|---|---|
| विद्यालय र क्याम्पस शिक्षकहरूको शिक्षणको अवलोकन प्रतिवेदन | १० | – | ५ |
| पाठ योजना र शिक्षण एड्स | ५ | ५ | ५ |
| सूक्ष्म शिक्षण अभ्यास | ५ | | |
| विद्यालय र क्याम्पसमा शिक्षण कार्यसम्पादन | १५ | ५ | १५ |
| सहकर्मी अवलोकन र यसको रिपोर्ट | ५ | – | ५ |
| परीक्षण निर्माण, प्रशासन, विश्लेषण र व्याख्या | ५ | – | ५ |
| शिक्षण अभ्यासको समग्र रिपोर्ट | ५ | – | ५ |

Thesis Writing (Ed. 544) मा उल्लेखित पाठ्यक्रमको प्रकृति प्रयोगात्मक किसिमको रहेको छ । यसमा क्रेडिट आवर (पाठ्यघण्टा ) ६ तोकिएको छ । यसअन्तर्गत प्राज्ञिक लेखन १, प्रस्ताव लेखन २ र शोधपत्र लेखनको ३ छुट्याइएको छ । यो प्रयोगात्मक प्रकृतिको भएको हुनाले अभ्यासात्मक कार्य गर्नको लागि शिक्षण घण्टा १९२ छुट्याइएको छ । यस पाठ्यक्रममा विद्यार्थीहरूको मूल्याङ्कनका लागि आन्तरिक र बाह्य दुबै किसिमको मूल्याङ्कन गरिने व्यवस्था गरिएको छ । जसमा आन्तरिकतर्फ ४०% अङ्क विभाजन गरिएको छ भने बाह्यतर्फ ६०% ( मौखिक अन्तर्वातामा २० र शोधपत्रको स्तरीयतामा ४०%) विभाजन गरिएको छ । त्यस्तै, Physical Education and Games (P. Ed. 546 Elective) र Sociology of Sports (P. Ed. 547 Elective) विषयको पाठ्यक्रममा साप्ताहिक पाठ्यघण्टा ३ र शिक्षण घण्टा ४८ हुने व्यवस्था छ र यसमा विषयवस्तु सैद्धान्तिक प्रकृतिको निर्धारण गरिएको छ । यसमा मूल्याङ्कनको प्रक्रियामा आन्तरिक मूल्याङ्कन ४०% रहने व्यवस्था गरिएको छ । जसमा उपस्थिति ५%, शिक्षण सिकाइ क्रियाकलापमा सहभागी ५%, प्रथम एसिस्मेन्ट १०%, दोस्रो एसिस्मेन्ट १०% र तेस्रो एसिस्मेन्ट

१०% अङ्क विभाजन गरिएको छ । त्यसै गरी वाह्य मूल्याङ्कनमा ६०% अङ्कको लिखित परीक्षा लिने व्यवस्था गरिएको छ ।

### २.४.३.३. खेलकुद विज्ञानमा स्नातकोत्तर कार्यक्रम चार सत्र त्रि.वि

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत खेलकुद विज्ञानमा स्नातकोत्तर कार्यक्रमको पठनपाठनमा हुने गरेको छ । यो पाठ्यक्रम विद्यार्थीहरूलाई खेलकुद बायोमेकानिक्स (खेलकुद र व्यायाम) र किनेसियोलोजि (खेलकुदको घटनाको नतिजा)मा उत्तम ज्ञानका साथै परिचय गराउनका उद्देश्यले तयार गरिएको हो ।

#### (क) खेलकुद विज्ञानमा स्नातकोत्तर कार्यक्रम (प्रथम सत्र)

खेलकुद विज्ञानमा स्नातकोत्तर कार्यक्रमको प्रथम सत्रमा Introduction to Sports Science (SPS 551), Sports Psychology (SPS 552), Sports Sociology (SPS 553), Sports Injuries and Physiotherapy (SPS 554), Track and Field (SPS 555) र Volley Ball (SPS 556) विषयको पाठ्यक्रम राखिएको छ । यस पाठ्यक्रमका सबै विषय क्षेत्रहरूमा ३/३ पाठ्यघण्टा गरी जम्मा १८ पाठ्यघण्टा तोकिएको छ ।

Introduction to Sports Science (SPS 551) पाठ्यक्रम विद्यार्थीहरूलाई खेलकुद विज्ञान, यसको दायरा र क्षेत्रहरूको प्ररम्भिक ज्ञान दिने र उनीहरूलाई यसमा परिचित गराउने उद्देश्यका साथ तयार गरिएको हो । यसबाट खेलकुद र व्यायाम विज्ञानका बहुअनुशासनात्मक अध्ययन हुने आधारमा डिजायन गरिएको छ । विद्यार्थीहरूले खेलकुदमा कसरी वैज्ञानिक विधि र सिद्धान्तहरू लागु गरिएको हुन्छ भन्ने सिकाइ पनि यसबाट गर्नेछन् । त्यस्तै Sports Psychology (SPS 552) पाठ्यक्रम विद्यार्थीहरूलाई खेल मनोविज्ञानको आधारभूत अवधारणा र ज्ञान प्रदान गर्नको लागि निर्धारण गरिएको हो । यसमा खेलकुद मनोविज्ञानको सिप, रणनीतिहरू र खेल गतिविधिहरूमा लागु हुने सिद्धान्तहरूको ज्ञान दिन पाठ्यक्रम तयार गरिएको हो । Sports Sociology (SPS 553) पाठ्यक्रम विद्यार्थीहरूलाई खेलकुदको समाजशास्त्रमा ज्ञान दिने र परिचित गराउने उद्देश्यका साथ तयार गरिएको हो । यसमा खेलकुदको सामाजिक प्रक्रिया र सामाजिक मुद्दाहरूको बारेका विषय क्षेत्रहरू समावेश गरिएको छ । Sports Injuries and Physiotherapy (SPS 554) पाठ्यक्रम फिजियोथेरापी, खेलकुदको चोट र यसको रोकगामसम्बन्धी संक्षिप्त जानकारी दिई त्यसका सम्बन्धमा परिचय गराउने उद्देश्यका साथ तयार गरिएको छ । यसले खेलकुद गतिविधिहरू र एथलेटिक्सहरूलाई

पुर्नस्थापनाको प्रक्रियामा सहयोग गर्न ज्ञान प्रदान गर्नेछ । माथिका SPS 551, 552 र 553 मा एकै किसिमको आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था गरिएको छ । जसमा आन्तरिक मूल्याङ्कन ४०% हुने व्यवस्था गरिएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत आवधिक पत्र लेखन ५०%, मध्यआवधिक पत्र लेखन ३०%, प्रस्तुति, उपस्थिति र मौखिक परीक्षा गरी २०% अङ्क विभाजन गरिएको छ । त्यस्तै वाह्य (अन्तिम) परीक्षाका लागि ६०% हुने व्यवस्था गरिएको छ । यसमा ४ लामो प्रश्नको ८०% र ४ सङ्क्षिप्त प्रश्नको २०% अङ्क विभाजन गरिएको छ ।

त्यस्तै Track and Field ( SPS 556) पाठ्यक्रम विद्यार्थीहरूलाई साउन्ड फाउन्डेसन, ट्र्याक र फिल्ड घटनाहरूको संक्षिप्त ऐतिहासिक विकासको बारेमा परिचित गराउने उद्देश्यका साथ तयार गरिएको हो । यसमा वैज्ञानिक प्रशिक्षण सिद्धान्त, विभिन्न ट्र्याक र फिल्ड घटनाहरूलाई विश्लेषण गरी अध्ययन गरिने छ । यसमा ट्र्याक र फिल्ड रेखाङ्कन गर्ने तरिकासँग पनि परिचित गराइने छ साथै यसमा केही बायोमेकानिकल र फिजियोलोजिकल विश्लेषणहरूको पनि अध्ययनबाट विद्यार्थीहरूलाई एथलेटिक्सको प्रकृति बुझ्न सहजता प्रदान गरिनेछ । त्यस्तै Volley Ball ( SPS 556) पाठ्यक्रम उन्नत सिपहरूको विकास गर्न र भलिबल खेलका रणनीतिहरू लागु गर्न डिजाइन गरिएको हो । यसमा भलिबलको सैद्धान्तिक र व्यवहारिक ज्ञान दिई यससँग सम्बन्धित सिप, रणनीति तय गर्न विद्यार्थीहरू सक्षम बनाउने उद्देश्य राखिएको छ । माथिका Track and Field र Volley Ball अन्तर्गत रहेको पत्रको मूल्याङ्कनको लागि पनि आन्तरिक र वाह्य मूल्याङ्कन पद्धति निर्धारण गरिएको छ । जसमा आन्तरिक मूल्याङ्कन ४०% हुने व्यवस्था गरिएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत उपस्थिति ५%, सिकाइ क्रियाकलापमा सहभागिता ५%, प्रस्तुति १०%, प्रतियोगिता आयोजना १०% र नोटबुक राख्ने १०% अङ्क विभाजन गरिएको छ । त्यस्तै वाह्य मूल्याङ्नका लागि ६०% अङ्क छुट्याइएको छ । जसमा विभिन्न सिपको प्रस्तुतिमा ४०% अङ्क र मौखिक परीक्षामा २०% अङ्क विभाजन गरिएको छ ।

### (ख) खेलकुद विज्ञानमा स्नातकोत्तर कार्यक्रम (दोस्रो सत्र)

खेलकुद विज्ञानमा स्नातकोत्तर कार्यक्रमको दोस्रो सेमिस्टरमा Biomechanics and Scientific Principles of Games and Sports (SPS 561), Sport Training, Coaching Science and Officiating (SPS 562), Specialization (SPS 563)अन्तर्गत Sports Medicine and Exercise Physiology-I Or Sports Management-I Or Sports Pedagogy-I राखिएको छ । त्यस्तै Health and Physical Fitness (SPS 565) र Ball Games (Football /Basket ball) (SPS 566) विषयको पाठ्यक्रम निर्धारण

गरिएको छ । यस पाठ्यक्रमका सबै विषय क्षेत्रहरूमा ३/३ पाठ्यघण्टा गरी जम्मा १५ पाठ्यघण्टा तोकिएको छ ।

Biomechanics and Scientific Principles of Games and Sports ( SPS 561)) पाठ्यक्रम विद्यार्थीहरूलाई बायोमेकानिक्स (व्यायाम र खेलकुद) र किनेसियोलोजी (खेलकुदको घटनाको नतिजा) मा उन्नत ज्ञान दिने र परिचित गराउने उद्देश्यका साथ तयार गरिएको हो । त्यस्तै Sport Training, Coaching Science and Officiating (SPS 562) पाठ्यक्रम विद्यार्थीहरूलाई उन्नत ज्ञान, विचार र प्रशिक्षणका रणनीतिहरूसँग परिचित गराउन डिजायन गरिएको हो । यसमा कोचिङ विज्ञानलाई परिचित गराइएको छ । यस पाठ्यक्रममा विद्यार्थीहरूलाई आधारभूत प्रशिक्षणका ढाँचाहरू प्रशिक्षण गराउने योजनाहरूका साथ अभिमूख गर्ने लक्ष्य राखिएको छ । Sports Medicine and Exercise Physiology-I (SPS 563) पत्रको पाठ्यक्रम ऐच्छिक पत्र हो । यो पाठ्यक्रम विद्यार्थीहरूलाई व्यायाम र खेलकुदसँग सम्बन्धित उन्नत ज्ञानका साथ परिचित गराउन डिजायन गरिएको हो । यसमा प्रशिक्षण र अभ्यासमा मानव शरीर रचना साथै फिजियोलोजिको विस्तृत ज्ञानसँग परिचित गर्न अभिप्ररित गरिएको छ । यो पाठ्यक्रम ऐच्छिक हो । यो विद्यार्थीहरूले आफ्नो रुचि र क्षमताअनुसार छनौट गर्न सक्दछन् । Sports Management-I (SPS 563) पत्रको पाठ्यक्रम पनि ऐच्छिक पत्र हो । यो पाठ्यक्रम विद्यार्थीहरूका लागि खेलकुद व्यवस्थापनको प्रारम्भिक ज्ञानका साथै परिचित गराउन डिजायन गरिएको हो । यसले खेलकुद कार्यक्रम व्यवस्थापन, सङ्गठनहरूमा नेतृत्व, खेलकुद अर्थशास्त्र र खेलकुद प्रशासनका सिप विकासलाई प्राथमिकता दिएको छ । Sports Pedagogy-I (SPS 563) पत्रको पाठ्यक्रम पनि ऐच्छिक पत्र हो । यो पाठ्यक्रम विद्यार्थीहरूलाई खेलकुद शिक्षाको प्रारम्भिक ज्ञानसँग परिचित गराउन डिजाइन गरिएको हो । यसले खेलकुद शिक्षशास्त्र, सिकाइको सिप, विद्यार्थीहरूको उत्प्रेरणा, व्यक्तिगत वृद्धि र खेलकुद क्षेत्रमा समावेशीकरणका आवश्यकताहरूको पहिचान गर्ने सिपहरूको विकास गर्ने उद्देश्य राखेको छ । यस सत्रमा माथि उल्लेखित तीन ओटा (SPS 563) पत्रहरूमध्ये कुनै एक छनौट गरी अध्ययन गर्न सकिने व्यवस्था गरिएको छ । त्यस्तै Health and Physical Fitness (SPS 565) पाठ्यक्रम विद्यार्थिहरूलाई शारीरिक तन्दुरुस्तीको अवधारणासँग परिचित गराउन डिजाइन गरिएको हो । यसबाट विद्यार्थीहरू कसरी फिट र स्वस्थ रहन सकिन्छ भन्ने विषयमा परिचित हुनेछन् र उनीहरूको यस सम्बन्धमा ज्ञानको विकास हुनेछ । यसमा फिटनेस कायम गर्ने सैद्धान्तिक र व्यवहारिक दुवै ज्ञान दिने पक्ष समेटिएको छ । माथिका SPS 561, 562, 563 565 पत्रको मूल्याङ्कन प्रक्रिया आन्तरिक र वाह्य दुवै तरिकाबाट हुने व्यवस्था गरिएको छ । जसमा आन्तरिक मूल्याङ्कन

४०% हुने व्यवस्था गरिएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत आवधिक पत्र लेखन ५०%, मध्यआवधिक पत्र लेखन ३०%, प्रस्तुति, उपस्थिति र मौखिक परीक्षा गरी २०% अङ्क विभाजन गरिएको छ । त्यस्तै वाह्य (अन्तिम) परीक्षाका लागि ६०% हुने व्यवस्था गरिएको छ । यसमा २ लामो प्रश्नको २०% र ८ सङ्क्षिप्त प्रश्नको ४०% अङ्क विभाजन गरिएको छ ।

त्यस्तै, Ball Games (Football /Basket ball) (SPS 566) पाठ्यक्रम बास्केटबल र फुटबलमा उन्नत सिपहरू विकास गर्न र खेलका रणनीतिहरू लागु गर्न डिजाइन गरिएको हो । खेलमा नोटको विकास गर्ने, बास्केटबल र फुटबलमा सैद्धान्तिक र व्यवहारिक ज्ञान दिने साथै यससँग सम्बन्धित टुर्नामेटको आयोजना गर्न सक्षम गराउने उद्देश्य पनि राखिएको छ । यसमा पनि विद्यार्थी मूल्याङ्कनका लागि आन्तरिक र वाह्य गरी निर्धारण गरी विद्यार्थीहरूको मूल्याङ्कन गरिने व्यवस्था गरिएको छ । यसमा आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था गरिएको छ । जसमा आन्तरिक मूल्याङ्कन ४०% हुने व्यवस्था गरिएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत उपस्थिति ५%, सिकाइ क्रियाकलापमा सहभागिता ५%, प्रस्तुति १०%, प्रतियोगिता आयोजना १०% र नोटबुक राख्ने १०% अङ्क विभाजन गरिएको छ । त्यस्तै वाह्य मूल्याङ्नका लागि ६०% अङ्क छुट्याइएको छ । जसमा विभिन्न सिपको प्रस्तुतिमा ४०% अङ्क र मौखिक परीक्षामा २०% अङ्क विभाजन गरिएको छ ।

### (ग) खेलकुद विज्ञानमा स्नातकोत्तर कार्यक्रम (तेस्रो सत्र)

खेलकुद विज्ञानमा स्नातकोत्तर कार्यक्रमको तेस्रो सत्रअन्तर्गत Research Methodology (SPS 571), Specialization ( SPS 572) अन्तर्गत Sport Medicine and Exercise Physiology-II Or Sports Management-II or Sports Pedagogy-II राखिएको छ । त्यस्तै Field Games (SPS 573) अन्तर्गत (Cricket/Taekwondo/Karate) राखिएको छ । Test, Measurement and Kinathropometry in Games and Sports (SPS 574), Racket Games (SPS 575) अन्तर्गत (TableTennis/Badminton) अध्ययन गर्न पाउने व्यवस्था गरिएको छ । यस पाठ्यक्रमका सबै विषय क्षेत्रहरूमा ३/३ पाठ्यघण्टा गरी जम्मा १८ पाठ्यघण्टा तोकिएको छ ।

Research Methodology (SPS 571) पाठ्यक्रम विद्यार्थीहरूलाई अनुसन्धानको भाषा, दृष्टिकोणहरू र अनुसन्धानको बारेमा आफ्ना बुझाइहरूलाई अगाडि बढाउने अवसर प्रदान गर्न डिजाइन गरिएको हो । यसमा अनुसन्धानको अवधारणा, प्रकार, साहित्यको समीक्षा, अनुसन्धानको

खाका, सामग्री सङ्कलन, उपकरणहरू, डेटाको व्याख्या र विश्लेषणको परिचय दिई विद्यार्थीहरूले डेटाको विश्लेषण गर्न सकून् भन्ने उद्देश्य राखिएको छ । विशिष्टीकरण (SPS 572) अन्तर्गत Sport Medicine and Exercise Physiology-II ऐच्छिक पत्र हो । यस पत्रको पाठ्यक्रम श्वासप्रश्वास प्रणाली, व्यायम गर्न हर्मोनल नियमहरू, मेटाबोलिज्म र आधारभूत ऊर्जा प्रणाली र प्रशिक्षणका बारेमा ज्ञान प्रदान गर्न डिजाइन गरिएको छ । यो ऐच्छिक पत्र र दोस्रो सत्रमा एउटै विषय पढिसकेका विद्यार्थीहरूले मात्र यो पत्र छनोट गर्न योग्य हुने व्यवस्था गरिएको छ । विशिष्टीकरण ( SPS 572) अन्तर्गत Sports Management-II पत्र पनि ऐच्छिक पत्र नै हो । पाठ्यक्रम विद्यार्थीहरूलाई खेलकुद व्यवस्थापनका विभिन्न पक्षहरूसँग परिचित गराउने उद्देश्यका साथ तयार गरिएको हो । यसबाट विद्यार्थीहरू खेलकुद सुविधा व्यवस्थापन र मानव संसाधनको व्यवस्थापन, प्रयोजन र समाजिक उत्तरदायित्व, सार्वजनिक सम्बन्ध र खेलको बजार व्यवस्थापन सिपको विकास गर्न सक्षम हुनेछन् । विशिष्टीकरण (SPS 572) अन्तर्गत Sports Pedagogy-II पत्र पनि ऐच्छिक पत्र हो । यसको हाल पाठ्यक्रम निर्धारण गरिएको पाइदैन । Test, Measurement and Kinathropometry in Games and Sports (SPS 574) पाठ्यक्रम विद्यार्थीहरूलाई मापन र मूल्याङ्कन प्रविधिहरू र खेल तथा खेलकुदका व्यवस्थापनहरूमा त्यसको प्रयोगसँग परिचित गराउन डिजाइन गरिएको हो । यसले परीक्षण निर्माण, ग्रेडिङ, वैकल्पिक मूल्याङ्कनका रणनीतिहरू, ज्ञानको मापन, फिटनेस र खेलकुद सिपहरूको सैद्धान्तिक र व्यवहारिक पक्षको ज्ञान प्रदान गर्दछ । माथिको SPS 571, 572 र 574 पत्रको मूल्याङ्कनका लागि आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था गरिएको छ । जसमा आन्तरिक मूल्याङ्कन ४०% हुने व्यवस्था गरिएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत आवधिक पत्र लेखन ५०%, मध्यआवधिक पत्र लेखन ३०%, प्रस्तुति, उपस्थिति र मौखिक परीक्षा गरी २०% अङ्क विभाजन गरिएको छ । त्यस्तै वाह्य (अन्तिम) परीक्षाका लागि ६०% हुने व्यवस्था गरिएको छ । यसमा २ लामो प्रश्नको २०% र ८ सङ्क्षिप्त प्रश्नको ४०% अङ्क विभाजन गरिएको छ ।

Field Games (SPS 573) अन्तर्गत क्रिकेट राखिएको छ । यो पाठ्यक्रम विद्यार्थीहरूलाई क्रिकेटको उन्नत सिपहरू प्रदान गर्न र क्रिकेट खेल्दा खेलका रणनीतिहरू लागु गर्न डिजाइन गरिएको हो । यसमा खेलको सैद्धान्तिक र व्यवहारिक ज्ञान दिने लक्ष्य राखिएको छ । यस पत्रको मुख्य उद्देश्य क्रिकेटको आधारमूत सिपको ज्ञान, अभ्यास र प्रदर्शन साथै क्रिकेटको कोचिङ, र प्रतियोगिता सञ्चालन गर्न सक्षम बनाउने रहेको छ । तर Field Games (SPS 573) अन्तर्गत Taekwondo/Karate को पाठ्यक्रम निर्धाराण गरिएको पाइदैन । Racket Game अन्तर्गत ब्याडमिन्टन (SPS 575) पाठ्यक्रम विद्यार्थीहरूलाई ब्याडमिन्टनको उन्नत सिपहरूसँग परिचित

गराउन र ब्याडमिन्टन खेल्दा खेल रणनीतिहरू कसरी तय गर्ने भन्ने विषयमा ज्ञान दिन डिजाइन गरिएको हो । यो ऐच्छिक पत्र हो । यस पाठ्यक्रमको मुख्य उद्देश्य ब्याडमिन्टनको आधारभूत सिपहरूको अभ्यास र प्रदर्शनमा जोड दिई त्यसको कोचिङ रणनीतिहरूको अभ्यास गर्नु साथै विद्यार्थीहरूलाई ब्याडमिन्टन प्रतियोगिता सञ्चालन गर्ने अनुभव प्रदान गर्नु रहेको छ । Racket Game अन्तर्गत टेबल टेनिस (SPS 575) पाठ्यक्रम विद्यार्थीहरूलाई टेबल टेनिस खेलमा उन्नत सिपहरूको विकास गर्न र खेल रणनीतिहरू लागु गर्न डिजाइन गरिएको हो । यस पाठ्यक्रममा टेबल टेनिससँग सम्बन्धित सैद्धान्तिक र व्यवहारिक पक्षहरू समावेश गरिएको छ । यो एक ऐच्छिक पत्र हो । यस पाठ्यक्रको मुख्य उद्देश्य विद्यार्थीहरूलाई टेबल टेनिसको कोचिङ रणनीतिहरूसँग परिचित गराई त्यससँग सम्बन्धित अभ्यास र सिपहरू प्रदर्शनलाई जोड दिनु साथै टेबलटेनिस प्रतियोगिताहरूमा अफिसिएटिङ अनुभवहरू प्रदान गर्नु हो । माथिको SPS 573 र 575 पत्रको मूल्याङ्कनका लागि पनि आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था गरिएको छ । जसमा आन्तरिक मूल्याङ्कन ४०% हुने व्यवस्था गरिएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत उपस्थिति ५%, सिकाइ क्रियाकलापमा सहभागिता ५%, प्रस्तुति १०%, प्रतियोगिता आयोजना १०% र नोटबुक राख्ने १०% अङ्क विभाजन गरिएको छ । त्यस्तै वाह्य मूल्याङ्नका लागि ६०% अङ्क छुट्याइएको छ । जसमा विभिन्न सिपको प्रस्तुतिमा ४०% अङ्क र मौखिक परीक्षामा २०% अङ्क विभाजन गरिएको छ ।

**(घ) खेलकुद विज्ञानमा स्नातकोत्तर कार्यक्रम (चौथो सत्र)**

चौथो सेमेस्तरअन्तर्गत Thesis ( SPS 581), Organization of Coaching Camps and Sport meet, Management in respective game (SPS 582) ऐच्छिक (कुनै एक) (SPS 583) Leisure Sports अथवा Sports Journalism, National and International Organization of Sport (584) पाठ्यक्रमका विषय क्षेत्रहरू निर्धारण गरिएको छ । जसमा Thesis को ६ पाठ्यघण्टा र अरुको ३/३ पाठ्यघण्टा कायम गरी जम्मा १५ पाठ्यघण्टा तोकिएको छ ।

Thesis (SPS 581) को पाठ्यक्रम विद्यार्थीहरूलाई सत्रभित्र अनुसन्धान कार्य पूरा गर्न मद्दत गर्नका लागि व्यवहारिक र पाठ्यक्रममा आधारित अनुसन्धान ज्ञानको साथ परिचित गराउन डिजाइन गरिएको हो । यो पाठ्यक्रमले विद्यार्थीहरूलाई लेखन सिप प्रदान गर्दछ । यसका साथै शोधकार्यसँग सम्बन्धित सैद्धान्तिक र व्यवहारिक पक्षले शोधकार्य गर्न तालिम पनि प्रदान गर्दछ र यससँग सम्बन्धित पर्यवेक्षण गर्न र पर्यवेक्षक बन्ने सिप पनि प्रदनन गर्दछ । यसमा मूल्याङ्कनका लागि पाठ्यक्रमअन्तर्गत कार्य २०%, शोधप्रस्ताव लेखन २०% र शोधपत्र लेखन (अन्तरवार्ता) सहित ५०% रहने व्यवस्था गरिएको छ ।

Organization of Coaching Camps and Sport meet, Management in respective game (SPS 582) पाठ्यक्रम विद्यार्थीहरूलाई खेलकुद कोचिङ र प्रतियोगिता आयोजनाका विभिन्न पक्षहरूसँग व्यवहारिकरूपमा दक्ष बनाउन डिजाइन गरिएको हो । यस पाठ्यक्रमअनुसार कोचिङ कार्यक्रमको अनुभव लिन विद्यार्थीहरूलाई विभिन्न विद्यालयमा पठाइने व्यवस्था गरिएको छ । त्यसपछि हाउसमा विभाजित विद्यार्थी वा अन्तरविद्यालय (टोलीको सङ्ख्याअनुसार) प्रतियोगिता आयोजना गरी व्यवहारिकरूपमा सक्षम बनाइने छ । यसमा मूल्याङ्कनको लागि आन्तरिक ४०% रहने व्यवस्था गरिएको छ । जसमा उपस्थिति ५%, प्रशिक्षण योजनाको तयारी ५%, प्रशिक्षण कार्यक्रमको आयोजना १५ % र टुर्नामेन्ट आयोजना १५ % अङ्क विभाजन गरिएको छ । त्यसै गरी वाह्य मूल्याङ्कनमा ६०% अङ्क विभाजन गरिएको छ, जसमा प्रतिवेदन लेखन ३०% र जुन मौखिक परीक्षा ३०% को हुने व्यवस्था गरिएको छ ।

ऐच्छिक (SPS 583) Leisure Sports पत्रको पाठ्यक्रम विद्यार्थीहरूलाई खेलकुदको ज्ञान, यसको महत्त्व र व्यक्तिगत स्वास्थ्य र कल्याणमा योगदान साथै सामुदायिक जीवनको गुणस्तर बढाउनको लागि डिजाइन गरिएको हो । मनोरञ्जन समग्ररूपमा समुदाय र देशको विकासको लागि सबैभन्दा उर्वर अवसरहरूमध्ये एक हो । त्यसैले यसमा फुर्सद र मनोरञ्जनको आवश्यश्यक्ताको आधारभूत अवधारणा, विश्वभर चलिरहेको प्रणली तथा कार्यक्रमको पहिचान गरी विश्वमा खेलकुद र अन्य मनोरञ्जनका गतिविधिहरूको सामाजिक-आर्थिक विश्लेषणको बारेमा छलफल गर्ने उद्देश्य राखिएको छ । ऐच्छिक (SPS 583) Sports Journalism को पाठ्यक्रम हाल समावेश गरेको पाइदैन । त्यस्तै, National and International Organization of Sport (584) पाठ्यक्रम विद्यार्थीहरूलाई खेल र खेलकुदको राष्ट्रिय र अन्तर्राष्ट्रिय ज्ञान प्रदान गर्न डिजाइन गरिएको हो । यसमा देश र विश्वभर खेलकुदको विकासमा संस्थाहरूले कसरी काम गर्छन भन्ने सैद्धान्तिक ज्ञान प्रदान गर्ने उद्देश्य राखिएको छ तर यसमा विद्यार्थीहरूले सङ्गठनहरूले कसरी कार्य गर्दछन भन्ने जानकारी लिन राष्ट्रिय सङ्घहरूको भ्रमण गर्नुपर्ने छ । माथिका SPS 583 र SPS 584 को आन्तरिक मूल्याङ्कन ४०% हुने व्यवस्था गरिएको छ । यसअन्तर्गत आवधिक पत्र लेखन ५०%, मध्यआवधिक पत्र लेखन ३०%, प्रस्तुति, उपस्थिति र मौखिक परीक्षा गरी २०% अङ्क विभाजन गरिएको छ । त्यस्तै वाह्य (अन्तिम) परीक्षाका लागि ६०% हुने व्यवस्था गरिएको छ । यसमा २ लामो प्रश्नको २०% र ८ सङ्क्षिप्त प्रश्नको ४०% अङ्क विभाजन गरिएको छ ।

### २.४.३.४. गण्डकी विश्वविद्यालयमा खेलकुद व्यवस्थापनमा स्नातक कार्यक्रम (BSM)

Bachelor in Sports Management (BSM) कार्यक्रम गण्डकी विश्वविद्यालयको चार वर्षको पूर्णसमय अध्ययन कार्यक्रम हो । यो कार्यक्रम ८ सत्रहरूमा विभाजन गरिएको छ, जसमा १५६ शैक्षिक पाठ्यघण्टासहित ५२ पाठ्यक्रमहरू समावेश गरिएको छ । यस पाठ्यक्रमको मुख्य विषय क्षेत्रहरू, मुख्य र व्यवहारिक तत्त्वहहरूमा निर्माण गरिएको छ । यसले विद्यार्थीहरूलाई व्यवसायिकरूपमा दक्ष बनाउने र सिकाइ क्षमताहरू साथै खेलकुद व्यवस्थापकीय काम र उन्नत व्यवस्थापन ज्ञान प्रदान गर्दछ । यसको पाठ्यक्रमले खेलकुदमा नेतृत्व विकासलाई पनि प्राथमिकता दिएको छ । नेपाली युवाहरूलाई खेलकुद र व्यवासायिक प्रबन्धक बन्नका लागि आलोचनाच्मक र रचनात्मक कौशलको सोच साथै तालिम दिने र उनीहरूको सञ्चार र समस्या समाधान गर्ने सिपहरूको विकास गर्ने उद्देश्य राखेको छ । यो अध्ययन पूरा गरेपछि विद्यार्थीहरू खेलकुद व्यवस्थापनमा विशेष विशेषज्ञता हासिल गरी खेलकुद व्यवस्थापनमा आफ्नो ज्ञान प्रर्दशन गर्न सक्षम हुनेछन् । यस विषयको पाठ्यक्रमले विद्यार्थीहरूमा खेलकुदसँग सम्बन्धित उद्यमशीलताको विकास गराउने छ र खेलकुद विशेषज्ञ वा प्रबन्धकको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम हुने लक्ष्य राखिएको छ । यसमा विद्यार्थी मूल्याङ्कनको लागि आन्तरिक र वाह्य परीक्षाको व्यवस्था गरिएको छ । यसमा विषय क्षेत्रका पत्रहरूका अनुसार प्रयोगात्मक र मौखिक परीक्षाको पनि व्यवस्था गरिएको छ ।

नेपालको शिक्षा भन्नाले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म पाठ्यक्रमका आधारमा गरिने औपचारिक पठन पाठनलाई बुझ्नु पर्दछ । शिक्षासम्बन्धी ऐन नियमले निर्धारण गरेको शिक्षाको संरचनाभित्र खेलकुदका विषयलाई कसरी राखिएको छ भन्ने कुराको अध्ययनबाट नेपालमा खेलकुद शिक्षाको बारेमा विश्लेषण गर्न सकिन्छ । यसका लागि विद्यालय तथा विश्वविद्यालय तहमा खेलकुद शिक्षालाई कसरी र कुन रूपमा अध्ययन अध्यापन गराइएको छ भन्ने कुराको विश्लेषण गर्नु पर्दछ । यस विषयलाई निम्नअनुसार उल्लेख गरिएको छ :

### २.४.४. विद्यालय शिक्षा र उच्च शिक्षामा खेलकुद शिक्षा

विद्यालय शिक्षाको संरचनाअनुसार विद्यालय तहका कक्षाहरू र नेपालमा सञ्चालित विश्वविद्यालयमा खेलकुद शिक्षालाई कसरी राखिएको छ भन्ने कुराको स्पष्टताका लागि तलको तालिका प्रस्तुत गरिएको छ :

(क) विद्यालय तह

| कक्षा | खेलकुद शिक्षाको व्यवस्था | | छ भने कुन स्वरूपमा छ ? | स्रोत |
|---|---|---|---|---|
| | छ ? | छैन ? | | |
| प्रारम्भिक कक्षा | √ | – | खेलकुद क्रियाकलापलाई शारीरिक क्रियाकलापभित्र राखिएको छ । यसमा खेलकुदसँग सम्बन्धित हिँड्ने, सिंढी चढ्ने, सिंढी ओर्लने, उफ्रिने, दौडिने, बल फ्याँक्ने, तालअनुसार हिँड्ने, झुन्डिने सामूहिक खेलमा सहभागी हुने, खेलको नियम पालना गर्ने जस्ता विषयवस्तु वा क्रियाकलाप गराइने विषय समावेश गरिएको छ । | प्रारम्भिक कक्षा पाठ्यक्रम |
| आधारभूत तह (१-३) | √ | – | यसमा विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा विषयभित्र खेलकुदसम्बन्धी विषयहरू एकिकृत रूप छ । यस विषयका लागि पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ को समय छुट्याइएको छ । यसमा स्वास्थ्य र शारीरिक शिक्षासँग सम्बन्धित विषयभित्र खेलकुदका विषय समावेश गरिस्को छ । यसमा ताल मिलाएर हिँडाइ, साधारण दौड (२० मी.-३० मी. सम्म), सानो हाइजम्प, हपिङ, कवाज, भकुन्डो, खेलहरूका साथै अन्य सिर्जनात्मक अभिनयात्मक र स्थानीय खेलका विषय समावेश गरिएको छ । | |
| आधारभूत तह (४ र ५) | √ | – | यसमा स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला विषयलाई एकीकृतरूपमा राखिएको छ । यस विषयका लागि वार्षिक ३ पाठ्यघण्टा र ९६ कार्यघण्टा तोकिएको छ । यसमा कदम मिलाउनेसहितको हिँडाइ, दौड (३० मी. देखि ७५ मी. सम्म), रिले दौड, साधारण लङ्जम्प, साधारण हाइजम्प, क्रस स्किपिङ, समूह स्पिकिङ, पोल र डोरी चढ्ने, लक्क ढाल, डन्डिबियो, बवाजका साथै अन्य स्थानीय सिर्जनात्मक र अभिनयात्मक खेललाई पाठ्यक्रममा समावेश गरिएको छ । यसमा ५०% अङ्कमा अवधिक परीक्षा र ५०% अङ्कभारको निरन्तर मूल्याङ्कन तोकिएको छ । | आधारभूत तहको पाठ्यक्रम |
| आधारभूत तह (६-८) | √ | – | यस तहमा 'स्वास्थ्य तथा शारीरिक' विषय अध्यापनका लागि समावेश गरिएको छ । यसमा वार्षिक पाठ्यघण्टा ३ र वार्षिक कार्यघण्टा ९६  यही विषयभित्र खेलकुद | आधारभूत तहको |

| | | | | |
|---|---|---|---|---|
| | | | शिक्षालाई समावेश गरिएको छ । यसमा कसरत, कवाज, शारीरिक व्यायाम, योग, भलिबल, फुटबल, बास्केटबल, कबड्डि, खोखो, क्रिकेट, एथलेटिक्समा छोटो दौड, मझौला दौड, लामो दौड, लङ्जम्प, हाइजम्प, सटपुट, रिले दौड आदि खेलको परिचय, खेलको सामान्य नियम, खेल खेल्ने अभ्यास गराउने पाठ्यक्रम तयार गरिएको छ । यसमा शारीरिक शिक्षाका लागि अङ्कमा ५० छुट्याइएको छ । | पाठ्यक्रम |
| माध्यमिक शिक्षा (९र १०) | √ | – | यसमा साधारणतर्फ ऐच्छिक दोस्रो समूहअन्तर्गत स्वास्थ्य र शारीरिक शिक्षा [Hpe. 203] समूहअन्तर्गत खेलकुद विज्ञान राखिएको छ । यसमा खेलकुदको परिचय, आवश्यक्ता, व्यवस्थापन, इतिहास आदि विविध पक्षको सैद्धान्तिक ज्ञान समावेश गरिएको छ । यसमा ५०% आन्तरिक र ५०% बाह्य मूल्याङ्कनको व्यवस्था गरिएको छ । | http://202.45.146.138/elibrary/pages/view.php?ref=9872&k=# |
| ११ र १२ | √ | – | माध्यमिक शिक्षा कक्षा ११ मा ऐच्छिक विषयको रूपमा खेलकुद विज्ञान (Sps. 445) राखिएको छ र कक्षा १२ मा ऐच्छिकअन्तर्गत खेलकुद विज्ञान ( Sps. 445) नै रहेको छ । यसको पठन पाठनका लागि साप्ताहिक पाठ्यघण्टा ५ र वार्षिक कार्यघण्टा १६० (प्रयोगात्मक ८० र सैद्धान्तिक ८०) तोकिएको छ । खेलकुद विज्ञान माध्यमिक तहमा नयाँ क्षेत्रका रूपमा समावेश गरिएको हो । यसमा सैद्धान्तिक ज्ञान र प्रयोगात्मक सिपको संयोजन गरिएको छ । | http://www.neb.gov.np/uploads/photos/fgirq8aAX9160808093252.pdf<br>र माध्यमिक शिक्षा पाठ्यक्रम, २०७६ (खेलकुद विज्ञान) |

**(ख) विश्वविद्यालयको तह**

| क्र. सं. | विश्वविद्यालय को नाम | स्थापना | खेलकुद शिक्षा | | खेलसँग सम्बन्धित विषयको पठनपाठन | | छ भने कुन तह | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | छ ? | छैन ? | छ ? | छैन ? | | |
| १. | त्रिभुवन विश्वविद्यालय | २०१६ | √ | – | √ | – | एम.ए. मा इन स्पोर्ट साइन्स बि.एड.मा स्वास्थ तथा शारीरिक शिक्षा विभाग | वेभसाइट, विभागीय प्रमुख स्पोटस् साइन्स - (गंगाबहादुर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | एम.एड.मा शारीरिक शिक्षाअन्तर्गत | थापा) |
| २. | नेपाल संस्कृति विश्वविद्यालय | २०४३ | – | √ | | | | वेभसाइट, उपकुलपति प्रा.डा.यादवप्रसाद लामिछाने |
| ३. | मध्यपश्चिम विश्वविद्यालय | २०६७ | √ | – | | | Yoga and port Academy सञ्चालनका लागि विश्वविद्यालय सभाबाट पास भएको | वेभसाइट, उपकुलपति प्रा.डा. नन्दबहादुर सिंह |
| ४. | गण्डकी विश्वविद्यालय | २०७६ | √ | – | | | Bachelor in Sports Management (BSM) | https://gandakiuniversity.edu.np/degrees-and-programs/ |
| ५. | काठमाडौँ विश्वविद्यलय | २०४८ | – | √ | | | | वेभसाइट, सहायक डिन मानविकी डा.मेघराज दङ्गाल |
| ६. | सुदूरपश्चिम विश्वविद्यालय | २०६७ | – | √ | | | | वेभसाइट, उपकुलपति प्रा.डा. अम्मराज जोशी |
| ७. | पूर्वाञ्चल विश्वविद्यालय | २०५२ | – | √ | | | | वेभसाइट, मानविकी डिन प्रा.डा. अनिल पोखरेल |
| ८. | नेपाल खुला विश्वविद्यालय | २०१६ | √ | – | | | | https://www.nou.edu.np/ |
| ९. | लुम्बिनी बौद्ध विश्वविद्यालय | २०६१ | √ | – | | | | https://lbu.edu.np/about-us/ |
| १०. | कृषि तथा वन विश्वविद्यालय | २०६७ | √ | – | | | | वेभसाइट |
| ११. | राजश्री जनक विश्वविद्यालय | २०७४ | √ | – | | | | https://www.rju.edu.np/index.php |

### २.४.५. खेल विश्वविद्यालयमा समावेश पाठ्यक्रमका सम्भावित विषय क्षेत्रहरू

वर्तमानमा खेलकुदको आवश्यकता र महत्त्व बढ्दै गएको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका विद्यालय तथा विश्वविद्यालयहरूमा खेलकुदलाई एकीकृत पाठ्यक्रममा तथा छुट्टै विषयका रूपमा समावेश गरिएको पाइन्छ। यस किसिमबाट खेलकुदलाई पाठ्यक्रममै जोडेर अध्ययन, अध्यापन तथा प्रयोगात्मक अभ्यासहरू गराउनुले शरीरमा तन्तुरुस्ती तथा जनस्वास्थ्यमा दिनानुदिन चासो बढ्दै गएको प्रस्ट हुन आउँछ। त्यसैले खेल विश्वविद्यालयको स्थापनामा समावेश पाठ्यक्रमा सम्भावित खेलकुदसँग सम्बन्धित विषयक्षेत्रहरू निम्नरूपमा प्रस्तुत गरिन्छ :

**(क)** खेलकुद चिकित्सा (Sport Medicine) (ख) खेलकुद मनोविज्ञान (Sport Psychology)

(ग) गति विज्ञान (Kinesiology) (घ) खेलकुद प्रशिक्षण (Sport Training),

(ङ) एथलेटिक्स (Athletics), (च) कसरत क्रियाविज्ञान (Exervise physiology),

(छ) जीवयान्त्रिकी (Biomechanics), (ज) खेलकुद चिकित्सा (Sport Medicine),

(झ) खेलकुद समाजशास्त्र (Sport Sociology), (ञ) खेलकुद प्रशिक्षण (Sport Training

(ट) खेलकुद व्यवस्थापन (Sport Management)

(ठ) खेलकुद व्यवस्थापन खेलकुदमा शारीरिक मापन (Anthropometric measurement),

(ड) योगविज्ञान र शारीरिक तन्दुरुस्ती (Yog Science and physical fitness),

(ढ) खेलहरू (Games) (ब्याटमिन्टन, टेबलटेनिस, क्रिकेट, खो खो, कबड्डी, कराँते, तेक्वान्डो, जुडो, पौडी )


(ण) फरक क्षमता भएकाहरूलाई खेलकुद (Athletes for differently able people)

### २.४.६. नेपालमा खेलकुद शिक्षा अध्ययन अध्यापनको अवस्थाबारे सर्वेक्षणको नतिजा

सर्वेक्षणमा सहभागी कुल २६३ उत्तरदाताहरुले नेपालमा खेलकुद शिक्षा अध्ययन अध्यापनको अवस्थाबारे मिश्रित प्रतिक्रिया दिएका छन्। तपाइँलाई नेपालमा खेलकुदसम्बन्धी अध्ययन अध्यापनको अवस्था कस्तो पाउनुभएको छ भन्ने प्रश्नमा ५२% ले ठिकै, १३ % ले राम्रो र १२% ले

धेरै राम्रो रहेको बताएका छन् । सहभागीहरूमध्ये २३% ले भने नेपालमा खेलकुद विषय अध्ययन अध्यापनको अवस्था नराम्रो रहेको जनाएका छन् ।

**चित्र नं. ८ नेपालमा खेलकुद शिक्षा अध्ययन अध्यापनको अवस्था वृत्तचित्रमा (N=२६३)**





स्रोत : सर्वेक्षण, २०७८

**खेलकुद विषय अध्ययन गर्ने चाहना**

सर्वेक्षणमा सहभागीहरूलाई अनुकुल मिलेको भए तपाइँलाई खेलकुद पढ्न कतिको मन थियो भनेर सोधिएको थियो । यस प्रश्नमा ७४% उत्तरदाताहरूले खेलकुद विषय पढ्ने इच्छा धेरै रहेको बताएका छन् । ठिकै इच्छा रहेको बताउनेहरू पनि १८ % छन् । अत्यन्तै कम वा करिब ८% उत्तरदाताले मात्र खेलकुद विषय पढ्ने इच्छा नरहेको जनाएका छन् ।

चित्र नं. ९. खेलकुद विषय अध्ययन गर्ने चाहना (N=२६३)




स्रोत : सर्वेक्षण, २०७८

खेलकुद विषय पढ्ने मन नभएका उत्तरदाता (करिब ८ प्रतिशत) लाई तपाइँलाई किन खेलकुद विषय पढ्ने इच्छा नभएको भनेर सोधिएको अर्को प्रश्नमा उनीहरूमध्ये अधिकांशले रुचि नभएको बताएका छन् भने बाँकीले चाहिँ जागिर पाउने सम्भावना कम भएर भन्ने जवाफ दिएका छन् ।

## २.५. नेपालमा खेलकुद तालिम तथा प्रशिक्षणको अवस्था

### २.५.१. परिचय

नेपाली खेलाडीहरूलाई तालिम र प्रशिक्षणका माध्यमबाट खेलकुदमा अभिप्रेरित गर्ने लामो परम्परा रहेको छ । खेलकुद विषयको पठनपाठन निकै पछिमात्र भएकोले पनि वर्तमान अवस्थामा तालिम र प्रशिक्षणको महत्त्व बढी हुने गएको छ । आजसम्म पनि नेपाली खेलकुदको विकास सरकारी तथा निजी सङ्घसंस्था तथा क्लबहरूले प्रदान गर्ने खेलाडी तालिम तथा प्रशिक्षणमा निर्भर रहेको देखिन्छ । नेपालमा तालिम तथा प्रशिक्षणको परम्परा हेर्दा नेपाली सेनाले सन् १९५१ देखि यसको प्रारम्भ गरेको पाइन्छ । यसबेला नेपाली सेनाले भारतको नयाँ दिल्लीमा आयोजित एसियाली खेलकुद प्रतियोगितामा भाग लिएको थियो । सो समयमा खेलाडीहरूलाई प्रतियोगितामा सहभागी हुनुअघि तयारी तालिम तथा प्रशिक्षण दिइएको थियो । त्यसपछि क्रमशः नेपालले घरेलु र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता जनाउन थालेकाले खेलकुद तालिम तथा प्रशिक्षणको विकास र विस्तारको महत्त्व बढ्दै आएको देखिन्छ ।

नेपालमा खेलकुद क्षेत्रको विकासका लागि तालिम तथा प्रशिक्षणलाई आवधिक योजनाहरूले पनि विशेष प्राथमिकतामा राखेको पाइन्छ । दोस्रो र तेस्रो योजनाले खेलकुदको विकासका लागि खेलाडी प्रशिक्षण र विद्यालयका शिक्षकहरूलाई तालिम प्रदान गर्ने नीति अख्तियार गरेको छ । तेस्रो योजनामा त शारीरिक शिक्षाको प्रवर्द्धनका लागि आवश्यक बजेटको समेत व्यवस्था गरिएको देखिन्छ । दोस्रो योजनाले व्यवस्था गरेको राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्लाई खेलकुद तालिम तथा प्रशिक्षणको जिम्मेवार निकायको रूपमा लिइएको पाइन्छ । आठौँ योजनाले जिल्ला तथा क्षेत्रीयरूपमा खेलकुद प्रशिक्षण केन्द्रहरूको विकास गरी यस्ता केन्द्रमार्फत् तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने नीति लिएको थियो । यसै योजनादेखि निजी क्षेत्रलाई पनि खेलकुद तालिम तथा प्रशिक्षणका लागि खुला गरिएको हुनाले ठाउँठाउँमा क्लबहरू गैरसरकारी संस्थाका रूपमा दर्ता भई तालिम तथा प्रशिक्षण कार्यमा संलग्न भएका पाइन्छन् । त्यस्तै पन्ध्रौँ योजनामा सरकारी तथा निजी दुवै क्षेत्रलाई खेलकुद तालिम तथा प्रशिक्षणका लागि जिम्मेवार निकायका रूपमा परिभाषित गरिएको छ ।

खेलकुद क्षेत्रका सरोकारवालहरूले नेपालमा हुने खेलकुद तालिम र प्रशिक्षणप्रति सन्तोषजनक टिप्पणी गरेका छैनन् । एक खेलकुद क्षेत्रमा लामो समयदेखि पत्रकारिता गरिरहेका व्यक्तिका अनुसार नेपालमा तालिम तथा प्रशिक्षणको नियमित तालिका नै छैन । खेलाडीहरूले पाउने तालिम तथा प्रशिक्षण भनेको खेलकुद प्रतियोगितामा भाग लिन जाने समयमा मात्र हो ।

### २.५.२. खेलकुद तालिम तथा प्रशिक्षणमा संलग्न सङ्घ/संस्थाहरू

नेपालमा खेलकुद तालिम तथा प्रशिक्षणमा कुन कुन सरकारी निकायहरू संलग्न छन् भन्नेबारे विस्तृत अध्ययनको खाँचो रहेको छ । सरसर्ती हेर्दा यस कार्यमा राष्ट्रिय खेलकुद परिषद्, सरकारी क्लबहरू (नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी आदि) र विभिन्न खेल सम्बद्ध सङ्घहरू संलग्न भएको देखिन्छ । तर अन्य निकायहरू पनि उत्तिकै रूपमा संलग्न भएको अध्ययन अनुसन्धान साथै सर्वेक्षणले देखाएको छ । उदाहरणका लागि विद्यालय तथा विश्वविद्यालयहरू, सार्वजनिक संस्थानहरू (बैंक, विमा कम्पनी आदि), निजी क्लबहरू, वायुसेवा कम्पनीहरूलाई लिन सकिन्छ ।

चित्र नं. १०. खेलकुद तालिम तथा प्रशिक्षणमा संलग्न सङ्घ/संस्थाहरू




**स्रोत: स्थलगत अध्ययन, २०७८**

राष्ट्रिय खेलकुद परिषद् नेपालमा खेलकुद व्यवस्थापन, तालिम तथा प्रशिक्षण गर्ने उद्देश्यले स्थापित सबैभन्दा मुख्य अर्धसरकारी निकाय हो । नेपालका अधिकांश खेलकुद प्रशिक्षक र पूर्वाधार यसै संस्थासँग रहेका छन् । यस संस्थाका मातहतमा खेलकुद पूर्वाधारहरू देशका प्रायः सबै जिल्लाहरूमा रहेका देखिन्छन् । सरकार निकायहरूमध्ये नेपालमा खेदकुद तालिम तथा प्रशिक्षण नेपाली सेनाको संलग्नता अग्रणी स्थानमा रहेको देखिन्छ। काठमाडौँलगायत देशका विभिन्न भागमा नेपाली सेनाले खेलकुद प्रशिक्षणका लागि पूर्वाधार पनि निर्माण गरेको छ। नेपाली सेनाले राष्ट्रको खेलकुद क्षेत्रको विकासका लागि आन्तरिक प्रतियोगिता आयोजना गरी त्यसबाट छनौट भएका खेलाडीहरूलाई त्रिभुवन आर्मी क्लबमा बन्दप्रशिक्षणमा राखी प्रशिक्षण दिने व्यवस्था गरेको छ। उक्त क्लबमा हाल ३३ वटा खेल विधाका करिब ७५० जना खेलाडीहरू रहेका छन् । उनीहरूलाई खेल विधाअनुसारको तालिम क्यालेण्डर बनाई इभेन्ट ओरियन्ट प्रशिक्षण प्रदान गर्ने गरिएको पाइन्छ । सशस्त्र प्रहरी र नेपाल प्रहरीको मातहतमा पनि केही खेलकुद प्रशिक्षक जनशक्ति र पूर्वाधारहरू रहेका छन् ।

नेपालमा करिब दुईसयको सङ्ख्यामा विभिन्न खेलका सङ्घहरू रहेका छन् । यस्ता सङ्घहरूसँग पनि आफ्नै प्रशिक्षक जनशक्ति रहने गरेको पाइन्छ (दुर्गा दुलाल, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । यी सङ्घहरू र विभिन्न खेलसँग सम्बन्धित क्लबहरूले निजी या राष्ट्रिय खेलकुद परिषद्का जिल्ला स्थित पूर्वाधारहरू खेल अभ्यास, तालिम तथा प्रशिक्षणका लागि प्रयोग गर्ने गरेको पाइन्छ (राजु शाक्य, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

विद्यालय तथा विश्वविद्यालयहरूसँग पनि खेलकुद जनशक्ति र पूर्वाधारहरू रहेका छन् । विद्यालयमा तालिम प्राप्त खेलकुद शिक्षक या शारीरिक शिक्षा विषयका शिक्षकहरू रहेका छन् । त्यस्तै विश्वविद्यालयहरूमा पनि तालिम प्राप्त खेलकुद प्रशिक्षक र शारीरिक शिक्षाका प्राध्यापकहरू रहेका पाइन्छन् । खेलकुद पूर्वाधारको सङ्ख्या र गुणस्तर दुवैमा विद्यालय र विश्वविद्यालयहरू कमजोर देखिदैनन् (विधान आचार्य, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । त्रिभुवन विश्वविद्यालयअन्तर्गत कीर्तिपुरमा रहेको क्रिकेट मैदान र इन्जिनियरिड अध्ययन संस्थानमा रहेको फुटबल मैदान केही अब्बल नमुना हुन् ।

सरकारी तथा निजी कम्पनी तथा सार्वजनिक संस्थानहरूले आन्तरिक तथा वाह्य खेलकुद प्रतियोगिताहरूको आयोजना गर्न तथा विभिन्न प्रतियोगिताहरूमा भाग लिन आफ्ना कार्यालयका कर्मचारीहरूलाई तालिम तथा प्रशिक्षण प्रदान गर्ने गरेको पाइन्छ । तर पछिल्ला दिनहरूमा यो प्रथा घट्दो क्रममा रहेको छ (दुर्गा दुलाल, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

### २.५.३. नेपालमा खेलकुद पूर्वाधारको अवस्था

खेलकुद तालिम तथा प्रशिक्षण पूर्वाधारका रूपमा खेल मैदान, रङ्गशाला, कभर्ड हल आदिलाई लिइन्छ । यिनका अतिरिक्त खेल सामग्री, तालिम तथा पाठ्यक्रमसम्बन्धी पाठ्यसामग्री, प्रशिक्षक जनशक्ति आदिलाई पनि खेलकुद पूर्वाधारको रूपमा लिन सकिन्छ ।

दोस्रो आवधिक योजनाले राष्ट्रिय स्वास्थ तथा खेलकुद परिषद् स्थापना गर्ने नीति अख्तियार गरेसँगसँगै खेलकुद पूर्वाधार विकासको कार्यक्रम पनि तर्जुमा गरेको इतिहास पाइन्छ । रङ्गशाला, कभर्ड हल, पौडी पोखरी आदिको निर्माण गर्ने नीतिगत व्यवस्था दोस्रो योजनाले गरेको र त्यसलाई तेस्रो योजनाले समेत निरन्तरता दिएको पाइन्छ । त्यसपछिका आवधिक योजनाहरूमा क्रमशः खेलकुद पूर्वाधारको विकासमा नेपाल सरकारको प्राथमिकतामा परेको छ । हाल जारी रहेको पन्ध्रौं आवधिक योजनामा हरेक निर्वाचन क्षेत्रमा एउटा खेल मैदान बनाउने महत्त्वाकाङ्क्षी नीति अख्तियार गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकार (नगरपालिका, गाउँपालिका आदि) लाई खेलकुद पूर्वाधार र समग्र खेलकुदको विकासका लागि प्रदेश र सङ्घीय सरकारसँगको सहकार्यमा काम गर्न विशेष अधिकार दिएको छ ।

तलको तालिकामा नेपालमा खेलकुद पूर्वाधार रहेका जिल्ला र पूर्वाधारको विवरण दिइएको छ ।

## तालिका नं. ५.  नेपालमा खेलकुद पूर्वाधारको अवस्था

| प्रदेश | स्थान/जिल्ला | खेलकुद पूर्वाधार | कैफियत |
|---|---|---|---|
| प्रदेश नं १ | झापा | रङ्गशाला, एथलेटिक्स ट्र्याक, सेमी कभर्डहल | दुईवटा रङ्गशाला भएको |
| | मोरङ्ग | रङ्गशाला, व्याडमिन्टन कभर्डहल क्रिकेट ग्राउण्ड, प्याराफिट | |
| | सुनसरी | रङ्गशाला, व्याडमिन्टन कभर्डहल फुटबल मैदान | |
| | धनकुटा | खेल मैदान | |
| | भोजपुर | सेमिकभर्डहल | |
| | सोलुखुम्बु | सोलुखुम्बु कभर्डहल | |
| मधेस प्रदेश | सिराहा | बहुउद्देश्यीय कभर्डहल | |
| | उदयपुर | व्याडमिन्टन कभर्डहल, फुटबल मैदान, प्याराफिट | |
| | सप्तरी | राजविराज रङ्गशाला | |
| | सिन्धुली | सेमिकभर्डहल | |
| | धनुषा | कभर्डहल | |
| | बारा | सिमरा रङ्गशाला, कभर्डहल | |
| | पर्सा | रङ्गशाला, कभर्डहल | |
| बाग्मती प्रदेश | मकवानपुर | केन्द्रीय खेलकुद प्रतिष्ठान, छात्राबास | जग्गा रहेको |
| | चितवन | बहुउद्देश्यीय कभर्डहल, रङ्गशाला | |
| | सिन्धुपाल्चोक | सेमिकभर्डहल | |
| | काभ्रेपलाञ्चोक | स्पोर्टस एकेडेमी सेमिकभर्डहल | |
| | धादिङ्ग | सेमिकभर्डहल | |
| | ललितपुर | स्विमिङ्गपुल, सुटिङ्ग कम्प्लेक्स, तेक्वान्दो एकेडेमी भवन, कभर्डहल | |
| | काठमाडौँ | रङ्गशाला, बहुउद्देश्यीय कभर्डहल, | |

| | | | |
|---|---|---|---|
| | | स्विमिङ्गपुल, खुल्ला कभर्डहल, क्रिकेट मैदान (२), फुटबल मैदान, कार्यालय भवन | |
| | नुवाकोट | बहुउद्देश्यीय कभर्डहल | |
| गण्डकी प्रदेश | गोरखा | सेमिकभर्डहल | |
| | कास्की | पोखरा रङ्गशाला | |
| | लम्जुङ्ग | खेल मैदान, सेमिकभर्डहल | |
| | तनहुँ | खेल मैदान, सेमिकभर्डहल | |
| | स्याङ्गजा | भलिबल कभर्डहल | |
| | पर्वत | सेमिकभर्डहल | |
| लुम्बिनी प्रदेश | गुल्मी | रङ्गशाला | |
| | अर्घाखाँची | सेमिकभर्डहल | |
| | कपिलबस्तु | भलिबल कभर्डहल | |
| | नवलपरासी | रङ्गशाला, सेमिकभर्डहल | |
| | रूपन्देही | रङ्गशाला, क्रिकेट स्टेडियम | |
| | रोल्पा | भारत्तोलन कभर्डहल, सेमिकभर्डहल | |
| | प्यूठान | भलिबल कभर्डहल, सेमिकभर्डहल | |
| | दाङ | व्याडमिन्टन कभर्डहल | |
| | बाँके | रङ्गशाला, क्रिकेट खेलमैदान | |
| कर्णाली प्रदेश | जाजरकोट | कभर्डहल | |
| | सुर्खेत | कभर्डहल, सेमिकभर्डहल | |
| | कालिकोट | सेमिकभर्डहल | |
| | हुम्ला | भारत्तोलन कभर्डहल | |
| सुदुरपश्चिम प्रदेश | बाजुरा | भलिबल कभर्डहल | |
| | अछाम | सेमीकभर्डहल | |
| | कैलाली | रङ्गशाला | |
| | दार्चुला | भलिबल कभर्डहल | |
| | कञ्चनपुर | बहुउद्देश्यीय कभर्डहल, क्रिकेट मैदान | |

स्रोतः राष्ट्रिय खेलकुद परिषद्, २०७८

राष्ट्रिय खेलकुद परिषद्बाट उपलब्ध सामग्रीअनुसार नेपालका प्रायः जिल्लाहरूमा खेलकुदका पूर्वाधार निर्माण भएका छन् । अधिकांश जिल्लामा कभर्डहल रहेका छन् । रङ्गशाला भएका जिल्लाहरू मात्र १३ वटा देखिन्छन् । फुटबल, भलिबल, क्रिकेट, भारत्तोलनजस्ता खेलका लागि पूर्वाधारहरू यथेष्ट भएका पाइन्छ । हाल देशमा कायम रहेका प्रदेशअनुसार हेर्ने हो भने खेलकुद पूर्वाधारको घनत्व वाग्मती प्रदेशमा बढी देखिन्छ । त्यस्तै प्रदेश नं. १, लुम्बिनी र सुदुरपश्चिम प्रदेशहरूमा खेलकुद पूर्वाधार सन्तोषजनक रहेको देखिन्छ । मधेस प्रदेश र कर्णाली प्रदेशमा सबैभन्दा न्यून सङ्ख्यामा पूर्वाधारहरू रहेको देखिन्छ ।

स्वामित्वका हिसाबले हेर्ने हो भने माथिको तालिकामा भएका अधिकांश पूर्वाधारहरूको स्वामित्व राष्ट्रिय खेलकुद परिषद्सँग रहेको छ । राष्ट्रिय खेलकुद परिषद्पछि नेपाली सेनासँग खेलकुद पूर्वाधारको स्वामित्व रहेको देखिन्छ भने नेपाल प्रहरी र सशस्त्र प्रहरी त्यसपछिको क्रममा आउँछन् । अर्कातर्फ खेलकुद पूर्वाधारको विकासमा निजी क्षेत्र पनि संलग्न हुँदै आएको छ । कम्पनी, क्लब तथा प्रतिष्ठानहरूले उपयुक्त स्थानको जग्गा भाडामा लिएर खेलकुद प्रशिक्षण तथा तालिम कार्यक्रम सञ्चालन गर्ने गरेको पाइन्छ । काठमाडौँको नैकापमा सञ्चालनमा रहेको New Dimond Academy यसको एउटा नमूना हो (दुर्गा दुलाल, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।


माथिको तालिकामा भएका खेलकुद पूर्वाधारमध्ये अधिकांशको निर्माण दशकौँअघि भएको खेलकुद विज्ञान प्रतिष्ठानका एक निर्देशकको भनाइ छ । उनका अनुसार ती खेलकुद पूर्वाधार निर्माण खेलकुद प्रतियोगिताहरू आयोजन गरी खेलाडीको स्तरोन्नति गर्नु र खेलकुद तालिम तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्नु हो (बाबुराम नेपाल, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । यस आधारमा खेलकुद शिक्षा र नेपालमा भएका पूर्वाधारहरू कसरी एकअर्काका परिपूरक हुनसक्छन् भन्ने प्रश्न उठ्छ ।

हाल वाग्मती प्रदेश सांसदसमेत रहेकी खेलपूर्वाधार अनुसन्धानकर्ता सीता लामाका अनुसार नेपालमा खेलपूर्वाधारको अवस्था सन्तोषजनक भएतापनि तिनको प्रयोग र परिचालनको अवस्था भने राम्रो छैन । उनका अनुसार रङ्गशालाहरू भत्किएका छन् । खेलमैदान घाँसे मैदानमा परिणत भएका छन् । कभर्डहलहरूको अवस्था पनि नाजुक छ (सीता लामा, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । यी भनाइले नेपालमा खेलकुद पूर्वाधारको अवस्थालाई सुधार गर्नुपर्ने र यसमा नीतिगत तह साथै स्थानीय स्तरमा पनि समन्वयात्मक भूमिका निर्वाह गरी अगाडि बढ्नुपर्ने अवस्था रहेको छ ।

**सर्वेक्षणको नतिजा**

सर्वेक्षणमा सहभागीहरूलाई तपाईँ अध्ययन गरेको विद्यालय वा क्याम्पसमा खेलकुदसम्बन्धी सुविधाको अवस्था कस्तो थियो भनेर सोधिएको थियो । यस प्रश्नमा ४७ % उत्तरदाताले ठिकै थियो/छ भनेका थिए भने ३५% ले नराम्रो थियो/छ भन्ने जवाफ दिएका थिए । राम्रो थियो छ भन्ने उत्तरदाता करिब १५% रहेका थिए ।

**चित्र नं. ११ खेलकुदको सुविधा वृत्तचित्रमा (N=२६३)**




स्रोत : सर्वेक्षण २०७८

**२.५.४ नेपाल खेलकुद शिक्षामा प्राज्ञ जनशक्तिको अवस्था**

नेपालको खेदकुद शिक्षाको अवस्थाको अध्ययन गर्दा हाल यो विषय विद्यालय तह र विश्वविद्यालय तहमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा अध्ययन अध्यापन हुँदै आएको छ । विद्यालय शिक्षामा यसलाई एकिकृत पाठ्यक्रमअन्तर्गत वातावरण विज्ञान तथा सामाजिक अध्ययन विषयभित्र राखिएको छ । यसको अध्यापन आधारभूत तहमा एकिकृत रुपमा रहेको हुनाले सबै विषयका शिक्षकहरूले यो विषय अध्यापन गर्दै आएका छन् भने माध्यमिक तहमा सामाजिक, शारीरिक तथा विज्ञान विषयका शिक्षकले पनि अध्यापन गर्दै आएका छन् । विश्वविद्यालय तहमा हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातकोत्तर कार्यक्रमअन्तर्गत खेलकुद विज्ञान विभाग र शारीरिक शिक्षा विभागले यस विषयको अध्यापन गराउँदै आएको छ ।

**तालिका नं ६ नेपालमा खेलकुदसम्बन्धी प्राज्ञ जनशक्तिको अवस्था**

| क्षेत्र | त्रिभुवन विश्वविद्यालय | गण्डकी विश्वविद्यालय | कैफियत |
|---|---|---|---|
| मानविकी अन्तर्गत खेलकुद विज्ञान विभागमा | १३ | | प्राध्याापनरत |
| शिक्षाशास्त्र संकाय तर्फ | १३८ | | स्नातकोत्तर गरिसकेका विद्यार्थीहरु समेत |
| त्रिविविबाट समकक्षता लिएका | ५ | | स्नातक तहमा २ जना, स्नातकोत्तर तहमा २ जना र एम.फिल तहमा १ जना |
| खेलकुद व्यबस्थापनमा स्नातक | | ५ | प्राध्याापनरत |
| जम्मा | १४३ | ५ | |

स्रोत: स्थलतग अध्ययन, २०७८

त्यसै गरी गण्डकी विश्वविद्यालयअन्तर्गत खेलकुद व्यवस्थापन विभागले पनि यस विषयको अध्यापन प्रारम्भ गरेको छ । यसअन्तर्गत त्रिभुवन विश्वविद्यालयको खेलकुद विज्ञान विभागअन्तर्गत १३ जना प्राध्यापक कार्यरत रहेका पाइएको छ । त्यसरी प्राध्यापनरत प्राध्यापकहरुमध्ये कतिले खेलकुद विज्ञानमै विशिष्टता हासिल गरेको, केही स्वास्थ्य तथा शारीरिक शिक्षा बिषयका निवृत्त प्राध्यापक रहेका देखिन्छन् (हेर्नुहोस् परिशिष्ट २) । त्रिभुवन विश्वविद्यालयको शिक्षा शास्त्र संकायतर्फ स्वास्थ्य तथा शारीरिक शिक्षा विभागअन्तर्गत १३ जना प्राध्यापक हाल कार्यरत रहेको पाइन्छ । यस विभागबाट करिब १२५ जना स्नातकोत्तर तह उत्तिर्ण गरेको जनशक्ति उत्पादन भइसकेको अवस्था रहेको छ (रामकृष्ण महर्जन, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

त्यसैगरी गण्डकी विश्वविद्यालयको खेलकुद व्यवस्थापन विभागअन्तर्गत ५ जना प्राध्यापक प्राज्ञका रूपमा कार्यरत छन् । त्यसै गरी पाठ्यक्रम विकास केन्द्र त्रि.वि.अन्तर्गत समकक्षता शाखाले विदेशमा खेलकुद विज्ञान र खेलकुद व्यवस्थापन विषयमा स्नातक तहमा २ जना, स्नातकोत्तर तहमा

२ जना र एम.फिल तहमा १ जना व्यक्तिलाई समकक्षता प्रदान गरेको छ । यसलाई पनि खेलकुद प्राज्ञ जनशक्तिको रूपमा उपयोग गर्न सकिन्छ ।

### २.५.५. खेलकुद तालिम तथा प्रशिक्षणमा संलग्न जनशक्तिको अवस्था

नेपालमा खेलकुद तालिम तथा प्रशिक्षणको लामो परम्परा भएको कारणले यसमा संलग्न जनशक्तिको उपस्थिति पनि सन्तोषजनक रहेको देखिन्छ । खेलकुद तालिम तथा प्रशिक्षण गराउने निकायहरूमा नै यसप्रकारका प्रशिक्षक जनशक्ति  रहेका पाइन्छन् । तलको तालिकामा राष्ट्रिय खेलकुद परिषद्, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, विभिन्न खेलकुद सङ्घहरू र विश्वविद्यालयहरूमा भएका प्रशिक्षक जनशक्तिको विवरण दिइएको छ ।

**तालिका नं. ६ नेपालमा प्रशिक्षक जनशक्तिको अवस्था**

| निकाय | प्रशिक्षक श्रेणी र सङ्ख्या | | | | |
|---|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | सहायक प्रथम | जम्मा |
| राष्ट्रिय खेलकुद परिषद् | | २४ | ७३ | २७२ | ३६९ |
| नेपाली सेना | | | | | १४ |
| नेपाल प्रहरी | | | | | १८ |
| सशस्त्र प्रहरी | ४ | ९ | ९ | | २२ |
| विभिन्न खेलकुद सङ्घहरू | | | | | ३६० |
| विभिन्न विश्वविद्यालय तह | | | | | ४ |
| जम्मा | | | | | ७८७ |

स्रोतः स्थलगत अध्ययन, राखेप र सम्बन्धित निकायहरू, २०७८

माथिको तालिकाअनुसार राष्ट्रिय खेलकुद परिषद्मा सबैभन्दा बढी ३६९ जना प्रशिक्षकहरू रहेका छन् । यी प्रशिक्षकहरू एथलेटिक्स, भलिबल, फुटबल, क्रिकेटलगायत विभिन्न ३२ खेलका अनुभव प्रशिक्षक रहेका छन् । राष्ट्रिय खेलकुद परिषद् पछि सशस्त्र प्रहरीमा २२ जना प्रशिक्षक रहेका छन् । त्यसपछि नेपाल प्रहरी र नेपाली सेनामा क्रमशः १८ र १४ जना प्रशिक्षकहरू रहेका छन् । नेपालमा रहेका विभिन्न खेलसँग सम्बन्धित १८२ सङ्घहरूमा पनि प्रशिक्षकहरू आबद्ध रहेका छन् (राखेप, २०७८) । अन्तर्वार्तामा सहभागीहरुले जनाएअनुसार नेपालमा भारतका विभिन्न ठाउँमा गएर खेलकुद प्रशिक्षकसम्बन्धी डिग्री हासिल गरेर आउने प्रशिक्षकहरुको संख्या पनि उल्लेख्य रहेको छ । एक सहभागीले जनाएअनुसार सुदुरपश्चिम प्रदेशको भीमदत्त नगरपालिकामा भारतको पटियालाबाट खेलकुद विज्ञानमा उच्च अध्ययन गरेर आउनेको संख्या ८ भन्दा बढी छ -विधान आचार्य, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । यसरी औपचारिक निकायहरुमा आवद्ध र अनौपचारिक क्लबहरुमा आवद्ध समेत गरेर नेपालमा विभिन्न खेलसँग सम्बन्धित प्रशिक्षकहरू करिब १००० को हाराहारीमा रहेको अनुमान लगाउन सकिन्छ ।

### २.५.६. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीअन्तर्गत रहेका खेलाडीहरूको शैक्षिक अवस्था

नेपालमा सरकारी तथा निजी क्लब, कम्पिनी र संस्थानहरूमा आबद्ध कति खेलाडीहरू छन् भन्ने आधिकारिक तथ्याङ्क पाइँदैन । एक अनुमानअनुसार गाउँदेखि शहर, विद्यालय तथा विश्वविद्यालय र सरकारी तथा निजी क्लबबाट खेल्ने खेलाडीहरूको अनुमानित सङ्ख्या ८ लाख जति रहेका छ (दुर्गा दुलाल, विनादे पाण्डे, र सुभाष चापागाईं, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । सरकारी या निजी क्लब जुनसुकै तहका क्लबहरूमा आबद्ध भएर खेले तापनि नेपाली खेलाडीहरूको शैक्षिक अवस्था भने सन्तोषजनक छैन (राजु शाक्य, पारस खड्का, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । नेपालमा रहेका सम्पूर्ण खेलाडीहरूको शैक्षिक अवस्था पत्ता लगाउन एउटा वृहत् अनुसन्धानको खाँचो छ । तलको तालिकामा नेपालका तीनवटा सरकारी क्लब त्रिभुवन आर्मी (नेपाली सेना), महेन्द्र पुलिस क्लव (नेपाल प्रहरी) र सशस्त्र प्रहरी क्लब (सशस्त्र प्रहरी)मा आबद्ध खेलाडीहरूको शैक्षिक अवस्था दिइएको छ :

**तालिका नं. ७. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा आबद्ध खेलाडीहरको शैक्षिक अवस्था**

| शैक्षिक योग्यताको तह | नेपाल प्रहरी | नेपाली सेना | सशस्त्र प्रहरी |
|---|---|---|---|
| एसएलसीभन्दा मुनि | ५८ | | ८१ |
| एसएलसीसम्म | ११० | ३८० | १३२ |
| +२/प्रविणता प्रमाणपत्र तहसम्म | ९९ | २८८ | १६८ |
| स्नातकसम्म | १२ | ६९ | २० |
| स्नातकोत्तरसम्म | ६ | १३ | ३ |
| जम्मा | २८५ | ७५० | ४०४ |

स्रोतः स्थलगत अध्ययन, २०७८

माथिको तालिका हेर्दा विभागीय क्लबबाट खेल्ने आधाभन्दा बढी खेलाडीहरू एसएलसीसम्म मात्र अध्ययन गरेका देखिन्छन् । नेपाली सेना र नेपाल प्रहरीका जम्मा खेलाडीहरूमध्ये ४०% को हाराहारीमा उच्चमाध्यमिक तहसम्म अध्ययन गरेका भेटिन्छन् । सशस्त्र प्रहरीमा यो आँकडा ४०% भन्दा बढी देखिन्छ । यी तीनवटा सरकारी खेलकुद क्लबमा स्नातक तह पढेका खेलाडीहरूको सङ्ख्या ४२ मात्र देखिन्छ जुन कुल खेलाडी सङ्ख्याको ३% मात्र हुनआउँछ । यसबाट के देखिन्छ भने नेपाली खेलाडीहरूको शैक्षिक अवस्था औसत मात्र रहेको छ ।

युवा तथा खेलकुद मन्त्रालयका पूर्व सचिव केदार न्यौपानेका अनुसार नेपालका अधिकांश खेलाडीहरूको शैक्षिक अवस्था कमजोर छ । उनीहरू विद्यालय तहदेखि नै खेल्न सुरु गर्छन् र

उनीहरूको पढाइ छुट्छ । परिवार र विद्यालयले पनि खेलाडी हो भनेपछि पढाइलाई महत्त्व दिदैनन् । न्यौपानेका अनुसार नेपालमा खेलाडीले खेल्नुका अलावा पढ्नु पनि पर्छ भन्ने चेतना परिवार स्तरमा कम रहेको छ । विद्यालय र विश्वविद्यालयले पनि त्यो सिकाउँदैनन्, राज्यले पनि सिकाउँदैन (केदार न्यौपाने, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । राजु शाक्य र पारस खड्काका अनुसार खेलाडीहरू आफैंले पनि खेलका साथसाथै पढाइलाई निरन्तरता दिनुपर्छ । यसका लागि खेलकुद शिक्षा विद्यालय तथा उच्चतहमा आवश्यक पर्छ (राजु शाक्य, पारस खडका, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

### २.५.७. खेलकुद तालिम तथा प्रशिक्षणका उपलब्धिहरू

नेपालले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा वि.सं.२००७ सालदेखि भाग लिन थालेको देखिन्छ । व्यावसायिक प्रयोजनका लागि खेलाडी तालिम तथा प्रशिक्षणका कार्य पनि सोही समयदेखि प्रारम्भ भएको अनुमान छ । राष्ट्रिय या अन्तर्राष्ट्रिय कुनै पनि खेलकुद प्रतियोगितामा पहिलो उपलब्धि या पदक कहिले हात पर्‍यो ? उक्त पदक हात पार्ने खेलाडी को हो ? अनुसन्धान हुन बाँकी नै छ । तर हालसम्म नेपाली खेलाडीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै प्रतियोगिताहरूमा सहभागिता जनाउँदै सन्तोषजनक उपलब्धि हासिल गरेको पाइएको छ ।

तलको तालिकामा नेपालका मुख्य सरकारी खेल क्लबहरू नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा आबद्ध खेलाडीहरूले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा हासिल गरेका पदक तथा उपलब्धिहरूको विवरण निम्न प्रस्तुत गरिएको छ :

**तालिका नं. ८. नेपाली खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा प्राप्त गरेका उपलब्धि**

| खेलाडी संलग्न भएको निकाय | पदक विवरण | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | स्वर्ण | | रजत | | कास्य | | | |
| | राष्ट्रिय | अन्तर्राष्ट्रिय | राष्ट्रिय | अन्तर्राष्ट्रिय | राष्ट्रिय | अन्तर्राष्ट्रिय | | |
| नेपाली सेना | ३४२ | ३५ | १८८ | ५४ | १५८ | ११० | ८८७ | सम्पूर्ण रेकर्ड नभएको |
| नेपाल प्रहरी | १९१ | ५५ | १७३ | ४७ | १४७ | ८२ | ६९५ | हालसम्मको रेकर्ड |
| सशस्त्र प्रहरी | ३७६ | ७० | ३११ | ३२ | ६५ | ४१ | ८९५ | हालसम्मको रेकर्ड |
| जम्मा | | | | | | | २४७७ | |

स्रोतः स्थलगत अध्ययन, २०७८

माथिको तालिकामा नेपाली सेनाले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा प्राप्त गरेका उपलब्धिहरूको सम्पूर्ण विवरण समेटेको छैन । त्यस्तै राष्ट्रिय खेलकुद परिषद्मा आबद्ध हुने विभिन्न खेलसँग सम्बद्ध सङ्घहरूका खेलाडीहरूले प्राप्त गरेका उपलब्धिहरू पनि प्राप्त हुन सकेन ।

तालिकाअनुसार नेपाल प्रहरीले राष्ट्रिय प्रतियोगितामा १९१ खेलाडीहरूले स्वर्ण पदक र ५५ खेलाडीहरूले अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक हासिल गरेका छन् । खेलहरूमा तुलना गर्दा सशस्त्र प्रहरीको उपलब्धि भने उल्लेखनीय देखिन्छ, जसका राष्ट्रिय प्रतियोगितामा ३७६ जना खेलाडीहरूले हालसम्मका प्रतियोगितामा स्वर्ण पदक र ७० जना खेलाडीहरूले अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्णपदक हासिल गरेका छन् । समग्रममा पनि नेपाल प्रहरीको भन्दा सशस्त्र प्रहरीकै उपलब्धि उल्लेखनीय देखिन्छ ।

तालिकाले प्रस्तुत गर्ने अर्को निष्कर्ष के हो भने नेपालमा खेलाडीहरूको शैक्षिक अवस्था कमजोर भएतापनि उनीहरूले हासिल गरेका उपलब्धि उल्लेखनीय र मूल्याङ्कन योग्य रहेका छन्

### २.५.८. खेलकुद तालिम तथा प्रशिक्षणबाट प्राप्त सिप परीक्षण, प्रमाणीकरण तथा समकक्षताको प्रक्रिया र अवस्था

नेपालमा खेलकुद तालिम तथा प्रशिक्षणका कार्यक्रमहरू लामो समयदेखि भएतापनि त्यसबाट प्राप्त हुने सिप परीक्षण त्यसको प्रमाणीकरण र खेलाडीहरूको उपयुक्त समकक्षताको स्पष्ट व्यवस्था पाइँदैन । तालिम तथा प्रशिक्षणको व्यवस्था नै नियमति नुहुने भएकोले खेलाडीहरूको सिप परीक्षण र त्यसको प्रमाणीकरण पनि नभएको देखिन्छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र विभिन्न खेल सङ्घहरूले खेलाडी छनौट गर्ने प्रक्रियाको अध्ययन गर्दा नेपालमा खेलाडीको सिप परीक्षणभन्दा पनि सिप अवलोकनमात्र हुने गरेको देखिन्छ ।

समकक्षताको अभ्यास पनि नेपालले गरेको पाइँदैन । राष्ट्रिय खेलकुद परिषद्का अनुसार खेलाडीहरूलाई उनीहरूको योग्यता, क्षमता र अनुभवको आधारमा प्रशिक्षकमा नियुक्ति दिने गरिएको भने छ । त्यसको पनि तालिम तथा प्रशिक्षणको नै आधार मुख्य हुने गरेको छ । खेलाडीले राष्ट्रिय या अन्तर्राष्ट्रिय खेलमा उपलब्धि हासिल गरेबापत उसको शैक्षिक या वृत्ति विकासमा के प्रोत्साहन पाउँछ ? उसको कस्तो प्रकारको शैक्षिक समकक्षता या पदोन्नति हुन्छ भन्नेबारेको अभ्यास नेपालमा भएको छैन ।

अधिकांश खेलाडीहरू कक्षा १२ सम्म मात्र पढेका हुनाले पनि उनीहरूलाई खेलकुद परिषद् या सरकारी क्लबहरूले प्रशिक्षक या क्लबहरूमा आबद्ध गराएतापनि त्यसले उनीहरूको वृत्ति विकासमा तात्विक असर गरेको पाइँदैन ।

नेपाल प्रहरीका अनुसार खेलाडीहरूको सिप अवलोकन गरी प्रहरी क्लबमा खेलाडीहरू भित्र्याउने दुई किसिमका प्रक्रिया रहेका छन् । पहिलो प्रक्रियाअनुसार नियमित भर्ना प्रक्रियाअनुसार आयोगले लिने परिक्षामा अन्य उम्मेदवार सरह नै खेलाडीहरू पनि सहभागी हुन्छन् । परीक्षाको नियमानुसार उत्तिर्ण हुने खेलाडीहरू नेपाल प्रहरीको कर्मचारीका साथमा प्रहरी क्लबमा सम्बन्धित खेलका खेलाडी पनि हुन्छन् । दोस्रो विधि हो नेपाल प्रहरी खेलकुद समितिका प्रशिक्षक तथा विशेषज्ञहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिताहरूमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई अफर गरी प्रहरी क्लबमा आबद्ध गर्ने । यस प्रक्रियाअनुसार खेलाडीहरूले करारमा नियुक्ति पाउँछन् । उनीहरूले स्थायीका चाहना गरेमा आयोगले लिने परिक्षामा सहभागी हुनैपर्दछ (भरत शाह, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । सशस्त्र प्रहरीले पनि खेलाडीहरूलाई आफ्नो क्लबमा भित्र्याउँदा नेपाली सेनाले अपनाएको जस्तै प्रक्रिया अपनाउने गरेको पाइन्छ ।

नेपाली सेनाका अनुसार त्रिभुवन आर्मी क्लबका प्रशिक्षक तथा खेल विशेषज्ञहरूले देशका विभिन्न स्थानमा हुने खेलकुद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई अवलोकन गर्ने गर्दछन् । ती प्रशिक्षक तथा विशेषज्ञहरूले खेलाडीसँग कुराकानी पनि गर्दछन् । तत्पश्चात् खेलाडीहरूलाई त्रिभुवन आर्मी क्लबबाट खेल्ने अफर गरिन्छ । यदि खेलाडीले अफर स्वीकार गरेमा उसले नेपाली सेनाको त्रिभुवन आर्मी क्लबमा करारमा नियुक्ति पाउँछ । त्यसरी नियुक्ति पाएपछि उसको मुख्य जिम्मेवारी भनेको खेल्नु मात्र हो । तर कहिलेकाँही नेपाली सेनाले जरुरी ठान्यो भने अन्य जिम्मेवारीमा समेत खटाउन सक्दछ ।

विभिन्न खेल सङ्घहरूले खेलाडी चयनमा अपनाउने प्रक्रिया सरकारी क्लबहरूको भन्दा फरक रहेको छैन । सङ्घहरूले सिप परिक्षण र प्रमाणीकरण खेल सङ्घहरूले पनि गर्दैनन् (राजु शाक्य र पारस खड्का, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

खेल प्रतियोगिताहरूमा उत्कृष्टता प्रदर्शन गर्ने या राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा मेडल जित्ने खेलाडीहरूको आँशिकरूपमा नोकरीमा प्रोत्साहन भएतापनि शैक्षिक समकक्षता प्रदान गर्ने नीति र कानुन नेपालमा पाइँदैन (दुर्गा दुलाल, केदार न्यौपाने, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । त्यसकारण समाज र राष्ट्रका लागि आफ्नो नियमित पढाइ छोडेर खेल्ने र

उपलब्धि हासिल गर्ने खेलाडीहरूलाई शैक्षिक समकक्षता प्रदान गर्ने सम्बन्धमा एउटा प्रणाली विकास गर्नुपर्ने देखिन्छ । खेलाडीहरूको समकक्षता कायम गर्न सक्यो भने एकातिर उनीहरूलाई खेलमा थप प्रगति गर्न प्रोत्साहन मिल्नेछ भने अर्कातिर शैक्षिक प्रमाणपत्रको अभावले निम्तिने समस्याहरूको हल हुनेछ । खेलाडीहरूलाई खेलेर पनि केही हुन्छ भन्ने भावको विकास गराउन सक्यो भने नै खेलकुदको विकास हुने हो । त्यसकारण एक सर्वाधिकार सम्पन्न सरकारी समिति बनाएर अन्य मुलुकहरूको अभ्यास समेतको अध्ययन गरी खेलाडीहरूको सिप परिक्षण, प्रमाणीकरण र सकमक्षतासम्बन्धी एक विशिष्ट प्रणाली युवा तथा खेलकुद मन्त्रालयलाई सिफारिस गर्नु उपयुक्त हुने देखिन्छ । यसको कार्यान्वयन गर्ने निकाय विश्वविद्यालयजस्ता शैक्षिक निकाय नै हुनुपर्छ ।

## २.६. नेपालमा खेलकुद क्षेत्रको वित्तीय अवस्था

नेपालमा खेलकुद क्षेत्रले करिब ६० वर्ष अघिदेखि नै वित्तीयरूपमा प्राथमिकता पाएको देखिन्छ । त्यसअघिका तथ्याङ्क फेला नपरेपनि दोस्रो योजना (२०१९-२०२२) मा खेलकुद तथा मनोरञ्जन शीर्षकमा रु. १७ लाख छुट्याइएको भेटिन्छ (नेपाल सरकार, २०१९) । यो रकम समग्र खेलकुद क्षेत्रको विकासमा भनेर तत्कालीन सरकारले विनियोजन गरेको थियो । खासगरी राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्को स्थापना, रङ्गशाला निर्माण तथा पौडी पोखरी निर्माण आदि कार्यक्रमका लागि उक्त रकम विनियोजित थियो । तर दोस्रो योजनामा जसरी खेलकुदमा प्राथमिकता प्रदान गरिएको थियो त्यसरी नै क्रमिकरूपमा त्यसपछिका योजनाहरूमा भने आवश्यक मात्रामा अर्थको विनियोजन भएको देखिँदैन । त्यसपछिका योजनाहरूमा भने खेलकुद भन्ने शीर्षकलाई छुटै नराखेर सामाजिक सेवा मूल शीर्षकमा शिक्षा, स्वास्थ्य आदि सँगसँगै समेटिएको देखिन्छ । यो क्रम आठौं योजनासम्मै चलेको थियो । नवौं योजनापछिका आवधिक योजनाहरूमा भने खेलकुदले कतै शिक्षासँग त कतै युवासँग जोडिएर प्राथमिकता पाएको देखिन्छ ।

खेलकुद शिक्षाकै लागि भनेर चौथो योजना (२०२७-२०३२) मा केही रकम विनियोजित गरिएको थियो । यसमा पनि शारीरिक शिक्षा शीर्षकमा रु. ४,६८,००० (रु. चारलाख अठसठ्ठीहजार) रकम छुट्याइएको देखिन्छ । त्यसपछिका योजनाले खेलकुद शिक्षाका लागि भनेर छुट्टै बजेट छुट्याएको देखिंदैन । पछि आएर आठौं योजनाले विद्यालयस्तरमा पाठ्यक्रम निर्माण गर्ने नीति लिएको कारण खेलकुद शिक्षाका लागि बजेट विनियोजित भएको अनुमान लगाउन सकिन्छ । नवौं योजनापछि खेलकुद क्षेत्र प्राथमिकताको क्षेत्र रहेकोले यसले विभिन्न योजना तथा कार्यक्रमका लागि

बजेट पाएको देखिन्छ । यसरी खेलकुद क्षेत्र र खेलकुद शिक्षाका क्षेत्रमा नेपाल सरकारले गरेको आर्थिक लगानी मन्त्रालयमार्फत् र राष्ट्रिय खेलकुद परिषद्मार्फत् खर्च हुने गरेको छ ।

तलको तालिकामा आ वं २०७३/७४ देखि चालु आ.व. २०७७/७८ सम्म खेलकुद क्षेत्रमा नेपाल सरकारले बिनियोजन गरेको बजेट प्रस्तुत गरिएको छ :

**तालिका नं.९. नेपाल सरकारले खेलकुद क्षेत्रमा विनियोजन गरको बजेट**

| आ. व. | युवा तथा खेलकुद मन्त्रालय (रु.लाखमा) | राष्ट्रिय खेलकुद परिषद्लाई (रु.लाखमा) |
|---|---|---|
| २०७३/७४ | १७५.६ | १८११६.३० |
| २०७४/७५ | २०५.२६ | १८२८७.२१ |
| २०७५/७६ | ६९.६३ | ३५६८५.०० |
| २०७६/७७ | २७०.३३ | ४९२५७.५४ |
| २०७७/७८ | १८८.० | १६७६८.६२ |
| जम्मा | ९०८.८२ | १३८११४.६७ |

स्रोतः युवा तथा खेलकुद मन्त्रालय, २०७८

माथिको तालिकामा नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्लाई विनियोजन गरेको बजेट उल्लेख छ । नेपालमा जति पनि खेलकुदसम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिताहरू र पूर्वाधार निर्माणका कार्य हुन्छन् ती सबै नै खेलकुद परिषद्बाट हुने गर्दछन् । त्यसकारण पनि युवा तथा खेलकुद मन्त्रालयलाई छुट्याइएको बजेट रकमभन्दा परिषद्लाई छुट्याइएको रकम धेरै हुने गर्दछ ।

राष्ट्रिय खेलकुद परिषद्का अनुसार नेपाल सरकारले खेलकुद परिषद्लाई दिने बजेटको अधिकांश भाग कर्मचारीको तलब भत्ता, पेन्सन र खेलकुद कार्यक्रम आयोजनामा खर्च हुन्छ । यस अनुसार नेपाल सरकारले खेलकुद क्षेत्रमा छुट्याएको जम्मा बजेट ०.१६% मात्र रहेको छ (कुलबहादुर थापा, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । खेलकुद क्षेत्रमै यति न्यून बजेट बिनियोजन हुँदा खेलकुद शिक्षामा नगण्यमात्र बजेट रहेको अनुमान गर्न सकिन्छ । यस क्षेत्रमा हुने लगानी खेलकुद पाठ्यक्रम निर्माण र तालिम तथा प्रशिक्षणमा वितरण हुने गरेको छ । आ.व. २०७६/७७ सरकारले खेलकुद क्षेत्रलाई छुट्याएको कुल बजेटमध्ये ५० करोड रूपैया एक विद्यालय एक खेल शिक्षक कार्यक्रमलाई विनियोजन गरेको थियो । पाठ्यक्रम विकासका अतिरिक्त खेलकुद शिक्षाको हकमा भएको यो नै

एउटा महत्त्वपूर्ण लगानी हो । तहगत हिसाबले हेर्ने हो भने नेपाल सरकारले गरिरहेको लगानी विद्यालय शिक्षामा केन्द्रित रहेको छ भने उच्च शिक्षा करिब करिब उपेक्षित नै रहेको छ (रामकृष्ण महर्जन, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । यो तथ्याङ्कले नेपालमा खेलकुद शिक्षामा सरकारी स्तरबाट अत्यन्तै न्यून लगानी हुने गरेको कुरा पुष्टि गर्दछ ।

## २.७ खेलकुद विश्वविद्यालयको आवश्यकता र औचित्यको विश्लेषण

नेपालमा खेलकुद विश्वविद्यालयको आवश्यकता छ या छैन भन्ने प्रश्न यस प्रतिवेदनले सम्बोधन गर्ने मुख्य प्रश्न हो । यस प्रश्नको उत्तर पत्ता लगाउनका लागि यस अध्ययनमा अन्तर्वार्ता र सर्वेक्षण विधिबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ ।

### २.७.१. खेलकुद विश्वविद्यालयको आवश्यकता र औचित्य छ ?

अन्तर्वार्तामा सहभागीहरूले नेपालमा खेलकुद विश्वविद्यालयको आवश्यकता र औचित्य छ या छैन भन्ने प्रश्नमा मिश्रित जवाफ दिएका छन् । सहभागीहरूमध्ये अधिकांशले खेलकुद विश्वविद्यालयको आवश्यकता छ भनेका छन् । यस समूहका सहभागीहरू खेलकुद विज्ञानमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षा हासिल गरेका, स्वास्थ्य तथा शारीरिक शिक्षा बिषयमा प्राध्यापक, खेलकुद विज्ञान बिषयका प्राध्यापक, खेलकुद प्रशासनमा अनुभव हासिल गरेका र विभिन्न विषयका विज्ञहरू रहेका थिए । उनीहरूको भनाइ छ कि खेलकुद विश्वविद्यालय स्थापना भयो भने नेपालमा खेलकुदको समुचित विकास एवम् प्रवर्द्धन हुन्छ । उनीहरूले खेलकुद विश्वविद्यालयको आवश्यकता र औचित्य पुष्टि गर्न विभिन्न तर्कहरू दिएका छन् जसको व्याख्या तल गरिएको छ ।

**(क) खेलकुद शिक्षाको विकास गर्न**

अन्तर्वार्तामा सहभागी सबैको एउटै मत के रहेको छ भने खेलकुद विश्वविद्यालय भयो भने नेपालमा खेलकुद शिक्षाको समुचित विकास हुनसक्छ । उनीहरूका अनुसार आज नेपालमा जति पनि खेलाडीहरू रहेका छन् तिनीहरूको औपचारिक शिक्षा अत्यन्तै न्यून रहेको छ । जसका कारण उनीहरूले आफूले खेल्ने खेलकै बारेमा समेत राम्रो जानकारी राख्न सक्तैनन् । कसरी क्षमता अभिवृद्धि गरी उपलब्धि हासिल गर्ने भन्नेबारे उनीहरू जानकार छैन् । सहभागीहरूका अनुसार अन्तर्राष्ट्रिय खेल खेल्ने खेलाडीहरूलाई खेलको मात्र नभएर भाषाको पनि समस्या रहको छ । उनीहरुका अनुसार नेपाली खेलाडीहरुले आफूले खेल्ने खेलका बारेमा या प्रतियोगिताका बारे प्रष्टसँग नेपाली या अंग्रेजी भाषामा बताउन नसक्ने अवस्था रहेको छ । यसको मुख्य कारण उनीहरुमा खेलकुद शिक्षा नहुनु नै हो । त्यसकारण पनि खेलाडीहरूलाई खेलकुद शिक्षाको आवश्यकता रहेको उनीहरूको भनाइ छ ।

अन्तर्वार्तामा सहभागीहरूले खेलाडीहरूको वृत्ति विकासका लागि पनि खेलकुद शिक्षा आवश्यक रहेको बताएका छन् । विभिन्न सरकारी तथा निजी सङ्घसंस्थाहरूबाट खेल्ने खेलाडीहरूमा औपचारिक शिक्षाको अभावमा पदोन्नति हुन नसकेको उनीहरूको भनाइ रहेको छ । खेल जीवनबाट निवृत्त भइसकेपछि शिक्षाको अभावमा उनीहरूले कुनै नोकरी तथा व्यावसाय गर्न नसकिरहेको भन्ने अन्तर्वार्तामा सहभागीहरूको भनाइ रहेको छ ।

**(ख) भौगोलिक र सामाजिक उपयुक्तता**

नेपाल भौगोलिक र प्राकृतिक हिसाबले खेलकुदको विकासका लागि उपयुक्त स्थान हो भन्ने सहभागीहरूको मत रहेको छ । दशक अघिदेखि खेलकुद विश्वविद्यालयको वकालत गरिरहेका एक सहभागी भन्छन् :

> नेपालको हावापानी र सामाजिक सांस्कृतिक विविधता खेलकुदको विकासका लागि ज्यादै उपयुक्त छ । यहाँका विभिन्न जातजातीका बेग्लाबेग्लै विशेषता र क्षमता भएको हुनाले उनीहरूमार्फत् विविध खेलहरूको प्रवर्द्धन गर्न सकिन्छ । जस्तो थारु, चौधरी समुदायका महिलाहरूलाई भलिबलमा प्रोत्साहन गर्न सकिन्छ भने कम्फु, कराँते, तेक्वान्दोमा मङ्गोल मूलका युवायुवतीलाई अगाडि बढाउन सकिन्छ । नेपालको हावापानी र भौगोलिक बनावट यस्तो छ कि चिसो तातो सबै मौसममा यहाँ खेलकुद आयोजना गर्न सकिन्छ । यसबाट पर्यटन विकासको पनि प्रचुर सम्भावना रहेको छ (विधान आचार्य, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

**(ग) खेलकुदमा उच्च शिक्षा हासिल गर्न र प्रशिक्षक तालिमका लागि विदेश जानु नपर्ने**

अन्तर्वार्तामा सहभागीहरूले नेपालीहरुले खेलकुद प्रशिक्षकको आधारभूत तालिम लिन पनि भारत जानु पर्ने भएकोले नेपालमै खेलकुद विश्वविद्यालय आवश्यक रहेको बताएका छन् । उनीहरूका अनुसार नेपालमा भएका प्रशिक्षकहरूमध्ये अधिकांशले भारतका खेलकुद प्रतिष्ठानहरूबाट तालिम लिएका छन् । यो क्रम आजसम्म पनि निरन्तर छ । त्यस्तै खेलकुद विषय पढ्न पनि नेपाली विद्यार्थीहरू युरोप तथा एशियाका विभिन्न विश्वविद्यालयमा जाने गरेको उनीहरुले बताएका छन् (बिधान आचार्य, रामकृष्ण महर्जन, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । क्यूबाबाट खेलकुद विषयमा उच्च शिक्षा हासिल गरेका एक सहभागीले बताएअनुसार यदि नेपालमै खेलकुद विश्वविद्यालय हुन्थ्यो भने उनी विदेश गएर पढ्नुपर्ने थिएन र यहीँ पढ्न पाउने थिइन् (सुलोचना सिगख्वा, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

**(घ) खेलकुद योजना तथा व्यवस्थापन गर्न**

अन्तर्वार्तामा सहभागीहरूमध्ये धेरै कम मात्रले खेलकुदबारेको उच्च शिक्षा भनेको खेलकुदबारे नीति तथा योजना तर्जुमा गर्न साथै खेल र खेलसम्बद्ध सङ्घसंस्था व्यवस्थापन गर्न आवश्यक पर्दछ भन्ने मत प्रकट गरेका छन् । उनीहरूका अनुसार नेपालमा खेलकुदको आशातीत विकास नहुनु र उपलब्धि पनि भनेजस्तो नहुनुमा खेलकुद शिक्षाभन्दा पनि योजना र व्यवस्थापनको अभाव हो (पारस खड्का, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । यसमा सम्बन्धित क्षेत्रमा उच्च शिक्षा हासिल गरेको जनशक्तिले अवसर पायो भने खेलकुद विकासको प्रक्रिया प्रभावकारीरूपमा अगाडि बढ्न सक्दछ (रामकृष्ण महर्जन, विनोद पाण्डे, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । खेलकुद मन्त्रालयको अनुभव हासिल गरिसकेका नेपाल सरकारका एक पूर्वप्रशासकका अनुसार खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् र विभिन्न खेल सङ्घका प्रशासक तथा व्यवस्थापकहरू खेलकुद शिक्षा हासिल गरेका विज्ञ हुन सके उनीहरूबाट ती संस्थाहरूले उचित लाभ लिन सक्नेछन् (केदार न्यौपाने, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

**(ङ) अनुसन्धान तथा विकास गर्न**

नेपालमा खेलकुद विश्वविद्यालयको आवश्यकता छ भन्ने समूहका सहभागीहरूमध्ये अत्यन्तै न्यून सहभागीले खेलकुद विश्वविद्यालय स्थापनापश्चात् खेल अनुसन्धान र विकास (sports research and development) गर्न सकिने र खेलकुदको विकासमा यस प्रक्रियाको महत्त्वपूर्ण योगदान हुने बताएका छन् (बिधान आचार्य, कुलबहादर थापा, विनोद पाण्डे, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । उनीहरूका अनुसार नेपालमा खेल अनुसन्धानको अवस्था अत्यन्तै नाजुक रहेको छ । कुन खेलाडीले किन उपलब्धि हासिल गरेको छ वा किन गरेको छैन भन्ने अनुसन्धान हुनसक्यो भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा उपलब्धि हासिल गर्न सजिलो हुने उनीहरू बताउँछन् । खेलाडीको स्तरोन्नति गर्न पनि खेल अनुसन्धान आवश्यक रहेको र त्यो काम विश्वविद्यालय स्तरमा मात्र सम्भव हुने उनीहरूको विचार रहेको छ ।

अनुसन्धानका अतिरिक्त भइरहेका तथा नयाँ खेलको विकास गर्न र खेलकुद सामग्रीको विकास गर्न समेत खेलकुद विश्वविद्यालयको औचित्य रहको सहभागीहरू बताउँछन् । उनीहरूले खेल अनुसन्धान र विकासमार्फत् फुटबल, भलिबल, क्रिकेटजस्ता खेलका लागि आवश्यक पर्ने खेल सामग्री जस्तै :- बल, नेट, ब्याट, टिर्सट आदिं उत्पादन गरेर आन्तरिक मागलाई पूर्ति गर्नुका साथै अन्तर्राष्ट्रिय बजारमा निर्यातसमेत गरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ ।

### (च) नेपालको भूराजनीतिक अवस्था


अन्तर्वार्तामा सहभागीका अनुसार नेपालको भूराजनीतिक अबस्थिति पनि खेलकुद विश्वविद्यालयका स्थापनाको औचित्य पुष्टि गर्ने एक बलियो तर्क हो । एक सहभागीका अनुसार:

> यस अनुसार नेपाल दक्षिण एसियाका प्राय: सबैजसो देशहरुसँग मित्रवत सम्बन्ध राख्ने देश हो । अन्य देशहरुको अवस्था भने फरक रहेको छ । भारतले पाकिस्तानमा गएर खेल्दैन । पाकिस्तान भारत आउँदैन । तर दुवै देश नेपालमा खेल्न आउँछन् । दक्षिण एसियाका यी दुई उदियमान देशहरुका अतिरिक्त बंगलादेश र श्रीलंकालाई पनि नेपाल प्रतियोगिताहरुमा सहभागी हुन या विश्वविद्यालयमा आफना नागरिक पढ्न पठाउन सहज हुनेगर्छ । त्यसकारण नेपालमा खेलकुद विश्वविद्यालय खुलेमा उक्त शैक्षिक केन्द्र दक्षिण एसियाका खेलकुद शिक्षा र क्रियाकलापहरुको केन्द्र बन्न सक्छ (बिधान आचार्य, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

### *सर्वेक्षणको नतिजा*

नेपालमा खेलकुद विश्वविद्यालयको आवश्यकता छ भन्ने सर्वेक्षणमा सहभागीहरूमध्ये अधिकांश (७२%) ले छुट्टै विश्वविद्यालय चाहिन्छ भन्ने जवाफ दिएका छन् ।

**चित्र नं. १२. नेपालमा खेलकुद विद्यालयको अवाश्यकता वृत्तचित्रमा (N=२६३)**




यसरी छुट्टै खेलकुद विश्वविद्यालय चाहिन्छ भन्ने उत्तरदाताहरूलाई त्यसको सञ्चालन कसरी गर्ने भन्नेबारेमा थप प्रश्न गरिएको थियो । त्यसको जवाफमा उनीहरूले पूर्वाधारको व्यवस्था गर्नुपर्ने (९६%), भएका पूर्वाधार सुधार गर्नुपर्ने (९५%), पर्याप्त प्राध्यापक र प्रशिक्षक व्यवस्था गर्नुपर्ने (

९७%) र खेलकुद अध्ययन अध्यापनलाई प्रविधिसँग एकीकृत गराउनुपर्ने जवाफ दिएका छन् । अहिले जसरी विश्वविद्यालयहरू चलेका छन् त्यसरी खेलकुद विश्वविद्यालय सञ्चालन गरेर नहुने भन्ने उत्तरदाताहरू ९४% रहेका छन् ।

**तालिका नं. १०. नेपालमा खेलकुद विश्वविद्यालय सञ्चालन गर्न पूर्वआवश्यकता**

| सर्वेक्षणबाट प्राप्त उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| खेलकुद विज्ञानका लागि थप पूर्वाधार (खेल मैदान, कभर्ड हल इत्यादि) बनाएर | १७७ | ९६.२० |
| खेलकुद विज्ञानका लागि भएका पूर्वाधार (खेल मैदान, कभर्ड हल इत्यादि) को उपयोग गरेर | १७६ | ९५.६५ |
| पर्याप्त प्राध्यापक, प्रशिक्षकको व्यवस्था गरेर | १७९ | ९७.२८ |
| खेलकुदलाई प्रविधिसित एकीकृत बनाएर | १८० | ९७.८३ |
| भइरहेका विश्वविद्यालयभन्दा फरक तरिकाले संचालन गरेर | १७३ | ९२.०२ |

स्रोतः सर्वेक्षण, २०७८

### २.७.२ खेलकुद विश्वविद्यालयको आवश्यकता छ तर तत्कालका लागि औचित्य छैन

अन्तर्वार्ता तथा सर्वेक्षणमा सहभागीहरूमध्ये केहीले नेपालमा खेलकुद विश्वविद्यालयको आवश्यकता सैद्धान्तिक रूपले भएतापनि यसको औचित्य पुष्टि हुन केही समय लाग्ने बताएका छन् । यस समूहका सहभागीहरू खेलकुद विज्ञानमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षा हासिल गरेका, खेलकुद प्रशासनमा अनुभव हासिल गरेका, खेलकुद क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उपलब्धि हासिल गरेका र विभिन्न विषयका विज्ञहरू रहेका थिए । नेपालमा तत्कालका लागि खेलकुद विश्वविद्यालयको औचित्य छैन भन्ने उनीहरूले गरेका तर्कहरूलाई निम्न विश्लेषण गरिएको छ :

**(क) नेपालमा खेलकुद शिक्षा चाहिएको हो, विश्वविद्यालय होइन**

यस समूहका सहभागीहरूका अनुसार नेपालमा खेलकुद शिक्षा (Sports Education) को आवश्यकता र औचित्य दुवै छ । यसका लागि विश्वविद्यालयजस्तो संस्थाकै औचित्य भने तत्कालका लागि देखिंदैन । उनीहरुका अनुसार नेपालमा खेलकुद शिक्षालाई विद्यालयको प्राथमिक तहदेखि नै दिनु आवश्यक छ । यदि प्राथमिक तहदेखि नै खेलकुद शिक्षा दिइयो भने प्रतिभा भएका खेलाडीहरू सुरुदेखि नै छानिदै आउँछन् । जसको कारणले राष्ट्रिय खेलकदुको विकास पनि हुन्छ र उपलब्धि पनि

हासिल हुन सक्छ (केदार न्यौपाने, सिद्धार्थ विक्रम पाण्डे, पारस खड्का, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । त्यसकारण विद्यालय र उच्च माध्यमिक तहसम्म खेलकुद शिक्षाको विशेष प्रावधान हुनुपर्ने सहभागीहरूको भनाइ रहेको छ । विद्यालय शिक्षाको आधार बनिसकेपछि भने क्रमैसँग उच्च तहमा यसको विकास गर्नुपर्ने उनीहरूको सुझाव रहेको छ । आधारभूत तहको खेलकुद शिक्षा, पूर्वाधार र जनशक्ति नभएको अवस्थामा विश्वविद्यालयबारे बहस गर्नु धेरै माथिको कुरा हो (पारस खड्का, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

**(ख) खेलकुद विषयका प्राज्ञ जनशक्तिको कमी**

अन्तर्वार्ता तथा सर्वेक्षणमा सहभागीहरूले खेलकुद विश्वविद्यालय स्थापना गर्नुभन्दा पहिले यो विषयका विज्ञ, अनुसन्धानकर्ताहरू उत्पादन र व्यबस्थापन गर्नु अपरिहार्य रहेको बताएका छन् (केदार न्यौपाने, पुरु कट्टेल, सुभाष हुँमागाई, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । सर्वेक्षणमा सहभागीहरूले पनि खेलकुद विश्वविद्यालय स्थापना गर्नु आवश्यक छ तर यसका लागि चाहिने जनशक्ति तयार गर्नु पूर्वआवश्यकता हो भन्ने बताएका छन् (हे. तालिका नं ११) ।

सर्वेक्षणमा सहभागीहरूमध्ये नयाँ खेलकुद विश्वविद्यालय आवश्यक छैन र अहिले भएकै विश्वविद्यालयहरूमा खेलकदु विषय पठनपाठन गराउँदा हुन्छ भन्ने उत्तरदाताहरू २५% रहेका छन् भने उच्च शिक्षामा यो विषय नै चाहिन्न भन्नेहरू ३% रहेका छन् ।

**तालिका नं. ११. नेपालमा खेलकुद विश्वविद्यालय आवश्यकता नपर्ने कारणहरू (N=७३)**

| सहभागीबाट प्राप्त उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भएकै विश्वविद्यालय वा खेलकुद विषय राम्ररी चलेका छैनन् । | ६२ | ८५ |
| खेलकुद विश्वविद्यालय वा विषयका लागि पर्याप्त प्राध्यापक र प्रशिक्षक छैनन् । | ६३ | ८६ |
| खेलकुद विश्वविद्यालयका लागि आवश्यक पूर्वाधार (खेल मैदान, कभर्ड हल, आर्थिक स्रोत इत्यादि) छैनन् । | ६९ | ९५ |
| खेलकुद विषय एक नपढे पनि हुने विषय हो । | २० | २७ |

स्रोतः सर्वेक्षण, २०७८

छुट्टै विश्वविद्यालय चाहिन्न अहिले भइरहेकै विश्वविद्यालयहरूमा खेलकुद विषय पठनपाठन गराउँदा ठीक हुन्छ भन्ने उत्तरदाताहरूलाई सर्वेक्षणमा किन खेलकुद विषय पढाएर मात्र पुग्छ ? भनेर थप

प्रश्न गरिएको थियो । सहभागी उत्तरदाताहरूले भइरहेकै विश्वविद्यालयहरू राम्ररी चलेका छैनन् (८५%), खेलकुद विश्वविद्यालयका लागि आवश्यक पूर्वाधार नै छैनन् (९५%) र पर्याप्त प्राध्यापक र प्रशिक्षक छैनन् (८६ %) भन्ने जवाफ दिएका छन् । खेलकुद एउटा नपढे पनि हुने विषय हो भन्ने उत्तरदाताहरू एकदमै थोरै २७ %मात्र रहेका छन् ।

**(ग) खेलकुद पूर्वाधारको कमी**

अन्तर्वार्ता तथा सर्वेक्षणमा सहभागीहरूले नेपालमा खेलकुद विश्वविद्यालय स्थापना गर्नुपूर्व यसका लागि आवश्यक पर्ने पूर्वाधारको विकास गरिनुपर्ने बताएका छन् । उनीहरूले खेल मैदान, खेलकुद सामग्री, उपयुक्त कभर्डहलहरू आदिलाई पूर्वाधारका रूपमा लिएका छन् । नेपालमा खेलकुद विश्वविद्यालयको तत्काल औचित्य छैन भन्ने समुहका सहभागीहरूले विद्यालय स्तरमै पूर्वाधार नभएको अवस्थामा विश्वविद्यालयका लागि सहजै पूर्वाधार तयार हुननसक्ने बताएका छन् (पारस खड्का, सिद्धार्थ विक्रम पाण्डे, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

**(ङ) नीतिगत तथा रणनीतिगत स्पष्टताको अभाव**

अन्तर्वार्तामा सहभागीहरूले खेलकुद विश्वविद्यालय स्थापना गर्ने नेपाल सरकारसँग स्पष्ट दृष्टिकोण, नीति तथा रणनीति नभएको बताएका छन् । अन्तर्वार्तामा सहभागी एक खेलकुद पत्रकारका अनुसार अहिलेको अवस्थामा समाजमा खेलकुदबारे चेतना कमी रहेको छ यस्तो परिस्थितिमा खेलकुद विश्वविद्यालयको कुरा सपनाको कुराजस्तो हुनसक्छ (सुभाष हुँमागाईं, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । नेपाल सरकारका एक पूर्व प्रशासकका अनुसार नेपालमा धेरै मान्छेलाई खेलकुद भनेको पढ्ने विषय नै होइन, खेले भइहाल्यो नि भन्ने छ । त्यसकारण सरकारले अहिले नै खेलकुदमा उच्च शिक्षालयको योजना ल्याउनुभन्दा पनि खेलकुदको आवश्यकता तथा महत्त्व जगाउने खालको नीति तथा रणनीति लागु गर्नु बुद्धिमानी हुन्छ (केदार न्यौपाने, कुलबहादुर थापा, पुरु कट्टेल, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

सहभागीहरूका अनुसार नेपालमा भर्खरैमात्र चिकित्सा शास्त्रका विश्वविद्यालय खोलिँदैछन् । त्यस्तै बौद्ध धर्मबारे अध्ययन तथा अनुसन्धान गर्न बौद्ध विश्वविद्यालय स्थापना भएको त्यति धेरै भइसकेको छैन । स्थापना भएका विश्वविद्यालयहरू पनि राजनीतिक खिचातानी, आवश्यक स्रोत साधनको अभाव र विद्यार्थी अभावको मारमा परेका छन् । त्यसकारण नयाँ विश्वविद्यालयबारे निर्णय लिनुपूर्व किन, कुन प्रयोजन र कुन लक्ष्यका लागि यो चाहिएको हो सोको पुष्टि गर्नुपर्ने सहभागीहरूको भनाइ रहको छ (पारस खड्का, सिद्धार्थ विक्रम पाण्डे, केदार न्यौपाने, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

### (घ) खेलकुद विश्वविद्यालयको दिगोपनाको आशङ्का

नेपालमा खेलकुद विश्वविद्यालयको तत्काल औचित्य छैन भन्ने समूहका प्रायः सबै सहभागीहरूले नेपाल सरकारले नयाँ विश्वविद्यालयका रूपमा खेलकुद विश्वविद्यालय स्थापना गरेतापनि त्यो दिगोरूपमा सञ्चालन हुनेमा आशङ्का व्यक्त गरेका छन् । उनीहरूका अनुसार दिगोपनालाई असर गर्ने प्रमुख कुरा भनेको राजनीतिकरण हो (केदार न्यौपाने, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । दोस्रो कुरा भनेको विद्यार्थीको सङ्ख्या हो । यसअनुसार सुरुका केही वर्ष विद्यार्थीहरूले खेलकुद विषय पढ्न रुचि देखाएतापनि बिस्तारै त्यो घट्न सक्छ । यसको कारणमा उनीहरूले विश्वविद्यालयबाट उत्पादित जनशक्तिले रोजगारी पाउने ठाउँ (work places) सीमित हुनुलाई बताएका छन् (पारस खड्का, पुरु कट्टेल, व्यक्तिगत अन्तर्वार्ता, २०७८) । नेपालको खेलकुद बजार सानो हुने र यहाँ उच्चशिक्षा हासिल गर्ने जनशक्तिले अन्तर्राष्ट्रिय बजारमा रोजगारी पाउने सम्भावना कम हुने हुँदा विद्यार्थीको आकर्षण क्रमशः घट्न सक्ने उनीहरूको भनाइ छ (सिद्धार्थ विक्रम पाण्डे, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

सहभागीहरूले नेपालमा सञ्चालनमा आएका अन्य विश्वविद्यालयहरू समेत बेरोजगार उत्पादन गर्ने निकाय बनिरहेको अवस्थामा खेलकुदजस्तो प्राविधिक विषय पढेको जनशक्ति झनै काम विहीन हुनसक्ने शङ्का व्यक्त गरेका छन् । अर्कोतर्फ खेलकुदको उपलब्धि मुख्यतः नियमित तालिम तथा अभ्यासमा भरपर्ने भएकाले उच्च शिक्षा हासिल गर्दैमा पदक जित्न सकिन्छ भन्ने भ्रम मात्र रहको सहभागीहरूको भनाइ रहेको छ (पारस खड्का, पुरु कट्टेल, व्यक्तिगत अन्तर्वार्ता, २०७८) ।

# अध्याय तीन : निष्कर्ष, सुझाव तथा सिफारिस

## ३.१ निष्कर्ष

नेपालमा खेलकुद विश्वविद्यालयको सम्भाव्यता अध्ययनसम्बन्धी यो प्रतिवेदन तयार पार्न माग र आपूर्ति (Demand and supply) को अवधारणा लागू गरि अन्तर्वार्ता र सर्वेक्षण विधि मार्फत तथ्याङ्क संकलन गरिएको थियो । यस सम्बन्धि निष्कर्षलाई अध्ययनका उद्देश्य बमोजिम यहाँ प्रस्तुत गरिएको छ ।

### ३.१.१ नेपालमा खेलकुद शिक्षण तथा प्रशिक्षणका सन्दर्भमा

यो अध्ययन नेपालमा खेलकुद प्रशिक्षणका सन्दर्भमा सन्तोषजनक अवस्था नरहेको निष्कर्षमा पुगेको छ । अध्ययनको नतिजाअनुसार नेपालमा खेलकुद प्रशिक्षणमा राष्ट्रिय खेलकुद परिषद्, विभिन्न खेलकुद सङ्घहरू र सरकारी क्लबहरू संलग्न रहेका छन् । यी निकायहरूले सञ्चालन गर्ने प्रशिक्षण नियमित रहेको छैन । प्रशिक्षणका लागि आवश्यक पाठ्यक्रम या निर्देशिका पनि तयार भएको पाइँदैन । प्रशिक्षणकै लागि भनेर राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत स्थापना भएको नेपाल खेलकुद विज्ञान प्रतिष्ठानमा जनशक्ति, आर्थिक स्रोत र योजनाको अवस्था दयनीय रहेको छ । अर्कातर्फ खेलकुद प्रतियोगिता आयोजना हुने समय नजिक हुँदामात्र प्रशिक्षण तयारी गर्ने गरिएको छ । प्रशिक्षणका लागि पुग्दोमात्रामा पूर्वाधार नरहेको र भएकै पूर्वाधारको पनि उचित प्रयोग नभएको देखिन्छ ।

### ३.१.२ नेपालमा खेलकुद जनशक्ति, पूर्वाधार तथा आर्थिक लगानीका सन्दर्भमा

नेपालमा खेलकुद क्षेत्रको प्रशिक्षका जनशक्तिको अवस्था भने सन्तोषजनक रहेको छ । राष्ट्रिय खेलकुद परिषद्, विभिन्न खेलकुद सङ्घहरू, विभागीय क्लबहरू र अनौपचारिक क्षेत्रमा आबद्ध प्रशिक्षक जनशक्तिको अनुमानित सङ्ख्या १००० रहेको छ । यी जनशक्तिमध्ये अधिकांश भारतबाट तालिम लिएर आएका छन् भने केही नेपालमै विभिन्न खेलमा विशिष्टता हासिल गरेका खेलाडीहरू रहेका छन् । यो जनशक्तिलाई विद्यालयदेखि उच्च तहको खेलकुद शिक्षा र प्रशिक्षणमा आवश्यकताबमोजिम परिचालन गर्न सकिने देखिन्छ ।

नेपालमा खेलकुद पूर्वाधारको अवस्था मिश्रित रहेको छ । एकातर्फ सरकारी स्वामित्वमा रहेका (राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत) पूर्वाधारको सङ्ख्या र वितरण हेर्ने हो भने अवस्था सन्तोषजनक देखिन्छ । तर तिनको मर्मत, सम्भार र परिचालनको स्थिति भने अत्यन्तै दयनीय रहेको छ । सार्वजनिक तथा सामुदायिक विद्यालयहरूमा खेलकुदका लागि भौतिक पूर्वाधारको अवस्था

राम्रो रहेको छ भने निजी विद्यालय तथा क्याम्पसहरूमा कमजोर रहेको छ । साथसाथै पूर्वाधार निर्माण तथा विकासमा निजी तथा सामुदायिक संलग्नता बढ्दै गएको छ ।

नेपालमा खेलकुद शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्यले आर्थिक योजना तर्जुमा गरिएको पाइँदैन । जति पनि खेलकुद क्षेत्रमा नेपाल सरकारले बजेट वितरण गरेको छ त्यसको करिब सम्पूर्ण हिस्सा खेलकुद आयोजना, व्यवस्थापन र प्रशासनिक काममा मात्र खर्च हुने गरेको छ । विद्यालय तथा विश्वविद्यालय तहको खेलकुद शिक्षणमा नेपाल सरकारको आर्थिक लगानी उल्लेखनीय देखिँदैन । उच्च तहको खेलकुद शिक्षामा नेपालका सरकारको लगानी प्राथमिकता परेको छैन । विद्यालय तहमा छुट्टै खेलकुद विषयक शिक्षकको दरबन्दी कायम नहुनुले पनि यसलाई पुष्टि गर्दछ ।

### ३.१.३ नेपालमा खेलकुद विश्वविद्यालय स्थापनाको सन्दर्भमा

प्राप्त तथ्याङ्कको अध्ययन तथा विश्लेषण गर्दा यो अध्ययन नेपालमा खेलकुद विश्वविद्यालयको सैद्धान्तिक रुपमा माग रहेतापनि आपूर्ति पक्ष भने कमजोर अवस्थामा रहेकोले तत्कालका लागि नेपालमा खेलकुद विश्वविद्यालयको औचित्य छैन भन्ने निष्कर्ष यसको रहेको छ । यो निष्कर्षमा पुग्न अन्तर्वार्ता र सर्वेक्षण दुवै विधिबाट प्राप्त नतिजा र द्वितीयक स्रोतको विश्लेषणलाई समेत आधार लिइएको छ ।

अन्तर्वार्तामा सहभागीहरुमध्ये प्रायः सबैले खेलकुद विश्वविद्यालयको सम्भावना रहेको कुरा औंल्याए पनि त्यसको औचित्यका सन्दर्भमा भने केहीले फरक विचार प्रस्तुत गरेका थिए । उनीहरुको मुख्य तर्क नेपालमा खेलकुद शिक्षाका बारेमा थियो । त्यसका लागि विद्यालय तहमा खेलकुद विज्ञान बिषय पठनपाठन गराउनु पर्नेमा उनीहरुको जोड रहेको थियो । अन्तर्वार्तामा सहभागी प्रायः सबैले विश्वविद्यालयका लागि पूर्वाधार, जनशक्ति र लगानी हाल अपर्याप्त रहेको बताएका थिए । विश्वविद्यालय संचालन गर्न भएका पूर्वाधारको स्तरोन्नती, जनशक्तिको व्यबस्थापन र लगानी वृद्धि गर्नुपर्नेमा सबै सहमत रहेका थिए । त्यस्तै सर्वेक्षणमा सहभागी अधिकांशले नेपालमा खेलकुद विश्वविद्यालयको आवश्यकता रहेको बताएपनि त्यसको संचालन गर्न पूर्वाधार, जनशक्ति र आर्थिक व्यबस्थापनलाई शर्तका रुपमा राखेका थिए (हे. तालिका नं १०) ।

नेपालको भुगोल, प्रकृति, हावापानी र सामाजिक विविधताका सकारात्मक पक्षका आधारमा खेलकुद विषय उच्च शिक्षाका लागि उपयुक्त हुने देखिन्छ । त्यस्तै खेल अनुसन्धान, विकास तथा जनशक्ति प्रशिक्षणका लागि पनि विश्वविद्यालयजस्ता निकायहरूको औचित्य पुष्टि हुन्छ । खेलकुद प्रशासन तथा व्यवस्थापनका लागि सरकारी तथा निजी सङ्घ संस्थाहरूलाई आवश्यक पर्ने

जनशक्तिको आपूर्ति गर्न विश्वविद्यालय स्तरमा खेलकुदलाई समेट्नुपर्ने देखिन्छ । खेलकुदको विकास तथा प्रवर्द्धनमार्फत् आर्थिक परिचालन भई राष्ट्रिय आम्दानी पनि बढ्ने देखिन्छ ।

व्यावहारिक आधारमा भने नेपालमा खेलकुद विज्ञान बिषय अध्यापन गर्ने गराउने जनशक्तिको कमी हुनु, पूर्वाधार प्रभावकारी नहुनु, हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूको अवस्था र खेलकुद विषय अध्ययन गरेको जनशक्तिको लागि पुग्दो बजार नहुनजस्ता कारणहरूले गर्दा नेपालमा तत्कालै खेलकुद विश्वविद्यालय स्थापना गरिएको अवस्थामा त्यो दिगो नुहुने सङ्केत मिल्दछ ।

नेपालमा खेलकुदको विबाससम्बन्धि सबैभन्दा महत्त्वपूर्ण प्रश्न भनेको खेलकुद विश्वविद्यालय कि खेलकुद शिक्षा भन्ने नै हो । अध्ययनको नतिजाअनुसार नेपालमा तत्कालका लागि खेलकुद शिक्षा अपरिहार्य छ, विश्वविद्यालय होइन । त्यसकारण तत्कालका लागि प्राथमिक तथा माध्यमिक तहमा खेलकुद विज्ञान विषयक शिक्षा अनिवार्य गर्नु उपयुक्त हुन्छ । त्यसपछि क्रमशः उच्च माध्यमिक र विश्वविद्यालय तहमा यसको विकास गर्दै लैजानु आवश्यक छ ।

### ३.१.४ खेलकुद विश्वविद्यालयका लागि सम्भावित बिषय क्षेत्रका सम्बन्धमा

खेलकुद विश्वविद्यालयका विद्यार्थी तथा अनुसन्धानकर्ताहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउन र उनीहरूको पहिचानलाई कायम गर्न खेलकुद विश्वविद्यालयको पाठ्यक्रममा पनि विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने र वैज्ञानिक तथा व्यवहारिक विषयक्षेत्रहरूलाई समावेश गरेको हुनु पर्दछ । खेल विश्वविद्यालयको स्थापनामा समावेश सम्भावित खेलकुदसँग सम्बन्धित विषयक्षेत्रहरू निम्न हुन सक्ने सम्भावना देखिन्छ :

**(क)** खेलकुद चिकित्सा (Sport Medicine) (ख) खेलकुद मनोविज्ञान (Sport Psychology)

(ग) गतिविज्ञान (Kinesiology) (घ) खेलकुद प्रशिक्षण (Sport Training),

(ङ) एथलेटिक्स (Athletics), (च) कसरत क्रियाविज्ञान (Exervise physiology),

(छ) जीवयान्त्रिकी (Biomechanics), (ज) खेलकुद चिकित्सा (Sport Medicine),

(झ) खेलकुद समाजशास्त्र (Sport Sociology), (ञ) खेलकुद प्रशिक्षण (Sport Training

(ट) खेलकुद व्यवस्थापन (Sport Management)

(ठ) खेलकुद व्यवस्थापन खेलकुदमा शारीरिक मापन (Anthropometric measurement),

(ड) योगविज्ञान र शारीरिक तन्दुरुस्ती (Yog Science and physical fitness),

(ढ) खेलहरू (Games) (ब्याटमिन्टन, टेबलटेनिस, क्रिकेट, खो खो, कबड्डी, कराँते, तेक्वान्डो, जुडो, पौडी )

(ण) फरक क्षमता भएकाहरूलाई खेलकुद (Athletes for differently able people)

## ३.२ सुझाव तथा सिफारिस

यस अध्ययनमा नेपालमा खेलकुद विश्वविद्यालयको स्थापनाको सम्भाव्यताका सम्बन्धमा उच्च तहमा खेलकुद शिक्षाको माग र त्यसको आपूर्तिका आधारको खाकाअनुरूप अनुसन्धान अगाडि बढाइएको थियो । अध्ययनबाट प्राप्त तथ्याङ्कको विश्लेषण पछि आएको निष्कर्षका आधारमा निम्नबमोजिम सुझाव तथा सिफारिस गरिएको छ :

### (क) समग्र खेलकुद शिक्षासम्बन्धी सुझाव

(अ) नेपालमा खेलकुद शिक्षाको प्रवर्द्धन गर्न प्राथमिक तहदेखि नै खेलकुद विज्ञान (Sports Science) विषय पठनपाठन तथा अभ्यास गराउनु आवश्यक देखिन्छ ।

(आ) विद्यालय र उच्च माध्यमिक तहमा खेलकुद विज्ञान विषयको शिक्षक र प्रशिक्षकको दरबन्दी कायम गर्नु आवश्यक देखिन्छ ।

(इ) देशमा विद्यमान खेलकुद पूर्वाधारको उचित संरक्षण, मर्मत तथा सम्भार गर्नु पर्ने देखिन्छ । साथै नयाँ पूर्वाधारका लागि समयमै जमिन तथा स्थान निर्धारण गर्ने, समुदाय, विद्यालय तथा विश्वविद्यालयहरूको स्वामित्वमा भएका खेल पूर्वाधारको उचित संरक्षण गर्नुपर्ने देखिन्छ ।

(ई) खेलकुद विकासका लागि सरोकारवाला निकाय तथा सङ्घ संस्थाहरूले क्यालेण्डर बनाई खेलकुद तालिम तथा प्रशिक्षण नियमितरूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### (ख) नेपालमा खेलकुद विश्वविद्यालयको सम्भाव्यतासम्बन्धी सुझाव

नेपालमा खेलकुद अध्ययन, अनुसन्धान र विकासको विद्यमान स्थितिमा सुधार तथा रूपान्तरण गरी आर्थिक समृद्धि र सामाजिक समावेशी विकासको लक्ष्य हासिल गर्न उच्च तहमा ( स्नातक तथा स्नातकोत्तर तह) खेलकुद विज्ञान विषय पठनपाठन गराउनका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

(अ) नेपालमा खेलकुद विज्ञान विश्वविद्यालय स्थापना गर्नु उपयुक्त हुने । खेलकुद विश्वविद्यालय Deemed University (कुनै क्याम्पस या कलेजलाई सम्बन्धन नबाँड्ने) को रूपमा मात्र सञ्चालन गर्ने,

(आ) खेलकुद विज्ञान विश्वविद्यालय स्थापनाका सम्बन्धमा प्राविधिक तथा प्राज्ञिक अध्ययन गरी सुझाव पेश गर्न सम्बन्धित बिषय क्षेत्रका विज्ञ सम्मिलित एक समिति निर्माण गर्ने । समितिले खेलकुद विज्ञानसँग सम्बन्धित जनशक्ति, पूर्वाधार र लगानीका आधारसम्बन्धी अध्ययन गर्ने । समितिले अध्ययनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण समेत गर्ने,

(इ) खेलकुद विज्ञान विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्नु पूर्व उपरोक्त समिति समेतको परामर्शमा आवश्यक ऐन, कानुन, नीति तथा नियमहरु तर्जुमा गरेको हुनुपर्ने,

(ई) खेलकुद विज्ञान विश्वविद्यालय सञ्चालन गर्नु पूर्व उपरोक्त समिति समेतको परामर्शमा आवश्यक भौतिक पूर्वाधार, जनशक्ति र वित्तिय स्रोतको व्यबस्थापन सुनिश्चित गरेको हुनुपर्ने,

(उ) 'आ' अनुसार गठन भएको समितिले राष्ट्रिय तथा अन्तराष्ट्रिय अन्य विज्ञहरु समेतको सहभागितामा खेलकुद विज्ञान विषयको स्नातक र स्नातकोत्तर तहको पाठ्यक्रम तयार गर्ने । विभिन्न तहका नन क्रेडिट पाठ्यक्रमहरू पनि निर्माण गर्ने । व्यावहारिक कक्षाका लागि अधिकतम आवश्यक पूर्वाधारसहितको खेलकुद विश्वविद्यालय भवन निर्माणका लागि उपयुक्त स्थान निर्धारण गर्ने,

(ऊ) विश्वविद्यालयका लागि पदाधिकारी चयन र आवश्यक शैक्षिक तथा प्रशासनिक जनशक्तिको पूर्तिपश्चात् स्नातक र स्नातकोत्तर तहमा भर्ना आह्वान गर्ने । स्नातक तहमा खुलारूपमा र स्नातकोत्तर तहमा बढीमा २५ जनामा विद्यार्थी भर्ना लिने,

(ए) खेलकुद विज्ञान विश्वविद्यालय सञ्चालन तथा अध्ययन अध्यापनमा सहजताका लागि विश्वविद्यालय सुचारू हुनु अगावै उपर्युक्त स्थानमा केही समय खेलकुद कलेज (Sports College) सञ्चालन गरेमा प्रभावकारी हुने,

(ऐ) Deemed University का रूपमा खेलकुद विज्ञान विश्वविद्यालय स्थापना भएको ५ वर्षपछि देशका अन्य प्रदेशमा बढीमा एउटा खेलकुद विज्ञान कलेज स्थापना गर्दा उपयुक्त हुने ।

# सन्दर्भसूची


Canedy, S. H. (2020, November 5). The power of sports as public diplomacy. *The Fletcher Forum of World Affairs*. Retrieved 9/ 6, 2021, from http://www.fletcherforum.org/the-rostrum/2019/11/4/how-sports-diplomacy

Collins, N. K. (2028). Effects of Early Sport Participation on Self-esteem and Happiness. *The Sports Jounral,* Vol. 24, 11 January 2018.

Creswell, J. W. (2014). *Research design.* Sage.

Demirhan, G. & Bulea, Y. (2012). Physical education in higher education. *Sports Science and Physical Education, Vol. 1.* Retrieved 1/10/2022 from https://www.eolss.net › sample-chapters

European Commission (2012). Study on the contribution of sports to economic growth and employment in EU. Poland: European Commission, Directorate-General Education and Culture. Retrieved 1/9/2022 from https://ec.europa.eu/assets/eac/sport/library/studies/study-contribution-spors-economic-growth-final-rpt.pdf.

Lucetta Tsai, C. & Jhou, L. (2016). The history of sport and physical education in China. *World Leisure Journal,* DOI: 10.1080/16078055.2016.1216888

Malm, C., Jakobsson, J., & Isaksson, K. (2019). *Sports, 7 (127).* Retrieved 9 6, 2021, from https://doi:10.3390/sports7050127

National Institute of Sports Science, SriLanka http://niss.gov.lk/

Padhi, B. (2011). Sports diplomacy: South Africa and Fifa 2010. *Insight in Africa, 3*(1). Retrieved 9 6, 2021, from https://doi.org/10.1177/0975087814411132

Rick, August (17 January, 2018). China's Sports Industry Is Allegedly Growing Faster Than The National Economy, *Forbes.* Retrieved 1/9/2022 from https://www.forbes.com/sites/augustrick/2018/01/17/chinas-sports-industry-is-allegedly-growing-faster-than-the-national-economy/

Sharma, M. (2016, October 4). Gandhi, the good sport. *Times of India*. Retrieved 9 7, 2021, from https://timesofindia.indiatimes.com/blogs/parthian-shot/gandhi-the-good-sport/

Sahu, G. S. & Panghal, P. K. (2020). Physical education and sports: A career option in India. *Indian Journal of Sports, Physical Education and Applied Sciences, 10 (1), January 2020.*

Sports in America/Schools and Colleges. Retrieved 1/10/2022 from https://usa.usembassy.de/sports-youth.htm#

*Sport has the power to change the world*. (2021, April 6). The global goals of sustainable development. Retrieved 9 6, 2021, from https://www.globalgoals.org/news/sport-for-development-and-peace

Thurmond, R.C. (1976). The history of sport and physical education as a field of study in higher education. Retrieved 1/10/2022 from https://shareok.org › bitstream › handle

United Nations. (NA, NA NA). Sport for the sustainable development Goals. Retrieved 9 7, 2021, from https:/www.un.org/sport/sites/www.un.org.sport/files/ckfiles/files/Sport_for_SDGs_finalversion9.pdf

UWI (NA). Value and benefits of sports industry. The University of West Indies. Retrieved 1/9/2022 from https://www.uwi.edu/uop/sites/uop/files/Value%20and%20benefits%20of%20the%20Sport%20Industry.pdf

https://www.lawcommission.gov.np

https://www.moys.gov.np

http://www.neb.gov.np/uploads/photos/fgirq8aAX9160808093252.pdf

https://www.rju.edu.np/index.php

https://lbu.edu.np/about-us/

चालिसे, महेन्द्र, (२०७७), नेपालमा खेलकुदको इतिहास ।

नेपालको संविधान, (२०७२), काठमाडौः कानुन किताब व्यवस्था समिति ।

नेपाल स्काउट ऐन, (२०५०), काठमाडौः कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार, विभिन्न आवधिक योजनाहरू

पन्ध्रौं योजना (आ.व. २०७६/७७ (२०८०-८१), राष्ट्रिय योजना आयोग ।

पाँडे, भिमबहादुर (२०६५). त्यस बखतको नेपाल, राणाकालीन आखिरी तीन दशक. काठमाडौँः लेखक स्वयम् ।

माध्यमिक शिक्षा पाठ्यक्रम, २०७६ (खेलकुद विज्ञान),पाठ्यक्रम विकास केन्द्र ।

राष्ट्रिय खेलकुद नीति, (२०६७), नेपाल सरकार ।

राष्ट्रिय खेलकुद विकास ऐन, (२०७७), काठमाडौः कानुन किताब व्यवस्था समिति ।

राष्ट्रिय युवा परिषद् ऐन, (२०७२), काठमाडौः कानुन किताब व्यवस्था समिति ।

राष्ट्रिय युवा नीती, (२०७२), नेपाल सरकार ।

# परिशिष्ट